# भद्रकुमारी घलेको निबन्धकारिता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर दोस्रो वर्षको दसौं
पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी
सोमकुमार श्रेष्ठ
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०७०

भद्रकुमारी घलेको निबन्धकारिता, - सोमकुमार श्रेष्ठ २०७०

**त्रिभुवन विश्वविद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि छात्र श्री सोमकुमार श्रेष्ठले **भद्रकुमारी घलेको निबन्धकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७०।०४।०१

.........................................
**प्रा.डा. राजेन्द्रप्रसाद पौडेल**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र सोमकुमार श्रेष्ठले स्नातकोत्तर तह दोस्रो वर्ष, दसौं पत्रको प्रयोजका लागि तयार पार्नु भएको **भद्रकुमारी घलेको निबन्धकारिता** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. **प्रा.डा. देवीप्रसाद गौतम** ...........................
विभागीय प्रमुख

२. **प्रा.डा. राजेन्द्रप्रसाद पौडेल** ...........................
शोधनिर्देशक

३. **प्रा. केशव सुवेदी** ...........................
बाह्य परीक्षक

मिति : २०७०/०४/१०

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनार्थ तयार पारिएको हो । शोध कार्य गर्नु गहन विषय भएको हुनाले यसका लागि निकै मिहिनेत र लगनशीलताका साथै सर सल्लाह र सहयोगको आवश्यकता पर्दछ । तसर्थ यस कार्यमा मलाई आफ्नो अमूल्य सुझाव, सहयोग र समय दिने प्राज्ञजन, आत्मीय जन र सङ्घ संस्था सबै प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

सर्वप्रथम त मलाई यस धर्तीमा जन्म दिएर शिक्षाको ज्योतिले मेरो भविष्य उज्ज्वल बनाउनलाई आफ्नो कर्तव्य ठान्दै पठन पाठनतर्फ उत्प्रेरित गर्नु हुने आदरणीय आमाबुबाप्रति सभक्ति कृतज्ञता ज्ञापन गर्दछु । उहाँहरूको माया र प्रेरणा, प्रोत्साहन, सहयोग र आशीर्वादले नै म यहाँ सम्म आउन सफल भएको हुँ भन्ने लागेको छ ।

यसैगरी आफ्नो कार्य व्यस्तताका बिच पनि यथेष्ट अमूल्य सुझाव र कुशल मार्ग निर्देशन गरी यस शोध पत्रलाई पूर्णता दिन सहयोग गर्नु हुने आदरणीय शोध निर्देशक गुरु प्रा.डा. राजेन्द्रप्रसाद पौडेलप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्यका लागि स्वीकृति प्रदान गरी सहयोग प्रदान गर्ने विभागीय प्रमुख तथा आदरणीय गुरु प्रा.डा. देवीप्रसाद गौतम र नेपाली केन्द्रीय विभाग प्रति पनि कृतज्ञ छु ।

यसैगरी यो शोधपत्र तयार पार्दा आवश्यक सामाग्री उपलब्ध गराई दिने त्रि.वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुरका कर्मचारीप्रति आभारी छु । यसै गरी यस शोधपत्रलाई छिटो, छरितो तथा शुद्ध रुपमा टङ्कण गरी सहयोग गर्नुहुने युनिभर्सल कम्प्युटरका दाजु सुवास खत्रीप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा **भद्रकुमारी घलेको निबन्धकारिता** शीर्षकको प्रस्तुत शोध पत्र आवश्यक उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।

शोधार्थी

..........................

**सोमकुमार श्रेष्ठ**
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं

मिति : २०७०/०४/०१

# विषय सूची

## परिच्छेद - एक

## शोध परिचय

| | |
|---|---|
| | पृष्ठ १-९ |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधको उद्देश्यहरू | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधकार्यको औचित्य | ७ |
| १.६ शोधकार्यको सीमाङ्कन | ८ |
| १.७ शोधविधि | ८ |
| १.८ शोधकार्यको रूपरेखा | ८ |

## परिच्छेद - दुई

## निबन्धकार भद्रकुमारी घलेको परिचय

| | |
|---|---|
| | १०-३१ |
| २.१ पुर्ख्यौली सन्दर्भ | १० |
| २.१.१ जन्म, जन्मस्थान र बाल्यकाल | १० |
| २.१.२ शिक्षादीक्षा | १० |
| २.१.३ पारिवारिक स्थिति | ११ |
| २.१.४ व्यक्तिगत रुचि तथा स्वभाव | १२ |
| २.१.५ साहित्य प्रेरणा र लेखनको आरम्भ | १४ |
| २.१.६ सामाजिक सेवा | १५ |
| २.१.७ मान, पदवी र पुरस्कार | १७ |
| २.१.८ भ्रमण | १८ |

२.१.९ निबन्धकार घलेका प्रकाशित कृतिहरू १८
२.२ व्यक्तित्व २०
२.२.१ बाह्य तथा आन्तारिक व्यक्तित्व २०
२.२.२ साहित्यकार व्यक्तित्व २१
२.३ उपसंहार ३१

## परिच्छेद तीन

## नेपाली निबन्धको विकासक्रम र भद्रकुमारी घलेको निबन्धकारिता

३२-६१

३.१ निबन्धको व्युत्पत्ति र अर्थ ३२
३.१.१ निबन्ध सम्बन्धी पूर्वीय दृष्टिकोण ३२
३.१.२ निबन्ध सम्बन्धी पाश्चात्य दृष्टिकोण ३३
३.२ निबन्धको परिभाषा ३४
३.२.१ पाश्चात्य विद्वान्हरूका विचारमा निबन्ध ३४
३.२.२ पूर्वीय विद्वान्हरूका विचारमा निबन्ध ३५
३.३ निबन्धका त□वहरू ३६
३.३.१ वस्तु ३६
३.३.२ शैली ३७
३.३.३ उद्देश्य ३७
३.३.४ निबन्धको वर्गीकरण ४०
३.४.१ आत्मपरक निबन्ध ४०
३.४.२ वस्तुपरक निबन्ध ४४
३.५. नेपाली निबन्धको विकासक्रम र निबन्धकार भद्रकुमारी घलेको निबन्ध यात्रा ४५
३.५.१ नेपाली निबन्धको इतिहास ४५
३.५.२ प्राथमिक काल (१८३१-१९५७) ४६
३.५.३ माध्यमिक काल (१९५८-१९९१) ४७
३.५.४ आधुनिक काल (१९९२- हालसम्म ) ४९

३.५.४.१ पहिलो चरण (१९९२-२००३) ४९

३.५.४.२ दोस्रो चरण (२००४, २०१९) ५१

३.५.४.३ तेस्रो चरण (२०२०-हालसम्म) ५२

३.६ निबन्धकार भद्रकुमारी घलेको निबन्ध यात्रा ५५

३.६.१ प्रथम चरण (२०४५-२०६१) ५६

३.६.२ दोस्रो चरण (२०६२-२०६७) ५७

३.६.३ तेस्रो चरण (वि.स. २०६८- हालसम्म) ५८

३.७ निष्कर्ष ५९

३.८ निबन्धकार भद्रकुमारी घलेको योगदान र स्थान ५९

**परिच्छेद - चार**

**भद्रकुमारी घलेका पहिलो चरणका निबन्ध सङ्ग्रहको विश्लेषण** **६२-७१**

४.१ 'राष्ट्रिय चिन्तन' निबन्ध सङ्ग्रहको विश्लेषण ६२

४.२ 'समय दृष्टि' निबन्ध सङ्ग्रहको विश्लेषण ६४

४.३ 'सृष्टिका धरोहर नारी' निबन्ध सङ्ग्रहको विश्लेषण ६८

**परिच्छेद - पाँच**

**भद्रकुमारी घलेका द्वितीय चरणका निबन्ध सङ्ग्रहको विश्लेषण** **७२-९७**

५.१ 'आइमाई हिजो आज भोलि' निबन्ध सङ्ग्रहको विश्लेषण ७२

५.२ 'राष्ट्र र राष्ट्रियता' निबन्ध सङ्ग्रहको विश्लेषण ७६

५.३ 'अहिलेको परिस्थिति' निबन्ध सङ्ग्रहको विश्लेषण ८०

५.४ 'आजको मेरो मन' निबन्ध सङ्ग्रहको विश्लेषण ८२

५.५ 'जीवन र समाजसेवा' निबन्ध सङ्ग्रहको विश्लेषण ८८

५.६ 'मेरो जीवन यात्रा' निबन्ध सङ्ग्रहको विश्लेषण ९१

५.७ 'नेपाल र आजको स्थिति' निबन्धसङ्ग्रहको विश्लेषण ९४

## परिच्छेद - छ

## भद्रकुमारी घलेका तृतीय चरणका निबन्ध सङ्ग्रहहरुको विश्लेषण

**९८-१२५**

६.१ 'राष्ट्रिय सम्पदा' निबन्ध सङ्ग्रहको विश्लेषण ९८

६.२ 'आजको माहोल' निबन्ध सङ्ग्रहको विश्लेषण १०३

६.३ 'मान्छे मान्छे बनौँ' निबन्ध सङ्ग्रहको विश्लेषण १०७

६.४ 'घलेको इतिहास' ऐतिहासिक निबन्ध सङ्ग्रहको विश्लेषण १११

६.५ 'चरम सीमामा' निबन्ध सङ्ग्रहको विश्लेषण १२१

## परिच्छेद - सात

## निबन्धकार भद्रकुमारी घलेको निबन्धात्मक प्रवृत्ति

**१२६-१२८**

७.१ निबन्धकार भद्रकुमारी घलेको निबन्धात्मक प्रवृत्ति १२६

## परिच्छेद - आठ

## उपसंहार तथा निष्कर्ष

**१२७-१२८**

८.१ उपसंहार १२९

**सन्दर्भ ग्रन्थ सूची**

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अप्र. | - | अप्रकाशित |
| डा. | - | डाक्टर |
| ते.सं. | - | तेस्रो संस्करण |
| दो.सं. | - | दोस्रो संस्करण |
| दि.सं. | - | दितीय संस्करण |
| छै.सं. | - | छैटौँ संस्करण |
| चौ.सं. | - | चौथो संस्करण |
| ने. रा. प्र. प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा.डा. | - | प्राध्यापक डाक्टर |
| प्रा. | - | प्राध्यापक |
| पृ. | - | पृष्ठ |
| वि.सं. | - | विक्रम संवत् |
| सम्पा. | - | सम्पादन |
| . . . | - | केही अंश छोडिएको |
| आ.सं. | - | आठौं संस्करण |
| चौ.सं. | - | चौथो संस्करण |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |

## परिच्छेद - एक

# शोध परिचय

## १.१ विषय परिचय

भद्रकुमारी घले (वि.सं. १९८८ काठमाडौँ डिल्लीबजार) ले कविता विधाबाट आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेकी हुन् । बाल्यकालदेखि नै संवेदनायुक्त कविताको रचना गर्न थालेकी घलेको नेपाली साहित्यका गीत, कविता, नाटक, निबन्ध, जीवनी, गजल, समीक्षा जस्ता विभिन्न विधा र उपविधामा केन्द्रित उनको साहित्यिक व्यक्तित्व खासगरी निबन्ध विधामा सर्वाधिक उर्वर रहेको छ । सत्र ओटाको सङ्ख्यामा प्रकाशित निबन्ध सङ्ग्रह र तिनमा अभिव्यक्त गुणात्मक मूल्यवत्ताले पनि यसको पुष्टि गर्दछ ।

घलेको निबन्धकार व्यक्तित्व वि. स. २०४५ देखि सार्वजनिक रूपमा प्रकाशमा आएको हो । २०४५ सालमा **राष्ट्रिय चिन्तन** शीर्षकको निबन्ध सङ्ग्रह प्रकाशित गरी निबन्ध यात्रा प्रारम्भ गर्ने उनका निबन्ध सङ्ग्रहहरू यस प्रकार रहेका छन् - **राष्ट्रिय चिन्तन (२०४५), समय दृष्टि (२०५९), राजसंस्थाप्रति नेपालीको आस्था (२०६२),सृष्टिका धरोहर नारी (२०६२), राष्ट्रिय चाडदशैँ (२०६१), जनजातिको नवजागरण (२०६१), आइमाई हिजोआज, भोलि (२०६२), आजको मेरो मन (२०६६), अहिलेको परिस्थिति (२०६६), राष्ट्र र राष्ट्रियता (२०६६), जीवन र समाज सेवा (२०६६), नेपाल र आजको स्थिति (२०६६), मेरो जीवन यात्रा (२०६६), म (२०६८), राष्ट्रिय सम्पदा (२०६८), आजको माहोल (२०६८), मेरो आँखामा म (२०६५), घलेको इतिहास (२०६८), मान्छे मान्छे बनौं (२०६८) र चरम सीमामा (२०६९)** । यसरी व्यापक विषयवस्तु समेटिएका सत्रवटा निबन्ध सङ्ग्रहको रचना र प्रकाशन गरिसकेकी घलेका निबन्धनात्मक रचनाहरू समसामयीकता, अनुभावनात्मकता वैचारीकता, वर्णनात्मकता, आत्मपरकता जस्ता निबन्धगत गुणले आलोकित छन् । जिज्ञासु स्वभावकी निबन्धकार भद्रकुमारी घलेले आफ्ना जीवनमा आइपर्ने जुनसुकै परिस्थिति र बिषयमा आधारित रही निबन्ध रचना गरेकी छन् । राष्ट्रियताको मुद्धालाई सशक्त रूपमा निबन्धनात्मक स्वरूप प्रदान गर्ने उनले सामाजिक, आर्थिक राजनैतिक, धार्मिक, साँस्कृतिक विषयवस्तुलाई प्रौढतापूर्वक

उठाएकी छिन् । मानव जीवनमा, वस्तुजगत र समाजको यथार्थपरक चित्रण गर्न रूचाउने घलेको निबन्धकार व्यक्तित्वबाट २०४५ साल पछिको नेपाली निबन्ध लेखन समृद्ध बनेको देखिन्छ । घलेको समग्र साहित्यिक व्यक्तित्वका बारेमा हालसम्म विभिन्न पत्र पत्रिका, संघसंस्था एवम् विद्वान्हरूले चर्चा परिचर्चा गरेका भए पनि उनले नेपाली निबन्ध क्षेत्रमा दिएको योगदान र निबन्धनात्मक कृतिहरूको पर्याप्त र व्यवस्थित अध्ययन नभएकोले यस शोधकार्यमा उनको निबन्धकारिताको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

नेपाली साहित्यकी बहुआयमिक प्रतिभा सम्पन्न भद्रकुमारी घले र उनको व्यक्तित्वका साथै साहित्यिक सन्दर्भ बारे विभिन्न पुस्तक र पत्रपत्रिकाहरूमा चर्चा भए पनि उनको समग्र निबन्धकारिताको अध्ययन हालसम्म भएको देखिँदैन । त्यसैले यस शोधकार्यमा उनको निबन्धकारिताको अध्ययन गर्नु प्रमुख समस्या रहेको छ । यसै केन्द्रीय समस्यासँग गाँसिएका समस्याहरू निम्न रहेका छन् :-

(क) भद्रकुमारी घलेको निबन्ध यात्रा के कस्तो छ ?

(ख) उनका निबन्धहरू के कस्ता छन् ?

(ग) उनका निबन्धात्मक प्रवृत्तिहरू के कस्ता रहेका छन् ?

## १.३ शोधको उद्देश्यहरू

यस शोधकार्यको प्रमुख उद्देश्य भद्रकुमारी घलेको निबन्धकारिताको अध्ययन गर्नु रहेको छ । यही मूल उद्देश्यसँग सम्बन्धित यस शोधकार्यको उद्देश्यहरू यस प्रकार रहेका छन् :-

(क) भद्रकुमारी घलेको निबन्धकारिताको परिचय दिनु,

(ख) उनका निबन्धहरूको सर्वेक्षण गर्नु,

(ग) उनका निबन्धगत प्रवृत्तिहरू ठम्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

भद्रकुमारी घलेको निबन्धकारिताका बारेमा हालसम्म विशद् अध्ययन भएको देखिदैंन । उनको निबन्धकारिताका बारेमा छुट्टै शोधपरक अध्ययन नभए पनि जीवनी व्यक्तित्व र कृतित्वका सन्दर्भमा एवम् विभिन्न पुस्तक र पत्रपत्रिकामा विद्वान्हरूले समीक्षा र टिप्पणी भने गरेका छन् । उनको निबन्धकार व्यक्तित्वका बारेमा अध्ययन गरिएका शोधपत्र, पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित कार्यहरूलाई यहाँ कालक्रमिक रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :-

कृष्णचन्द्रसिंह प्रधानले **राष्ट्रिय चिन्तन** (२०४५) निबन्ध सङ्ग्रहको भूमिकामा निबन्धकार घलेका साहित्यिक व्यक्तित्वलाई प्रष्ट पार्दै नारीलाई ईश्वरीय सत्ताको एक सृष्टिकर्ताको रूपमा स्वीकार गर्दै सधैं मनमा जाँगर लिएर, उत्साहित मनले प्रवृत्त भइरहनु उनको रचनात्मकता हो । उनको **राष्ट्रिय चिन्तन** निबन्ध सङ्ग्रह भित्रको निबन्धहरूले राजनीतिक पार्टीको धारणामा परिवर्तन, सामाजिक सुधार, राजसंस्थाप्रति आस्था, धर्मप्रति आत्मीय विश्वास, शान्तिको कामनाका साथै महिला वर्गको समस्या तथा उत्थानका लागि आग्रह गरिएको छ भन्ने कुरा चर्चा गरेका छन् ।

राष्ट्रकवि माधवप्रसाद घिमिरेले **घलेको पोल्टामा साहित्यिक फूल** (२०४५) शीर्षक लेखको भूमिकामा निबन्धकार भद्रकुमारी घलेलाई कलात्मक प्रतिभा र राजनैतिक चेतनाले सम्पन्न नेपाली महिला भएको जनाउँदै सधैं समाज कल्याण, राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने निबन्धकारको रूपमा चर्चा गरेका छन् ।

घटराज भट्टराईले **नेपाली साहित्यकार परिचय कोश** (२०५१) पुस्तकमा भद्रकुमारी घलेको सङ्क्षिप्त परिचय दिदैं उनलाई एक सफल निबन्धकारको रूपमा चर्चा गर्दै नेपाली समाजको यथार्थ चित्रण गर्ने निबन्धकार भएको बताएका छन् ।

सीता सापकोटाले **भद्रकुमारी घलेको जीवनी व्यक्तित्व, कृतित्व** (२०५४) नामक शोधग्रन्थमा भद्रकुमारी घलेलाई एक सफल राजनीतिज्ञ र नेपाली साहित्यमा सर्वाधिक चर्चित महिला निबन्धकार भएको चर्चा गरेकी छन् ।

घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५६) कृतिमा घलेको परिचय दिदैं घले एक सचेत निबन्धकार भएको चर्चा गरेका छन् ।

लक्ष्मी उप्रेतीले **समय दृष्टि** (२०५९) निबन्धको भूमिकामा विद्यमान परिस्थिति र विसङ्गतिलाई पक्रन सक्ने विचार र समसामयिक विश्वघटनालाई कलात्मक रूपमा प्रकट गर्ने निबन्धकारका रूपमा चिनाएका छन् ।

उमा गौतम आचार्यले **नारी शक्तिकी उन्नाइका सुश्री भद्रकुमारी घले** (२०६१) नामक लेखमा उनले सृष्टिको धरोहर नारी निबन्धमा नारीको सेवा भावलाई प्रस्तुत गर्नु भएको र यस निबन्ध सङ्ग्रहले नारी आत्मवृत्तान्तको मुख्य पाटोलाई र समाजसेवाको पक्षलाई प्रस्तुत गरेको छ भन्ने कुरा दर्शाएकी छन् ।

पिताम्बरा पियूषले **भद्रदिदी सम्झनामा रहिरहने व्यक्तित्व** (२०६२) नामक लेखक्मा उनको साहित्यिक व्यक्तित्वको चर्चा गर्दै निबन्धको क्षेत्रमा एक ऐतिहासिक इट्टा थप्ने काम गरेको कुरालाई स्वीकार गरेकी छन् ।

नेत्रमणि खरेलले **समाजसेवा, साहित्य र कलाको त्रीवेणीमा सम्मानीय सुश्री भद्र** (२०६२) नामक लेखमा जनजाति क्षेत्रको धनी देश नेपालका आदिवासीहरूको अस्तित्व बचाउनु पर्छ भन्ने कुरामा जोड दिने निबन्धकारको रूपमा चिनाएका छन् ।

वासुदेव त्रिपाठीले **सेवा र सिर्जनाका परिधिमा भद्रकुमारी घले** (२०६२) कृतिमा विसङ्गतिप्रति व्यङ्ग्य गर्ने, सत्यम्, शिवम् र सुन्दरम्को सक्रिय जीवनमूल्यलाई आस्थापूर्ण रचना धर्मिता गर्न चाहने मानवतावादी निबन्धकार हुन् भनी टिप्पणी गरेका छन् ।

रामदयाल राकेशले निबन्धकार भद्रकुमारी घलेको लेखक व्यक्तित्वलाई चिनाउँदै **आइमाई, हिजो, आज भोलि** (२०६२) निबन्ध कृतिको भूमिकामा नारीको वर्तमान नारकीय र दयनीय स्थितिसँग परिचित निबन्ध लेखिका भएकोले नारीका आत्मीय कारूणीक पक्षको उद्घाटन गर्ने निबन्धकारको रूपमा उनको चर्चा गरेका छन् ।

भवानी घिमिरेले **भद्रकुमारी घलेको सेवामुखी व्यक्तित्व** (२०६२) शीर्षक नामक लेखमा कविता, कथा, निबन्ध आदिमा फैलिएका व्यक्तिको रूपमा चर्चा गर्दै उनको सर्वाधिक उर्वर क्षेत्र भनेको निबन्ध नै भएको बताएकी छन् ।

जयन्ती 'स्पन्दन' ले **प्रेरणाकी प्रतिमूर्ति : ममतामयी भद्रकुमारी घले** (२०६२) नामक लेखमा भद्रकुमारी घलेलाई राष्ट्रियताप्रति चिन्ता व्यक्त गर्ने नारी संवेदनालाई खुलस्त प्रस्तुत गर्ने तथा देशका कुनाकन्दरामा ओजेलमा परेका नारी हस्ताक्षरलाई चिनाएर नेपाली समाजलाई ठुलो गुन लगाउने निबन्धकारको रूपमा चर्चा गरेका छन् ।

इन्दिरा प्रसाईंले **राजसंस्थाप्रति नेपालीको आस्था** (२०६२) शीर्षक नामक निबन्ध सङ्ग्रह बारेको लेखमा यस निबन्ध कृतिमा कुनै कृतिमता नभएर उहाँले आफैंले देखेका भोगेका समसामयिक नेपाली मौलिक चेतना बोलेको र नेपाली मनको कारूणीक सन्दर्भ प्राप्त भएको बताएकी छिन् ।

बैरागी जेठाले **कला र जीवनमा रमाउँदा** (२०६२) शीर्षक नामक लेखमा निबन्धकार घलेले सामाजिक चेतनामा परिवर्तन खोज्दै, कर्तव्य परायण, उदारता, आत्मसंयम, स्वाबलम्वि, स्वाभीमानीपूर्ण जीवनको प्राप्ति तथा भौतिक भन्दा आध्यात्मिक चिन्तन तथा बौद्धिक, बुद्धिमत्ता आस्था र विश्वासको सकरात्मक चरित्रको चित्रण गर्ने निबन्ध लेखकको रूपमा चिनाएका छन् ।

हर्षबहादुर बुढामगरले **नारी प्रतिभाहरूको संगमः सृष्टिका धरोहर नारी** (२०६२) शीर्षक नामक लेखमा उनी अन्धविश्वास, नारी शोषण र पुरातनपन्थी विचार परित्याग गर्ने क्रान्तिकारिणी नारीहरूलाई चिनाउने, आधुनिकतालाई शिष्टरूपमा वरण गर्ने, सभ्य समाजको निमार्णमा जुटेकी, आदर्श प्रतीक, स्वाभिमानी नारीलाई समाजसामू प्रस्तुत गर्ने साहसिक नारी निबन्धकारको रूपमा चिनाएका छन् ।

देवी शर्माले **सृष्टिको धरोहर नारी** (२०६२) शीर्षकको लेखमा विषयगत वैविद्य तथा सन्दर्भ र घटनाका आधारमा निबन्धको रचना गर्ने तथा सरल प्रभावशाली, यथार्थपरकढङ्गबाट आफ्ना विचार सम्प्रेषण गर्ने निबन्धकारको रूपमा चिनाएका छन् ।

ठाकुर शर्माले **भद्रकुमारी घले : सृष्टि भित्रको दृष्टि** (२०६२) मा निबन्धकार भद्रकुमारी घले आफूले जीवनमा भोगेका, प्रत्यक्ष-अप्रत्यक्ष अनुभव गरेका र अरूले भोग्नु परेका विविधतायुक्त प्रसङ्गलाई समेटेर नेपाली निबन्धमा नयाँ आयाम थप्ने व्यक्तित्वको रूपमा चिनाएका छन् ।

गोपीनाथ शर्माले **कला-साहित्यकी जीवन्त प्रतिभा भद्रकुमारी घले** (२०६२) लेखमा उनलाई सामाजिक पक्षको यथार्थ चित्रण गर्ने आध्यात्मिक चैत्यन्यले भरिपूर्ण भएकी निबन्धकारको रूपमा चिनाएका छन् ।

सीता सिवाकोटी(वली) ले **सुश्री भद्र घलेः एक परिचय** (२०६२) लेखमा उनका निबन्धहरू पढ्दा अतिनै आनन्द लाग्ने र राष्ट्रिय भावनाले ओतप्रोत भएको निबन्ध सिर्जना गर्ने निबन्धकार भएकोले उनी एक उत्कृष्ट निबन्धकारको रूपमा चिनाएका छन् ।

मदनमणि दिक्षीतले **मेरो आँखामा म** (**२०६५**) नामक कृतिको भूमिकामा भद्रकुमारी घले एक नीडर, परिश्रमी, राजतन्त्र र राष्ट्र सेवामा तल्लीन, जस्तो सुकै परिस्थितिमा पनि कार्य गर्ने, समाजसेवी परोपकारी आफ्नो लक्ष्यप्रति दृढ निबन्धकार व्यक्तित्वको रूपमा चिनाएका छन् ।

ठाकुर बेलवासेले **मेरो जीवनयात्रा** (२०६६) नामक कृतिको भूमिकामा निबन्धकार भद्रकुमारी घले राजनीतिलाई नजिकबाट केलाउन सक्ने तथा आफ्ना निबन्धमा व्यक्तिगत बिचार तथा आम जनताको भावना व्यक्त गर्न सक्ने निबन्धकार व्यक्तित्वको रूपमा चर्चा गरेका छन् ।

विष्णुराज आत्रेयले **नेपाल र आजको स्थिति** (२०६६) **भूमिका निबन्ध निखारे पछि** लेखमा भद्रकुमारी घलेको निबन्धकारिलाई प्रष्ट्याउदै उनी आफ्ना निबन्धमा सामाजिक, साँस्कृतिक, धार्मिक, राजनैतिक जस्ता कुराहरू अटाउन सक्ने निबन्धकार हुन् । अनि गद्यं कविता निष्कर्षं बरन्ति अर्थात गद्य नै साहित्यकारहरूको कसी हो, भन्दै उनी महिला लेखकहरूको खडेरीका वेला वर्षने असारे वर्षात् हुनुहुन्छ भनेका छन् ।

देवु मल्लले **आमा महाकाव्यको अध्ययन** (२०६८) कृतिमा घलेलाई चिन्तन परक निबन्धकारको रूपमा चिनाउँदै सरल र सहज भाषाको सम्प्रेषणात्मक प्रस्तुति उनको निबन्धगत वैशिष्ट्य रहेको चर्चा गरेकी छन् ।

दिपक भेटुवालले **शिखरमा भद्रकुमारी घले** (२०६९) कृतिमा बहुविद्य विषय र शैलिगत बैविध्य एवम् जीवन जगत्को यथार्थ वर्णन गर्ने निबन्ध स्रष्टाका रूपमा निन्धकार भद्रकुमारी घले भएको चर्चा गरेका छन् ।

यी विविध पूर्व अध्ययनका विवरणबाट घलेको लेखक व्यक्तित्व र केही मात्रामा निबन्धकार व्यक्तित्वको बोध गर्न सकिए पनि उनको समग्र निबन्धकारिताको मूल्याङ्कन हुन नसकेको कुरा प्रष्ट हुन्छ ।

उपर्युक्त पूर्वकार्यहरूबाट  निबन्धकार सुश्री भद्रकुमारी घलेको राजनीतिक, साहित्यिक, समाजसेवी, चित्रकार, गीतकार, गजलकार, गायक व्यक्तित्वको सामान्य चर्चा गरेर निबन्धकार व्यक्तित्वको रूपमा चिनाउन खोजे पनि उनको निबन्धात्मक निबन्धकृतिहरूको अध्ययन आजसम्म हुनसकेको छैन । त्यसैले प्रस्तुत शोधकार्यमा उनको निबन्धकार व्यक्तित्वको अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

निबन्धकार भद्रकुमारी घलेद्वारा लिखित निबन्धात्मक  रचनाहरू र कृतिका बारेमा  विभिन्न विद्वान्हरूले विभिन्न पुस्तक र पत्रपत्रिकामा गरेका टिकाटिप्पणीहरूको अध्ययनबाट  उनको समग्र निबन्धकारिताको वास्तविक रूपमा अध्ययन हुनसकेको छैन । त्यसैले यहाँ उनको निबन्धकारिताको बस्तुगत र व्यवस्थित अध्यन गरिएकोले अध्ययनीय शोधकार्य औचित्यपूर्ण रहको छ । यसबाट घलेको निबन्धयात्रा निबन्धात्मक रचनाधर्मिता एवम् निबन्धात्मक  प्रवृत्तिका बारे जानकारी  लिन चाहाने जिज्ञासु पाठकहरू लाभान्वित हुने छन् । त्यसैगरी विश्लेषणात्मक रूपमा अध्ययन गरी तयार पारिएकोले यस शोधपत्रले भावि शोधार्थीहरूका लागि पनि यसको उत्तिकै महत्व रहेको हुँदा यो शोधकार्यको औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका कथा, कविता, निबन्ध, नाटक, गीत, गजल, चित्रकला जस्ता विभिन्न विधामा कलम चलाउने भद्रकुमारी घले बहुमुखी प्रतिभा हुन् । प्रस्तुत शोधकार्यमा हालसम्म रचना गरिएका निबन्ध सङ्ग्रहको अध्ययन गरिएको हुनाले अन्य साहित्यिक विधालाई नसमेटेर उनका निबन्धहरूका समग्र पक्षलाई अध्ययन गरिएको छ ।

यसमा पनि उनका निबन्धात्मक रचनाका निबन्ध सङ्ग्रहरूलाई मात्र यसमा समेटिएको छ, यही नै शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

भद्रकुमारी घलेको निबन्धकारितामा केन्द्रित यस शोधकार्य सम्पन्न गर्न आवश्यक सामग्री सङ्कलनका क्रममा मुख्यतः पुस्तकालयीय अध्ययन पद्धतिलाई आधार बनाइएको छ । साथै आवश्यकता अनुसार विषय विशेषज्ञसँग सम्पर्क गरेर पनि सामग्री सङ्कलन गरिएको छ । यसमा इतिहास सिद्धान्त, निबन्ध सिद्धान्तहरूको अवलम्बन गरी वस्तुपरक वर्णनात्मक र विश्लेषणात्मक अध्ययन पद्धतिको पनि प्रयोग भएको छ ।

## १.८ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित एवम् सुसङ्गठित रूप दिनका लागि निम्नअनुसारको संरचनात्मक स्वरूप प्रदान गरिएको छ :-

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोध परिचय |
| दोस्रो परिच्छेद | : | निबन्धकार भद्रकुमारी घलेको परिचय |
| तेस्रो परिच्छेद | : | नेपाली निबन्धको विकासक्रम र भद्रकुमारी घलेको निबन्धयात्रा |
| चौथो परिच्छेद | : | भद्रकुमारी घलेका प्रथम चरणका निबन्ध कृतिहरूको विश्लेषण |

| | | |
|---|---|---|
| पाँचौं परिच्छेद | : | भद्रकुमारी घलेका द्वितीय चरणका निबन्ध कृतिहरूको विश्लेषण |
| छैटौं परिच्छेद | : | भद्रकुमारी घलेका तृतीय चरणका निबन्ध कृतिहरूको विश्लेषण |
| सातौं परिच्छेद | : | निबन्धकार भद्रकुमारी घलेका निबन्ध प्रबृत्ति |
| साठौं परिच्छेद | : | उपसंहार तथा निष्कर्ष |

सन्दर्भग्रन्थ सामग्री

## परिच्छेद - दुई

# निबन्धकार भद्रकुमारी घलेको परिचय

यस परिच्छेदमा निबन्धकार भद्रकुमारी घलेको समान्य परिचय दिदैं उनको नेपाली साहित्यक क्रियाकलापको चर्चा गर्दै उनले विभिन्न सङ्गठनमा गरेको सहयोगको विवरण दिइएको छ ।

### २.१ पुर्ख्यौली सन्दर्भ

आधुनिक नेपाली साहित्यको निबन्ध बिधामा चर्चित महिला हस्ताक्षर सुश्री भद्रकुमारी घलेको पुर्ख्यौली थोलो नेपालको पूर्व ३ नम्बर ओखलढुङ्गा जिल्लाको जरायोटार आम्बोटे घले गाउँ हो । यो स्थान त्यहाँ रहेका कटुन्जे डाँडा, सोलुङ र मेलुङ खोलाले मनमोहक तथा सुन्दर तुल्याएको छ । (सापकोटा, २०५६:७)

### २.१.१ जन्म, जन्मस्थान र वाल्यकाल

पिता कृष्णबहादुर घले र माता भक्तकुमारीका माहिली सुपुत्रीको रूपमा सुश्री भद्रकुमारी घलेको जन्म वि.स. १९८८ फागुन १९ गते मङ्गलबारको दिनमा काठमाडौं महानगरपालिका वाड न.३३ डिल्लीबजारमा भएको हो । (मल्ल, २०६८:१३) समाजसेवाको भावना मनभरी भएकी यिनी कुशल राजनीतिज्ञ तथा राष्ट्र, राष्ट्रियताप्रति दिलो ज्यान दिने साहित्यिक व्यक्तित्व हुन् ।

सानैदेखि अत्यन्तै मिलनसार, निडर, परिश्रमी, निस्वार्थी, तीक्ष्ण बुद्धिकी धनी, जिज्ञासु तथा संघर्षशील र लगनशील जस्ता व्यक्तित्व र विशेषताहरू यिनमा थिए । वाल्यकाल आफ्नो मावली घरमा बिताएकी यिनले सानै उमेरदेखि विभिन्न किसिमका कष्ट तथा बेदनासँग सङ्घर्ष गर्दै जीवन अगाडि बढाइन् ।

### २.१.२ शिक्षादीक्षा

यिनको प्रारम्भिक शिक्षाको चर्चा गर्नु पर्दा यिनको मावली प्रपितामहको प्रेरणा र रेखदेखको कारणले यिनले सानैदेखि अक्षर आरम्भ गरेकी थिइन् । यिनले मावली बस्दा भगवती स्त्रोत्र, बुद्धिचालक, दुर्गा कवज, महाभारत, वाल्मिकी रामायण,

कृष्ण चरित्र, श्रीस्वस्थानी जस्ता पुस्तकहरू पढ्न र राम्रोसँग लेख्न थालेकी थिइन् । साथै यिनले महिला गृहणीहरूको चिठी पढ्ने र लेख्ने पनि गर्दथिन् । यसरी सात वर्षको उमेरमै यिनले घरेलु वातावरणमा नेपाली अक्षर राम्रोसँग पढ्न र लेख्न सक्ने कुशल छात्रा भइन् । त्यस समयमा विद्यालय सर्वसाधारण वर्गहरूको पहुँच भन्दा बाहिरको थियो । त्यसमाथि पनि महिलाले विद्यालय गएर पढ्ने कुरा त कल्पना बाहिरको वस्तु थियो । तर यिनको पढाइप्रतिको अत्यधिक रुचि र मावली प्रपितामहको शिक्षाप्रतिको मोह भएको कारणले आफ्नो औपचारिक शिक्षाको प्रारम्भ भारतको गोरखपूर स्थित गान्धी विद्यापीठबाट गरिन् । यस स्कुलमा केही वर्षको पढाइ पछि यिनी नेपाल आइन् । त्यस बेला वि. स. २००३ मा पद्मकन्या स्कुलको स्थापना भएको थियो । यिनी यसै विद्यालयमा फाउन्डर विद्यार्थी भएर कक्षा तीनमा भर्ना भई पढाइ फेरी अगाडि बढाइन् । त्यस समयमा नेपालमा तत्कालीन सरकारले जेहेन्दार विद्यार्थीहरूलाई भारतको विभिन्न विद्यालयमा सरकारी कोटामा पढ्न पठाउने गर्दथ्यो । त्यस सरकारी छात्रवृत्तिमा तुलसीमेहरको सहयोगबाट थप अध्ययन गर्नको लागि गान्धी आश्रममा पुगिन् । मिहनेती, परिश्रमी, जिज्ञासु, लगनशील भद्रकुमारी घलेले गान्धी आश्रम बर्धाबाट विनिता (म्याट्रीक), काशी विद्यापीठ बनारसबाट आई.ए. र यसै कलेजबाट शास्त्री तथा गान्धी स्मारक ट्रष्ट कस्तुरबाट प्रसुतिसेविका, त्यस्तै नौ महिना जनरल नर्स अठार महिनाको मिडवाई नर्स र मध्ये प्रदेशबाट तीन महिनाको कम्पाउन्डिङ् गुजरातबाट तालिम लिएर र बनारस काशी विद्यापीठबाट शास्त्रीसम्मको शिक्षा हासिल गरिन् ।

### २.१.३ पारिवारिक स्थिति

कृष्णबहादुर घले र भक्तकुमारी घलेको माहिली सुपुत्रीको रूपमा सुश्री भद्रकुमारी घलेको जन्म काठमाडौँको डिल्लीबजारमा भएको हो । यिनको बाल्यकालीन पारिवारिक वातावरण सामान्य शिक्षित तथा आर्थिक अवस्था मध्यम स्तरीय देखिन्छ । किनभने यिनको बुबा पद्मशमशेरको बैठके थिए भने आमा घरेलु उद्योगमा संलग्न थिइन् । साथै उनी मेहनती, लगनशील, क्रान्तिकारी तथा पञ्चायती व्यवस्थाको एक प्रतिष्ठित नारी थिइन् ।

पञ्चायती समयमा राष्ट्र र राजसंस्थाप्रति गरेको सहयोग तथा राष्ट्रियतालाई सदा सर्वोपरी ठानी राष्ट्रसेवा गरेवापत यिनलाई तत्कालीन् समयमा विभिन्न पदकद्वारा सम्मान गरिएको थियो । यिनको बाजे दोस्रो विश्वयुद्धमा सहभागी वीर योद्धा थिए । तर निबन्धकार भद्रकुमारी घलेका आफन्त त्यति शिक्षित थिएनन् । किनभने यिनले बाल्यकालमा आफ्नो दाइ पर्नेले भाउजूलाई कुटेपछि यिनले आजीवन ब्रह्मचारी बस्ने कठिन निर्णय गरेकी थिइन् र यिनी सानै उमेरदेखि समाजसेवा, चित्रकला साहित्यका विभिन्न विधामा सक्रिय रहन थालिन् । (सापकोटा, २०५६:१०) राणाकालीन समयमा जन्मिएकी घलेको पारिवारिक अवस्था सामान्य शिक्षित तथा आफ्नै परिश्रम तथा कडा मेहनेतले गर्दा पछि यिनको आर्थिक अवस्था सुध्रिएको र पारिवारिकअवस्था सुखद् भएको पाइन्छ ।

## २.१.४ व्यक्तिगत रुचि तथा स्वभाव

विभिन्न मानिसका भिन्न–भिन्न स्वभाव तथा रुचि हुने गर्दछ । तसर्थ सामान्य बालवालिकाको भन्दा भिन्न रुचि र स्वभाव भद्रकुमारी घलेको थियो । निडर, परिश्रमी, पौरखी, लगनशील, समजसेवाको भावना, राष्ट्र र राष्ट्रियता अनि धर्मप्रति कट्टर आस्था जस्ता विशेषता यिनको बाल्यकालदेखि रहेको थियो साथै निष्कपट, निसङ्कोच र अन्तर्मुखी जस्ता स्वभाव बाल्यकालदेखि नै थियो । सानै उमेर देखि पढाइप्रति लगाव भएकी यिनले पढाइलाई राणाकालीन समयमा पनि निरन्तरता दिइन् । घरेलु काममा दत्त यिनी घरेलु उद्योगको काममा पनि निपूर्ण नै थिइन् । सादाजीवन उच्चविचारकी धनी घले मेहनेती, सत्यवादी, राष्ट्रवादी, जुझारू स्पष्ट वक्ता तथा बहुमुखी प्रतिभाकी धनी देखिन्छिन् । दीन दुःखीलाई आफ्नै परिवारको सदस्य ठान्ने यिनको व्यक्तिगत स्वभाव विशालकाय आकास झैँ निर्भीक देखिन्छ । (भेटुवाल : २०६९:३०)

अरू व्यक्तिलाई चाँडै विश्वास गर्ने स्वभाव भएकी घले स्वावलम्बी उद्योगी महिलाको रूपमा पनि परिचित छिन् । मानिस आफ्नालागि मात्र नभएर अरूको लागि बाँच्नु पर्छ भन्ने मानवतावादी सोच भएकी घले आफ्ना साहित्यिक कृतिमार्फत् सम्पूर्ण जनमानसमा यस्तै मानवतावादी सन्देश पस्कने गर्दछिन् । अरूका कुरा ध्यान दिएर सुन्नु र आफ्ना कुरा स्पष्ट रूपमा राख्नु उनको प्रमुख विशेषता

हो । साहित्यिक पुस्तकको अध्ययन गरी समीक्षा गर्नु, साहित्यिक तथा सामाजिक कार्यक्रमहरूमा सहभागी हुनु, पत्रपत्रिका पढ्नु तथा सकरात्मक समाज निर्माणको लागि आफूलाई अग्रसर तुल्याउनु, सरल जीवनशैली र कडा बोली व्यवहार तथा मिलनसार यिनको स्वभाव हो । यथार्थ जीवन जीउन चाहने निबन्धकार भद्रकुमारी घले हिन्दू धर्मप्रति आस्थावान् तुलसीमेहर र माहात्मागान्धिको विचारबाट प्रभावित देखिन्छिन् । हालको भड्किलो चालचलनबाट दिक्क भएकी घले आफ्नो विचारप्रति सदा अडिग रहने सचेत महिलाका रूपमा परिचित यिनका व्यक्तिगत रुचिलाई यसरी बुँदागत रूपमा यसरी प्रस्ट पार्न सकिन्छ :-

**कला-साहित्य र संस्कृति**

क) उपन्यास शरदचन्द्र चट्टोपाध्याय र डायमन शमशेर राणाको उपन्यासहरू
ख) कविता - हरिभक्त कटुवाल र महादेवी बर्माको कविताहरू
ग) निबन्ध - स्वेट मार्डनका चिन्तनपरक निबन्धहरू
घ) गीत - रविन्द्रनाथ टैगोरका राष्ट्रभक्ति गीतहरू
ङ) पुस्तक - स्वेट मार्डनका पुस्तकका साथै ऐतिहासिक कथा र वीरगाथाहरू
च) काष्टकला - नेपाली
छ) बाजा - मादल
ज) नेपाली खाना -ढिँडो
झ) चामल -उच्चस्तरको
ञ) गायक - नारायण गोपाल
ट) गायिका - लता मङ्केसर
ठ) रङ्ग - क्रीम
ड) अञ्चल - जनकपुर
ढ) जिल्ला - पोखरा (कास्की)
ण) गा. वि. स. -त्रिभुवन (आम्वाटे)
त) हिमाल - सगरमाथा
थ) जनजाति - थकाली
द) राजनीति - पञ्चायत
ध) राजनेता -राजा महेन्द्र

न) अभिनेता - दिलीपकुमार

प) सिनेमा - 'बेनहुर'  र 'तेलकमाडमेन्स'

फ) ताल - रारा

ब) पशु - भेँडा

भ) फल - आँप

म) कार्य - समाजसेवा/ परोपकार

य) दिउँसो - केहिबेर चुपलागेर बस्न मनपर्छ।

र) अङ्क - चार,  बाह्रबाहेक

यसरी उनका मान्यता र रुचिबाट के स्पष्ट हुन्छ भने उनी समाजसेवालाई मूलमन्त्र मान्ने, चिन्तनशील, कल्पनाशील महिला वर्गको उत्थानका लागि सधैँ तत्पर रहने सिर्जनशील उद्यमी महिला तथा कुशल राजनीतिज्ञ, मानवतावादी निबन्धकार हुन्।

## २.१.५ साहित्य प्रेरणा र लेखनको आरम्भ

साहित्य तथा  सामाजिक सेवामा निरन्तर सक्रिय  रहने भद्रकुमारी घलेलाई  लेखनको प्रेरणा तिर प्रेरित गर्ने कार्य तत्कालीन् समय  सामाजिक वातावरणले नै गरेको हो । कुनै व्यक्ति विशेषको प्रभावबाट प्रभावित भएर लेखनकार्य सुरूवात गरेकी होइनन् । तर साहित्यिक  परामर्शको लागि भने यिनले लक्ष्मीप्रसाद देवकोटा,  केदारमान व्यथित,  सत्यमोहन जोशी  आदिसँग भेटघाट भने गरिकी थिइन्।

उनका पूर्खाहरू साहित्यमा त्यति सक्रिय रहेको पाइदैँन तर पनि यिनी साहित्यिक क्षेत्रमा २००७ सालदेखि नै निरन्तर रूपमा  लागेकी छिन्। किनभने यिनलाई समाजमा घटेको ऐतिहासिक घटना,  सामाजिक पारिवारिक घटनाले  चटक्क छुन्थ्यो अनि त्यही नै निबन्धकार भद्रकुमारी घलेको साहित्यिक प्रेरणा बन्यो । घलेले सर्वप्रथम २००४ सालमा **"कान्छी नानी भन लौ मादल बज्यो कहाँ ? कान्छा दाइ तेही आफ्नै देशमा** ........." गीत लेखे पछि  कविता विधा लेखन आरम्भ गरेकी थिइन्। तर भारतमा पढ्न बस्दा यिनले **'ज्योती'**  हिन्दी त्रैमासिक पत्रिकामा सर्वप्रथम

रचना प्रकाशित गरेकी थिइन् । त्यसैगरी २००६ सालमा **'हामी'** भन्ने हस्तलिखित पत्रिकामा पनि यिनले आफ्ना रचना प्रकाशित गरेकी थिइन् । त्यस समयमा साहित्यकार कृष्णचन्द्रसिंह प्रधान नेपाली पढाउन बर्धामा गएका थिए र उनले नेपाली पढाउने गर्थे नेपाली साहित्य तर्फ अग्रसर हुन अभिप्रेरीत गर्दथे ।

स्कुले जीवनदेखि गीत कविता लेखेर साहित्यिक चर्चा कमाएकी घलेले वि. सं. २०४५ सालमा सर्वप्रथम **राष्ट्र र राष्ट्रियता** निबन्ध सङ्ग्रहको प्रकाशन गरिन् । आफ्नै सामाजिक यथार्थ घटना तथा राष्ट्रिय परिवेश र आजको मानिसको अवस्थाको चर्चा यिनका निबन्धकृतिहरूमा पाइन्छन् । विभिन्न पुस्तकको स्व-अध्ययन र स्वदेशी तथा विदेशी साहित्यकारको कृतिबाट प्रभावित यिनले केही साहित्यिक प्रेरणा पनि ग्रहण गरेकी थिइन् ।

## २.१.६ सामाजिक सेवा

मानव सेवा नै परम् धर्म हो, संयम् हो र सर्मपण पनि हो भन्ने मूलमन्त्रलाई आत्मासात गरी जीवनमा अगाडि बढ्न प्रणगर्ने भद्रकुमारी घले वि. सं. २०११ मा नर्सको रूपमा जनकपुरमा आई मानव सेवामा लागेपछि यस कुराको पुष्टि हुन्छ । त्यसैगरी रंगनाथ उप्रेतीलाई अनुरोध गरेर जलेश्वरमा कन्या पाठशाला खोली महिलाहरूलाई पनि शिक्षित तुल्याउने मार्गमा अभिप्रेरित भई यिनले जनकपुरमा सकलभवन कन्यापाठशालामा शिक्षिकाको नियुक्त गरी पढाइ सुचारू पनि गरिन् । वि.सं. २०१८ सालमा माननीयमा निर्वाचित भएपछि यिनले हेल्थपोष्ट, हुलाकघर, स्कुल, खानेपानीको धारा, कुवा, इनार, बाटो, कुलो, पुलको निर्माण गरी देशका कुना कन्दरामा बसोबास गर्ने ग्रामीण बस्तीमा विकास निर्माणका कार्यहरू गरेकी थिइन् । साथै यिनले सिन्धुली सदरमुकामबाट आम्बोटे मोटरबाटो, भिमानबाट हर्षाही हुँदै दुधौली, डकाहा, सिर्थौली कटारीसम्मको कच्चा मोटर बाटोको निर्माण गरेकी थिइन् । महिला हकहितको संरक्षणको लागि विभिन्न ठाँउमा महिला सङ्गठनको निर्माण र विभिन्न १८ वटा गाँउ पञ्चायतमा १८ वटी महिलाहरूलाई गाँउ सेवीकाको तीन वर्षे तालिम सञ्चालन गरेकी थिइन् र त्यस तालिम भित्र प्रौढशिक्षा, सिलाइबुनाइ, करेसाबारी तालिम, स्वास्थ्य आदि रहेका थिए । नारी सशक्तीकरणको

लागि शिक्षाको व्यवस्था, स्वालम्बन बन्न सिन्धुली, दोलखा, धनुषा, महोत्तरी, र सर्लाहीमा महिला प्रशिक्षण केन्द्र खुलाइ महिलाहरूको समाजिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गरिन् । साथै समाजमा शोषित पीडित नारीहरूलाई न्याय दिलाउनका लागि न्याय दिनेकार्य पनि सञ्चालन गरिन् । यसरी समाजमा सेवागर्ने क्रममा यिनको कार्यको प्रशंसा देशभरी नै फैलियो र उनलाई समाज, राष्ट्र र राजाले पनि उनको क्षमताको प्रशंसा गर्न थाले । नेपाल रेडक्रस सोसाइटी, नेपाल कुष्ठरोग निवारण समिति, सिर्जनात्मक कला गुठी, चर्खा प्रचारक तुलसीमेहर गान्धी संस्थामा पनि संलग्न रही देश र जनताको सेवामा लागि रहिन् । यसरी जीवनको प्रारम्भिक कालदेखि विभिन्न संघसस्थामा संलग्न भएकी यिनले आफूलाई समाजसेवाको क्षेत्रमा नेपालकै सर्वश्रेष्ठ समाजसेवी महिला नेतृको रूपमा स्थापित गरिन् । मनभरी सामाजसेवाको भावना बोकेकी घलेले पछिल्लो समयमा **भद्रकुमारी घले सेवासदन** नामक संस्थाको स्थापना गरी नेपाली भाषा साहित्य, चित्रकला, शिक्षा, स्वास्थ्य, समाजसेवा, व्यक्तित्व विकास, सीपमूलक तालिम र पशुपालन जस्ता कार्यहरूमा रचनात्मक सहयोग गर्दै आएकी छिन् । यसैगरी उनले धेरै ठाउँमा स्कुल, कलेज, पुस्तकालय, स्वास्थ्य चौकी जस्ता संस्थाहरू पनि स्थापना गरेकी छिन् । जीवन पर्यन्त समाजसेवामा तल्लीन घले हाल निम्न संस्थाहरूमा संलग्न छिन् :-

१. नेपाल चर्खा प्रचारक गान्धी-तुलसीमेहर स्मारक महागुठी आजीवन सदस्य तथा ट्रष्टी,

२.श्री पद्मकन्या विद्याश्रम माध्यमिक विद्यालय -अध्यक्ष,

३. पशुपति बहुमुखी क्याम्पस -अध्यक्ष,

४ ज्ञानदिप प्राथमिक विद्यालय -अध्यक्ष,

५. भद्रकुमारी घले कन्या क्याम्पस -अध्यक्ष,

६.भद्रकुमारी घले सेवा सदन -अध्यक्ष,

७. वनिता प्रकाशन -आजीवन सदस्य,

८. जनमत प्रकाशन -आजीवन सदस्य,

९. भानुसाहित्य प्रतिष्ठान -आजीवन सदस्य,

१०. नारी साहित्य प्रतिष्ठान -आजीवन सदस्य,

११. गुञ्जन-आजीवन सदस्य,

१२. तमुछोँज धीँ-सल्लाहाकार,

१३. तमूँ बौद्ध सेवा समिति-सल्लाहाकार,

१४. तमूँ परिषद् - सल्लाहाकार

१५. दायित्व वाङ्मय प्रतिष्ठान - आजीवन सदस्य,

१६. रोटरी क्लब - आजीवन सदस्य,

१७. क्षयरोग निवारण संस्था- आजीवन सदस्य (२०५६)

१८. नेपाल बालसंगठन - आजीवन सदस्य (२०३२)

१९. नेपाल रेडक्रस-अजीवन सदस्य (२०३२)

यसरी सुश्री भद्रकुमारी घलेले भोगेको आफ्नो जीवनको ८० वर्षे समयावधी मध्ये ४० वर्ष सक्रिय समाजसेवामा बिताएको पाइन्छ ।

## २.१.७ मान, पदवी र पुरस्कार

निबन्धकार भद्रकुमारी घले बाल्यकालदेखि नै साहित्यका कविता, कथा, निबन्ध, गजल, गीत, नाटक विधामा सहभागी नारी हुन् । तर यिनलाई २०४५ सालपछि मात्र विभिन्न संघ संस्थाले सार्वजानिक रूपमा अभिनन्दन गरेको थियो । सेवालाई सर्वोपरी धर्म मान्ने यिनले जापानको माथिल्लो सदन तथा दोस्रो सदनको मानार्थ सदस्य, गोर्खा दक्षिणबाहु (द्वितीय २०३१), शुभराज्यभिषेक (२०४५), शुभहिरक जन्मोत्सव पदक (२०५३), दैवी प्रकोप पदक, वीरेन्द्र एश्वर्य पदक, स्वर्णजयन्ती पदक (२०२४), सेवा पदक (२०५१), रजत पदक, जस्ता पदकहरू प्राप्त गरेकी छिन् । यस अतिरिक्त यिनले ७५ औं जन्म दिनको शुभ अवसरमा काठमाडौंको सभागृहमा एकैदिन ७५ संघसस्थाले प्रमाणपत्र सहित अभिनन्दन गरेका थिए भने धरणीधर पुरस्कार प्रतिष्ठान, रोटरी क्लब, नई प्रकाशन, नेपाल मगर संघ सुनकोशी साहित्य प्रतिष्ठान जस्ता १२१ भन्दा बढी संघसस्थाले अभिनन्दन पनि गरेका छन् । (विष्ट, २०६२:१७५) यसरी घले जे जति पुरस्कार तथा सम्मान प्राप्त गरेकी छिन् । ती सबै उनको व्यक्तिगत

परिश्रम, साहित्यक साधना, समाजसेवा नै मूल कारक तत्व हुन् । उनका यी प्राप्तिहरूले उनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत सुपरिचित बनाएको छ ।

### २.१.८ भ्रमण

भ्रमण भन्नाले कुनै पनि कार्य विशेषले अवलोकन, अध्ययन, तथा अनुसन्धान र अन्वेषणका निम्ति गरिने स्वदेश तथा विदेशको स्थलगत घुमफिर भन्ने बुझिन्छ ।

भ्रमणमा अत्यधिक रुचि भएकी घलेले नेपालको ७० वटा जिल्लाहरू तथा भारत, जर्मनी, स्वीजारल्याण्ड, वेल्जीयम, ब्रिटेन, जापान, रसिया, मंगोलीया , बैंकक, हङकङ, एशिया आदि देशको भ्रमण गरेको पाइन्छ । (भेटुवाल, २०६९:३९)

### २.१.९ निबन्धकार घलेका प्रकाशित कृतिहरू

१.नारीको व्यथाको कथा (कथासङ्ग्रह २०४५)
२. शक्तिरूपा नारी (कथासङ्ग्रह २०४५)
३. मेरा सहयात्री (कथासङ्ग्रह २०५१)
४. भावना (कवितासङ्ग्रह २०४५)
५. कल्पना (कवितासङ्ग्रह २०४५)
६. उपहार (कवितासङ्ग्रह २०४५)
७. मेरा जीवन्त कविता ( कवितासङ्ग्रह २०५१)
८. केही गीति- नृत्य नाटिका(गीतिनाटक २०५१)
९. राष्ट्रिय चिन्तन (निबन्धसङ्ग्रह२०४५)
१०. समय दृष्टि ( निबन्धसङ्ग्रह २०५९)
११. अस्तित्व ( कवितासङ्ग्रह २०६०)
१२. ऐँजरू (कवितासङ्ग्रह २०६०)
१३. राजसंस्थाप्रति नेपालीको आस्था (निबधसङ्ग्रह २०६०) अप्राप्त
१४. कला र जीवन (चित्रकला र साहित्य सिर्जना २०६०)
१५. सृष्टिको धरोहर नारी (निबन्धसङ्ग्रह २०६१)
१६. भद्रकुमारी घलेको हिन्दी कविताएँ ( कवितासङ्ग्रह २०६२)
१७. मन मन्थन ( दैनिकीकाव्य २०६२)
१८. युगबोध ( काव्यकृति २०६२)

१९. आमा ( काव्यकृति २०६८)
२०. आइमाई हिजो आज भोली (निबन्धसङ्ग्रह २०६२)
२१. आदिवासी तमूँ वेद (आदिवासी तमूँको वेद २०६४)
२२. देशको नसा ( मुक्तक २०६४)
२३. मेरो आँखामा म (जीवनी २०६५)
२४. आजको मेरो मन ( निबन्धसङ्ग्रह २०६५)
२५. अहिलेको परिस्थिति (निबन्धसङ्ग्रह २०६६)
२६. म (निबन्धसङ्ग्रह २०६८)
२७. चरमसीमामा (निबन्धसङ्ग्रह २०६९)
२८. राष्ट्र र राष्ट्रियता (निबन्धसङ्ग्रह २०६६)
२९. जीवन र समाजसेवा (निबन्धसङ्ग्रह २०६६)
३०. नेपाल र आजको स्थिति (निबन्धसङ्ग्रह २०६६)
३१. मेरो जीवनयात्रा (निबन्धसङ्ग्रह २०६६)
३२. २०७ गजल (गजलसङ्ग्रह २०६८)
३३. राष्ट्रिय सम्पदा (निबन्धसङ्ग्रह २०६८)
३४. आजको माहोल (निबन्धसङ्ग्रह २०६८)
३५. मान्छे मान्छे बनौँ (निबन्धसङ्ग्रह २०६९)
३६. जनजातिको नवजागरण(निबन्धसङ्ग्रह २०६१)अप्राप्त
३७. सिन्धुलीकी शेरनी भक्तकुमारी घले(जीवनी २०६२)
३८. देशको नशा (कविता सङ्ग्रह २०६४)
३९. सेवा र सृजनाका परिधिमा भद्रकुमारी घले (संकलन २०६२)
४०. भद्रकुमारी घले र साधना (शोधपुस्तिका २०५९)
४१. सेवन्तिका (महाकाव्य २०६७)

## २.२ व्यक्तित्व

हामीले विश्वको महान् नारी हस्तीहरू म्याडम क्युरी, वेनिजर भुट्टो, मदर टेरेसा तथा हिन्दू ग्रन्थका सीता भृकुटी आदिका नाम सुनेका र पढेका छौं । संसारका

यस्ता महान् नारीहरू मध्ये एक आदर्श नारी धरोहर हुन् सुश्री भद्रकुमारी घले सादा जीवन उच्च विचार भएकी एउटी सचेत, कर्मशील, संघर्षशील, लगनशील, कर्तव्यनिष्ठ, इमान्दार, बहुप्रतिभाशाली नारी व्यक्तित्व हुन् ।

आफ्नो सम्पूर्ण जीवन समाजसेवा र साहित्यको सेवामा समर्पित गर्ने घले आफ्ना जीवनका कठिनाइसँग सहजरूपमा सङ्घर्ष गर्दै जीवनरूपी रथलाई अगाडि बढाउने आफ्नो बहुआयमिक प्रतिभा, सत्कार्य, लगन, जोस, जाँगर र दृढ सङ्कल्पबाट हरेक नेपाली टुहुरो, असहाय, पीडित, अशिक्षित व्यक्तिहरूलाई वात्सल्यपूर्ण स्नेह प्रदान गरी कर्मठ नागरिक बनाउने सफल नारी व्यक्तित्व हुन् । वि.स. १९८८ चैत्र १९ गते मङ्गलबारका दिन काठमाडौं महानगरपालिका वाग्मती अञ्चल वाड नं. ३३ डिल्लीबजारमा जन्मिएकी घलेको नेपाल अधिराज्यको पूर्व ३ न. ओखलढुङ्गा जिल्लाको आम्बोटे निबासी भारद्वाज गोत्रीय स्व. नयन सिंह घले र स्व. मित्रा घलेका नाती स्व. अमरबहादुर घले र स्व. नगत्रा घलेका छोरा स्व. कृष्णबहादुर घले र बुहारी स्व. भक्तकुमारी घलेकी माहिली छोरीको रूपमा भएको थियो । यसरी नेपाल आमाको काखमा निम्न मध्यम वर्गीय परिवारमा पदार्पण गरेकी सुश्री भद्रकुमारी घलेको व्यक्तित्वलाई यसरी अध्ययन गर्न सकिन्छ ।

### २.२.१ बाह्य तथा आन्तरिक व्यक्तित्व

निडर, निस्वार्थी, परोपकारी, तथा मानवतावादी व्यक्तित्वका धनी सुश्री भद्रकुमारी घलेको शारीरिक बनावट ५ फुट २१/२ इन्चको उचाइ एवम् गहुँ गोरो र गोलो अनुहार रहेको छ । सामान्यतया नेपाली आदिवासी मंगोलियन वर्णसँग मिल्ने यिनको शारीरिक व्यक्तित्व आकर्षक रहेको छ । साधरण नेपाली खानपान, साधरण जातीय पोसाक लगाउन मनपराउने यिनी, फुर्तिलो, तन्दुरूस्त, र स्वस्थ हुनाको साथै

यिनको जीवन सादा जीवन उच्च विचार गान्धीवादी दर्शनसँग मिल्दो देखिन्छ । जीवनका जस्तो सुकै कठिन परिस्थितिसँग जुध्न पछि नहट्ने दृढ विचार उच्च मनोवल धैर्य, संयम्, साहसी व्यक्तिका रूपमा भद्रकुमारी पाइन्छिन् । (मल्ल, २०६८:२४) अरूका कुरा सुन्ने र आफ्ना विचार निर्धक्क राख्ने यिनी सबैसँग मित्रवात् व्यवहार गर्ने, सोधेको कुरा स्पष्ट जवाफ दिने व्यक्तित्व यिनमा पाइन्छ । आफ्नो कर्म र विचारमा कट्टर भएर अडिग रहने कर्मशील, मानवीयता र उच्च आदर्शलाई आफ्नो चारित्रिक विशेषता मान्ने नारी रत्नका रूपमा रहेको पाइन्छ । सर्वसाधरण व्यक्तिहरूको भन्दा भिन्न स्वभाव भएकी यिनी कर्ममा दृढ रहने महिला हकहितको लागि सदा अग्रसर रहने अन्याय अत्याचारको विरूद्धमा डटेर लड्ने नारी हुन् ।

यस्ता मौलिक व्यक्तित्वका धनी घलेका व्यक्तित्वलाई यसरी विस्तारित रूपमा चर्चा गर्न सकिन्छ :-

### २.२.२ साहित्यकार व्यक्तित्व

निबन्धकार सुश्री भद्रकुमारी घलेको साहित्यिक व्यक्तित्व साहित्यका विभिन्न क्षेत्रमा उर्वर रहेको देखिन्छ । साहित्यका विविध विधामा आफूलाई सर्मपण गर्ने घलेको विशेष विस्तारित क्षेत्र भनेको निबन्ध विधा रहेको छ । सामाजिक सेवाका विभिन्न क्षेत्रमा कार्यगरी मानव सेवामा लिप्त यिनी राष्ट्र र राष्ट्रियताको पक्षमा बहस गर्दछिन् । त्यतिमात्र नभएर समाज सेवा, राष्ट्रसेवा र साहित्य सेवालाई अविरल गतिमा अगाडि बढाई रहेकी यिनको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूलाई यसरी बुँदागत रूपमा छर्लङ्ग पार्न सकिन्छ :-

#### २.२.२.१ कवयत्री व्यक्तित्व

निबन्धकार भद्रकुमारी घलेको सबैभन्दा पहिलो सृजनाशील विधा भनेको कविता हो । विद्यालय जीवनदेखि नै कविताप्रति आकर्षित घलेको कवि व्यक्तित्व २००७ सालदेखि नै देखा पर्न थालेको थियो । उनका प्रमुख प्रकाशित कविता कृतिहरू **भावना** (२०४५), **उपहार** (२०४५), **मेरा जीवन्त कविता** (२०५१) **अस्तित्व** (२०६०),

**ऐँजेरू** (२०६०), **भद्रकुमारी भलेको हिन्दी कविताएँ** (२०६२), **देशको नशा** (२०६४), आदि रहेका छन् । (मल्ल २०६८:२५) यी मध्येको कृतिहरूमा कवयत्री घलेले आफ्नो जीवनमा भोगेका दुःख सुख, हर्ष विस्मात, आरोह-अवरोह, घुम्ती र मोडहरूलाई जीवनका आशा निराशा, असन्तुष्टिहरूलाई अभिव्यक्ति गरेकी छन् । आफ्नी आमाको महिमागान गाइएका कृति पनि उनको प्रकाशित छ त्यो हो **'आमा'** र **'युगबोध'** (२०६४) ।

### २.२.२.२ कथाकार व्यक्तित्व

भद्रकुमारी घलेको कथाकारिता अत्यन्त प्रबल रहेको छ। यथार्थ विषयलाई लिएर लेखिएका यिनका कथाकृतिहरू समाजमा व्याप्त नारी माथिको दमन, शोषण, अन्याय, अत्याचारलाई चिरफार गर्न सक्षम छन् । साथै नारीका वेदना, पीडा र मर्महरूलाई पनि यिनले आफ्ना कथाको विषयवस्तु बनाएको पाइन्छ ।

यिनका प्रकाशित कथाकृतिहरूमा **नारीको कथाका व्यथा** (२०४५), **शक्तिरूपमा नारी** (२०४५), **मेरा सहयात्री** (२०५१) रहेका छन् । (भेटुवाल, २०६९:६१)

### २.२.२.३ निबन्धकार व्यक्तित्व

सुश्री भद्रकुमारी घलेको सबैभन्दा उर्वर तथा महत्वपूर्ण व्यक्तित्व भनेको निबन्धकार व्यक्तित्व हो । निबन्धकार व्यक्तित्वका आधारमा उनी एक चिन्तनशील आत्मपरक लेखन शैलीका मूर्धन्य नारी निबन्धकारको रूपमा स्थापित छिन् । यिनका प्रमुख प्रकाशित निबन्धकृतिहरूमा **'राष्ट्रिय चिन्तन'** (२०४५), **'समय दृष्टि** (२०६०), **'राजसंस्थाप्रतिको नेपालीको आस्था, सृष्टिका धरोहर नारी'** (२०६२), **जनजातिको नवजागरण** (२०६१), **राष्ट्रिय चाड दशैं'** (२०६१), **'आइमाई, हिजो र भोलि'** (२०६२), **'आजको मेरो मन, अहिलेको परिस्थिति'**, (२०६६), **'राष्ट्र र राष्ट्रियता'** (२०६६), **'जीवन र समाजसेवा'** (२०६६), **'नेपाल र आजको स्थिति'** (२०६६), **'मेरो जीवन यात्रा'** (२०६६), **'घलेको इतिहास'** (२०६८), **'आजको माहोल'** (२०६८), **'राष्ट्रिय सम्पदा'** (२०६८), **'मान्छे मान्छे बनौं'** (२०६८), **'म'** (२०६८), र **'चरम सीमामा'** (२०६९) रहेका छन् ।

यसरी एक दर्जन भन्दा बढी निबन्ध सङ्ग्रह प्रकाशित गरी निबन्ध विधामा एक सशक्त नारी हस्ताक्षर बन्न सफल नारीरत्न भद्रकुमारी घलेले आफ्ना निबन्धमा समसामयिक विषयवस्तु, राजनीतिक, साँस्कृतिक, सामाजिक, धार्मिक तथा राष्ट्र र राष्ट्रियतासँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुलाई आफ्ना निबन्धमा अटाउने प्रयास गरेकी छिन् । सरल, सहज, सुबोध्य भाषा शैली तथा आत्मपरक, बस्तुपरक, वर्णनात्मक जस्ता शैलीमा सृजित निबन्धहरू सम्पूर्ण व्यक्तिहरूले सहज रूपमा बुझ्न सक्ने रहेका छन् ।( भेटुवाल, २०६९:६०)

### २.२.३.४ नाटककार व्यक्तित्व

साहित्यकार भद्रकुमारी घलेको एक अर्को साहित्यिक व्यक्तित्व अर्न्तगत नाटककार व्यक्तित्व पनि देखा पर्दछ । संख्यात्मक रूपमा थोरै नाटक लेखे पनि आफूलाई एक सफल नाटकारको रूपमा स्थापित गर्न सफल यिनका नाट्य कृतिहरूमा **केही गीति नृत्य नाटिका (२०५१)** रहेको छ । मानवीय समवेदना, ऐतिहासिक, पौराणिक विषयवस्तु समेटिएको यस नाट्य कृतिमा सबल सुबोध्य भाषा शैलीको प्रयोग भएको पाइन्छ, साथै यिनका **मीरा दर्शन, सीता स्वंयवर 'वासवदत्ता' सिद्धार्थ र सिद्धार्थ, कला र कलाकार** आदि प्रकाशित नाटकहरू रहेका छन् ।

### २.२.२.५ जीवनी लेखक व्यक्तित्व

बहुमुखी प्रतिभाकी धनी भद्रकुमारी घलेलाई जीवनी लेखक व्यक्तित्वका रूपमा पनि चर्चा गर्नु सान्दर्भीक देखिन्छ । उनको जीवनी मुलक निबन्ध सङ्ग्रहहरूमा **'मेरो आँखामा म'** (२०६५), **'आजको मेरो मन'** (२०६५), **'म'** (२०६८), **सिन्धुलीकी शेरनी भक्तकुमारी घले** रहेका छन् ।

उनले यी निबन्ध सङ्ग्रहमा आफूले र आफ्नी आमाले भोग्नु परेका जीवन भोगाइका उत्तरचढाव, सुख दु:ख, सफलता असफलताका साथै आफूले राष्ट्रको लागि पुऱ्याएको योगदानको चर्चा गरेकी छन् ।

### २.२.२.६ गजलकार व्यक्तित्व

नेपाली साहित्यको कथा, कविता, निबन्ध विधामा सफलता हासिल गरेकी समाजसेवी, सफल साहित्यकार भद्रकुमारी घलेको जीवनको पछिल्लो चरणमा आएर विस्तारित भएको विधा गजल विधा हो । वि.स. २०६८ मा प्रकाशित यस कृतिको नाम **२०७ गजल सङ्ग्रह** राखिएको छ । यस गजल सङ्ग्रहमा २०७ वटा नै गजलहरू रहेका छन् । (भेटुवाल, २०६९:६३)

### २.२.२.७ गीतकार तथा गायिका व्यक्तित्व

भद्रकुमारी घलेको व्यक्तित्वको चर्चा गर्दा गीतकार तथा गायिका व्यक्तित्वलाई पनि चर्चा गर्नु पर्ने देखिन्छ । विद्यालय उमेरदेखि नै गीत सिर्जनामा ख्याती कमाएकी घलेले पञ्चायती शाषनकालमा आयोजित राष्ट्रिय कार्यक्रममा इन्दिरा गान्धीको स्वगतका लागि गीत लेखन तथा स्वर दिएकी थिइन् । नेपाली जनजीवनका पीडा तथा वेदना समेटी लोकलयमा गीत रचना गर्ने घलेका **'प्रतिविम्व'** गीति एल्वम् प्रकाशित छ । त्यसैगरी गायिका लोचन भट्टराईद्वारा स्वरबद्ध एल्वममा **'उड्न त उडी चरी, म को हुँ कहाँ गई सुकाउनु हर घडी बेचैन, बिरही बिरक्त एक्लो, भन्छिन् करूण पुकारी सँधै भ्याउँकिरीले र थाकिसक्यो जिन्दगी'** बोलका आठ वटा गीतहरू रहेका छन् । उनका यी गीतहरूमा मानव जीवनका सम्वेदनापूर्ण अवस्थालाई मार्मिक ढङ्गबाट प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### २.२.२.८ चित्रकार व्यक्तित्व

निबन्धकार व्यक्तित्व भद्रकुमारी घलेको अर्को उल्लेखनीय व्यक्तित्व भनेको चित्रकार व्यक्तित्व पनि एक हो । जीवनको उत्तरवाल्य अवस्थादेखि नै चित्र सिर्जना गर्न आरम्भ गरेकी घलेको चित्रकार व्यक्तित्व पनि निबन्धकार व्यक्तित्व झैं उर्वर रहेको छ । उनका चित्रहरू ३००१ को हाराहारीमा रहेको छ । उनको चित्रहरू

विशेष गरी मट्टितेल, नीर, रातोमाटो, र गाजलबाट निर्माण गरिएको छ । उनको प्रथम चित्रकलाको प्रर्दशनी वि.स. २०२० सालमा तत्कालीन राजा महेन्द्रको समुपस्थितिमा गरिएको थियो ।

घलेका चित्रहरू यथार्थ नारी जीवनका भोगाइक्रमसँग मिल्ने तथा नेपाली नारीका दुःख सुख समेटिएका छन्, जस्ले गर्दा यिनका चित्रहरू नेपाल र नेपाली समाज तथा परिवेशलाई उजागर गर्न सफल रहेका छन् । त्यसमा पनि अञ्जानमा आपत्मा परेका महिलाहरूले भोग्नु परेको समस्या तथा नारी महत्वको अहम्ता, सहनशीलता उजागर गर्ने चित्रहरू पनि रहेकाछन् ।

घलेको चित्रहरूमा यथार्थ नारी जीवनका भोगाइहरूसँग मिल्ले तथा जसले गर्दा यिनका चित्रहरू नेपाल र नेपाली समाज तथा परिवेशलाई उजागर गर्न सफल रहेका छन् । त्यसमा पनि अन्जानमा आपत्मा परेका महिलाहरूले भोग्नु परेको पीडा तथा नारी महत्वको महान्ता, सहनशीलता जस्ता उजागर गर्ने चित्रहरू पनि यिनका रहेका छन् ।

उहाँका चित्रहरूमा नारी अभाव, पीडा, रोदन, अन्धकार, अन्यौल, अस्तित्व, वर्तमान समयको विकृतिप्रति व्यङ्ग्य, अङ्गप्रर्दशनप्रति व्यङ्ग्य, यौन कुण्ठा, मातृस्नेह, कर्तव्य परायणता जस्ताकुराहरू अभिव्यक्त भएका छन् ।

सरल तथा सहज भाव अभिव्यक्ति भएका उनका चित्रहरूले नारी र पुरुष तथा प्रकृति बीचको अर्न्तसम्बन्धलाई पनि प्रस्तुत गरेका छन् ।

### २.२.२.९ राजनीतिक व्यक्तित्व

समाज र राष्ट्रको लागि जीवन सर्मपण गर्ने भद्रकुमारी घलेको व्यक्तित्व राजनीतिसँग प्रत्यक्ष रहेको छ । पारिवारिक वातावरणको प्रभावले गर्दा वाल्यकालदेखि नै राजनीतिप्रति झुकाव भएकी घलेको राजनीतिक व्यक्तित्वको प्रारम्भ २०१८ सालबाट भएको पाइन्छ । देशको दयनीय अवस्था र तत्कालीन समयमा महिलाहरूले भोग्नु परेको पीडादायी अवस्थाबाट प्रेरित भएर राजनीतिक जीवनमा प्रवेश गरेकी यिनी २०१५-२०२२ सम्म माननीय र राष्ट्रिय पञ्चायतको माननीयमा

निर्वाचित भई यिनले समाज र राष्ट्रको सेवामा कार्य गरेको पाइन्छ । त्यसै गरी यिनी वि. स. २०२३-२०२६ सम्म देशको सम्मानीय पद माननीय ओहदामा आसिन महिला नेतृ हुन् । यस पछि वि.स. २०३१-२०३४ को अवधीमा पाँच पटकसम्म महिला संगठनको प्रमुख बनाएकी यिनले महिला हित र हकको संरक्षण खातिर अमूल्य योगदान दिएको पाइन्छ । समाजसेवा र राष्ट्र सेवालाई मुलमन्त्र मान्ने घले वि.सं. २०३६ को जनमत सङ्ग्रह पछि सिन्धुली जिल्ला प्रतिनिधीबाट ५ वर्षको लागि माननीयमा निर्वाचित भइन् र समाज र राष्ट्रको सेवामा कर्तव्यनिष्ठ भएर कार्यरत रहिन् । यस पछि पटकपटकको विभिन्न संघसंगठन र सिन्धुली जिल्लाबाट प्रतिनिधि भएपश्चात वि. सं. २०१८ सालमा **'श्रम तथा समाज कल्याण राज्य मन्त्री'** भएर देशको अतुलनीय सेवा गरिन् । यसरी राजनीतिक क्षेत्रमा सवल रहेकी व्यक्तित्व वि. सं २०५६ मा तत्कालीन राजसभा स्थायी समितिको सम्मानीय सदस्य भएर राष्ट्रिय गौरव राजसंस्थाको पनि सेवा गरिन् । यसरी झन्डै तीन दशक राजनीतिकमा सक्रिय भएर समाज राष्ट्र र राजसंस्थाको सेवा गरेकी यिनी कुशल राजनीतिज्ञ हुन् ।

### २.२.२.१० समाजसेवी व्यक्तित्व

आफू जन्मेको र आफू हुर्केको ठाउँ आफू भन्दा प्यारो हुन्छ भन्ने मान्यता राख्ने सुश्री भद्रकुमारी घले मातृभूमिलाई स्वर्ग मान्दछिन् । त्यसै कारणले घले एक शिक्षित सचेत भएको कारणले गर्दा समाज सेवामा हालसम्ममा पनि अनवरत रूपमा क्रियाशील छिन् । मानसेवा नै परोपकार हो भन्ने दर्शनलाई आत्मसात गरी जीवनको पाइला अगाडि बढाउने यिनी जीवनका शुरूवाती दिनसँगै औपचारिक रूपले सामाजिक कार्यमा संलग्न भएको पाइन्छ; अनि उनले गरिब, असहाय, वृद्धवृद्धा, महिला, वालबालिका, दलित, जनजाति, विधुवा, अपाङ्ग समाजले उपेक्षा गरिएका वर्गहरूको उत्थानको लागि जीवन सर्मपण गरेकी छिन् । साथै यिनले आफ्नै व्यक्तिगत लगानीबाट देशका विभिन्न भू-भागमा शिक्षा, स्वास्थ्य सुविधाहरूको निर्माण, पुस्तकालय, तालिम जस्ताकुराहरूको सञ्चालन गरेको पाइन्छ ।

### २.२.२.११ राष्ट्रप्रेमि व्यक्तित्व

राष्ट्रलाई आफ्नो ज्यान भन्दा बढी माया गर्ने भद्रकुमारी घले आफ्ना कृतिहरूमा राष्ट्रभाव, राष्ट्रप्रेम जस्ता साहित्यिक खुराकहरू प्रस्तुत गर्दछिन् । साथै उनका कथा, कविता, निबन्ध तथा लेखहरूमा सार्वभौमसत्ता, प्रजान्तान्त्रिक चाहना, नेपाली जातिको एकता तथा राष्ट्रिय एकताका भावहरू पनि प्रसस्त मात्रामा ओकालिएका छन् । नेपाललाई स्वर्ग शान्त तथा एकताको प्रतीक भएको हेर्ने चाहना भएकाले यिनका कृतिहरूमा यसता भावहरू छताछुल्ला भएका छन् । यिनका तमाम कार्यहरू हेर्दा पनि राष्ट्रिय स्वार्थमा ओतप्रोत भएको पाइन्छ । त्यसैले उनलाई एक राष्ट्रप्रेमि व्यक्तित्वको रूपमा चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

### २.२.२.१२ धार्मिक तथा दार्शनीक व्यक्तित्व

वचन वचनमा ईश्वरलाई सम्झन चाहने निबन्धकार भद्रकुमारी घलेको अर्को व्यक्तित्वको रूपमा धार्मिक तथा दार्शनीक व्यक्तित्वलाई पनि स्वीकार गर्नुपर्छ । उनले आफ्नो व्यक्तिगत लगानीबाट विभिन्न ठाउँहरूमा मठमन्दिर, गुम्बा, पाटीपौवहरूको निर्माण सम्पन्न गराएकी छिन् । अन्धविश्वासको खुलेर कडा निन्दा गर्ने यिनी ईश्वरप्रतिको सद्भावले मानिसलाई असल मार्गतिर लाग्न अभिप्रेरणा प्रदान गर्ने विश्वस गर्दछिन् । जसको कारणले **'आदिवासी तमूँको वेद'** नामकको कृतिको रचना गरी प्रकाशित गरेकी छिन् ।

हिन्दू धर्मग्रन्थ गीताको अमृतमय वचन **'मानव जीवन कर्मशील छ, मानिसले कर्म गर्नु पर्छ'** । भन्ने भावबाट प्रभावित घलेले सानै उमेर देखि रामायण, गीता, महाभारत, वेद, पुराण जस्ता धार्मिक पुस्तकहरूको गहन अध्ययन गरेकी थिइन् । जसको कारणले उनको कृतिहरूमा धार्मिक ज्ञान र दर्शनको उजागर पाइन्छ । (भेटुवाल, २०६९:५३)

### २.२.२.१३ शिक्षाप्रेमि व्यक्तित्व

वाल्यकाल अवस्थादेखि नै शिक्षाप्रति अग्रसर रहने भद्रकुमारी घले पढाइप्रति हुरूक्क हुने गर्दथिन् । तत्कालीन समयको समाजको बन्धनलाई तोडेर शिक्षा हासिल

गर्नु भनेको  साहसिक कार्य मानिन्छ। त्यति मात्र नभएर  एक नेपाली महिला  भएर विदेशमा  गएर शिक्षा आर्जन गर्नु पनि  एक चुनौतीको विषय थियो । तर घलेले आफ्नो पढाइलाई निरन्तरता दिन विभिन्न चुनौतीको सामना गरेर उच्च शिक्षा हाँसिल गरिन् ।

शिक्षाको दियो बालेर मात्र समाज  तथा देशको  विकास सम्भव हुन्छ भन्ने कुरा बुझेकी घले  समाज तथा  राष्ट्र शिक्षित हुन सम्पूर्ण छोरी, बुहारी,  दिदी, बहिनी शिक्षित हुनु पर्ने  आवश्यकता रहेको जनाउँदै घलेले  समाजमा व्याप्त,  शोषण, दमन, अत्याचार,  कुप्रथा, अन्धविश्वासहरूलाई हटाउन विभिन्न शैक्षिक संघसस्थामा आबद्ध भएर सहयोग गरिन् । साथै उनी निम्न लिखित शैक्षिक संघसस्थामा पनि सम्बद्ध छिन्ः-

क) भद्रकुमारी घले सेवासदन - अध्यक्ष
ख) श्री पशुपति बहुमुखी क्याम्पसकी -अध्यक्ष
ग) भद्रकुमारी घले शिक्षा सदनकी-अध्यक्ष
घ) भद्रकुमारी घले बहुमुखी क्याम्पसकी -अध्यक्ष
ङ) गान्धी -तुलसी चर्खा प्रचारक महागुठीकी - अध्यक्ष
च) सिर्जनात्मक कला गुठीकी संस्थापक - सदस्य
छ) बनिता त्रैमासिक पत्रिकाको सल्लाहकार
ज) रेडक्रस सोसाइटी-आजीवन सदस्य
झ) रोटरी क्लब-आजीवन सदस्य
ञ) क्षयरोग प्रतिष्ठान-आजीन सदस्य
ट) कुष्ठरोग प्रतिष्ठान-आजीवन सदस्य
ठ)नेपाल बालसंगठन-आजीवन सदस्य
ड)नेपाल कलाकार संघ-आजीवन सदस्य
ढ)नेपाल नारी साहित्य प्रतिष्ठान-आजीवन सदस्य
ण)गुञ्जन साहित्य समाज-आजीवन सदस्य
त)उन्नयन मासिक पत्रिका-आजीवन सदस्य
थ)अग्नी मासिक पत्रिका-आजीवन सदस्य
द)रचना पत्रिका-आजीवन सदस्य

ध)दुनियाँको खबर पत्रिका-आजीवन सदस्य

न)नेपाल टाइम पत्रिका-आजीवन सदस्य

प) तमूँ परिषद् - अध्यक्ष

फ) ज्ञानदीप मा.वि. - अध्यक्ष

यी शैक्षिक संघसस्थासँग सम्बद्ध घलेले शिक्षाको विकासको लागि व्यक्तिगत रूपमा पनि आर्थिक सहयोग गरी शैक्षिक विकासका लागि अमूल्य योगदान दिएकी छन्। उनले आर्थिक सहयोग गरेका संघ संस्थाहरू निम्न छन् :-

१. श्री पशुपति बहुमुखी क्याम्पस - डेढ करोड पर्ने घर तथा जग्गा

२.महिला छात्रावास निर्माण-एक करोड साठी लाख

३.भ्याली गुम्बा-जमिन र पाँच लाख नगद

४.त्रिमूर्ति निर्माण-तीन लाख

५.त्रिमूर्ती अक्षय कोष-एक लाख

६.व्यक्ति पुरस्कार-पच्चिस हजार

७.तुँमूह्यूला जमिन किन्न र निर्माण-छ लाख

८.रामूबौद सेवा समिति-एक लाख

९.अगुर्जन रामूबौद्ध-सेवा समिति-दुई लाख

१०.सिफेल गुम्बा-एक लाख अक्षय कोष

११.खेमा लिपी भीम गुरुङ नवलपरासी-एक लाख

१२.तमू घ्यूला राधी युवा सङ्गठन-एक लाख

१३.श्यामरी घले गुठी-एक लाख

१४.जेष्ठ समाज सञ्जाल-एक लाख

१५.पद्यकन्या माध्यमिक विद्यालय-एक लाख

१६.श्री श्रृजनात्मक कलागुठी-एक लाख

१७.व्यथित पुरस्कार-एक लाख अक्षयकोष

१८.गुम्दा नि.मा.वि.गोर्खा-एक लाख पचास हजार

१९.भद्रघले पुरस्कार-पचास लाख अक्षयकोष

२०.वनिता अक्षयकोष-पचास हजार

२१.दायित्व वाङमय प्रतिष्ठान-पच्चीस हजार अक्षयकोष

२२.बृद्धआश्रम कालिमाटी-पच्चीस हजार अक्षयकोष

२३.टेवा पाटन-पच्चीस हजार

२४.मितेरी नेपाल-पच्चीस हजार अक्षयकोष

२५.साहित्य नारी प्रतिष्ठान-पच्चीस हजार अक्षयकोष

२६.गोमा प्रतिष्ठान-पच्चीस हजार अक्षयकोष

२७.गुन्जन साहित्य प्रतिष्ठान-पच्चीस हजार अक्षयकोष

२८.नारी स्वोर श्री हिरण्यकुमारी पाठक-पच्चीस हजार अक्षयकोष

२९.नारी चेतना विराटनगर-पच्चीस हजार अक्षयकोष

३०.गान्धीतुलसी मेहर क्याम्पस-पच्चीस हजार अक्षयकोष

३१.व्यक्तित्व पुरस्कार-पच्चीस हजार

३२.राष्ट्रकवि माधव घिमिरे ट्रष्ट-दश हजार

३३.कृष्ण कोइराला-पाचँ हजार

३४.विष्णु दुलाल-पाँच हजार

३५.नेपाल साहित्य पत्रपकार संघ-पच्चीस हजार अक्षयकोष

३६.देवी नगर मन्दिर-पाँच हजार

३७. शङ्कर कोइराला ट्रष्ट -एक लाख अक्षयकोष

३८. रत्न राज्य माध्यमिक विद्यालय -एक लाख अक्षय कोष

३९.पद्मकन्या क्याम्पस - एक लाख अक्षय कोष

४०. ज्ञानदीप मा.वि. - एक लाख अक्षय कोष

४१. भद्रकुमारी घले सेवासदन -पन्ध्र लाख अक्षय कोष

४२. तमूँ परिषद् -तीन लाख अक्षय कोष

४३. तमूँ युवा संघ - एक लाख अक्षय कोष

४४. जेष्ठ समाज - एककासी लाखको जमिन र लाख अक्षय कोष

यसरी सेवा भावनाले ओतप्रोत घले शैक्षिक विकासको लागि अमूल्य योगदान गरी नेपाली समाज र राष्ट्रमा जाज्वल्यमान नक्षेत्रको रूपमा स्थापित छिन् ।

## २.३ उपसंहार

पिता कृष्णबहादुर घले र माता भक्तकुमारी घलेका माहिली सुपुत्रीको रूपमा वि. स. १९८८ चैत्र १९ गते मङ्गलबारका दिन काठमाडौं महानगरपालिका वाड नं. ३३ डिल्ली बजारमा जन्मिएकी सुश्री भद्रकुमारी घले वाल्यकालमा लुरी नामले चिनिएता पनि युवा अवस्था, प्रौढास्थामा, आफ्नै व्यक्तिगत कार्यकौशलताका कारण एक व्यक्ति अनेक व्यक्तित्वको रूपमा सुपरिचित र स्थापित छिन् । साहित्यिक व्यक्तित्वका धनी यिनी कविता, कथा, निबन्ध, लेख, गजल, जीवनी एवम् नाट्य विधा मार्फत् सामाजिक कुरीतिप्रति व्यङ्ग्य गर्छिन् । यिनी नारी हुनुको पीडा, सामाजिक जीवन भोगाइको कटू यथार्थ, दयनीय राजनीतिक अवस्था, बिखण्डन, व्यथिती, अन्याय, शोषण, उत्पीडन, धर्म संस्कृति, परम्परा र इतिहास सम्बन्धित विषयवस्तुमा आधारित साहित्यको सिर्जना गर्दछिन् । साथै यिनी आफ्नो जीवन भोगाइकाक्रममा आएका विभत्स घटना तथा व्यक्तिको व्यक्तिगत चित्रण, ग्रामिण जीवन, शहरीया जीवन, चाकरी चाप्लुसी प्रवृत्ति, नारीप्रतिको सद्भाव, समानता, राष्ट्रप्रेमी, प्रकृति चित्रण जस्ता कुराहरू उनको निबन्ध कृतिहरूमा समेटिएका छन् ।

## परिच्छेद तीन

# नेपाली निबन्धको विकासक्रम र भद्रकुमारी घलेको निबन्धयात्रा

यस अध्यायमा नेपाली निबन्धको सामान्य परिचय दिँदै निबन्ध सम्बन्धी पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका परिभाषाहरू, निबन्धका तत्व, वर्गीकरण, निबन्धको विकासक्रम, नेपाली निबन्धका इतिहासमा निबन्धकार भद्रकुमारी घलेको स्थान र योगदान र उनको निबन्ध यात्रा समेटिएका छन् ।

## ३.१ निबन्धको व्युत्पत्ति र अर्थ

आधुनिक सर्न्दभमा साहित्यको गद्य विधा विशेषलाई जनाउने 'निबन्ध' शब्दको अर्थ पूर्वीय तथा पाश्चात्य जगत्मा विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले दिँदै आएका छन् । यहाँ निबन्ध शब्दको व्युत्पतिको मूल अर्थ र निबन्ध सम्बन्धी पूर्वीय तथा पाश्चात्य दृष्टिकोणको छुट्टा छुट्टै चर्चा गर्ने प्रयास गरिएको छ ।

### ३.१.१ निबन्ध सम्बन्धी पूर्वीय दृष्टिकोण

'निबन्ध' तत्सम शब्दको रूपमा नेपालीमा आएको शब्द हो । संस्कृतमा यसको प्रयोग विभिन्न अर्थमा गरिएको पाइन्छ । संस्कृतको 'बन्ध' धातुमा 'नि' उपसर्ग र 'धञ्' प्रत्यय लागेर (नि+बन्ध+धञ्=निबन्ध) निबन्ध शब्दको निर्माण भएको हो र जसको अर्थ राम्ररी बाँध्नु भन्ने हुन्छ ।

संस्कृतमा निबन्ध शब्दको प्रयोग निकै पुरानो देखिन्छ कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा दैवी सम्पद्य विभोक्षाय निबन्धायासुरीमता वैदिक भनेर आत्मालाई सांसारीक माया जालमा बाँधेर राख्ने आसुरी सम्पदाका रूपमा निबन्ध शब्दको प्रयोग गरेका छन् । यसपछि सातौं र आठौं शताब्दीका वासवदत्ता र कादम्वरी काव्यमा निबन्ध शब्दको प्रयोग ग्रन्थ रचना, अर्थटीका, ब्याख्या, भाष्य र शाब्दीक कला आदि अर्थमा गरेको पाइन्छ । (सुवेदी २०४९:६) यज्ञवल्क्य स्मृतिमा द्रव्यको अर्थमा निबन्धलाई लिइएको छ । (उपाध्याय, २०५९:१६०) क्रमिक रूपमा अर्थ विस्तार

हुदैं जाँदा एघारौं शताब्दी पश्चात यस शब्दको प्रयोग सूत्र, वृत्ति, भाष्य तथा समीक्षात्मक सङ्ग्रहका अर्थमा हुन थालेको देखिन्छ । (स्वामी, २०२०, ४४५) प्रथमतः यो शब्द हस्त लिखित भोजपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयोग भएको थियो । (उपाध्याय, २०५९:१६०) अहिले आएर यो शब्दले साहित्यको विशिष्ट किसिमको गद्य विधालाई बुझाउन थालेको छ ।

संस्कृत वाङ्मयमा विभिन्न अर्थमा प्रयुक्त निबन्ध शब्दले आजको साहित्यिक गद्य विधा विशेषलाई समेट्न सकेको छैन । आजको निबन्धले साहित्यको खास विधा विशेषलाई बुझाउने सामर्थ्य पश्चात्य साहित्यकै उपदान स्वरूप प्राप्त गरेको हो भन्ने कुरा पनि प्रष्ट हुन्छ । यसर्थ निबन्धका बारेमा पाश्चात्य दृष्टिकोणको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

### ३.१.२ निबन्ध सम्बन्धी पाश्चात्य दृष्टिकोण

निबन्धलाई बुझाउने अङ्ग्रेजी शब्द 'एस्से' हो 'एस्से' शब्द फ्रान्सेली शब्द एसाइबाट आएको हो । यही एसाइबाट नै अङ्ग्रेजीमा एस्से शब्द बन्न पुग्यो जसको अर्थ प्रयास वा प्रयत्न हुन्छ । (थापा, २०३०:१०)

सोह्रौं शताब्दीका फ्रान्सेली साहित्यकार मिसल द मोन्तेनले आफ्ना रचनालाई 'एसाइ' नाम दिए र निबन्धको विधागत आरम्भ गरे । (बराल, २०३०:१०) सत्रौं शताब्दीमा बेलायतका साहित्यका फ्रान्सिस वेकनले आफ्ना चिन्तनमूलक रचनालाई निबन्धको संज्ञा दिए । निबन्धको परिभाषा गर्ने क्रममा सत्रौं र अठारौं शताब्दीमा आएर गद्यमा लिखिएका छोटा रचनाकै तात्पर्यमा 'एस्से' शब्दको प्रयोग भएको छ । (द्विवेदी, १९७१:१३) विस्तारै एस्सेको परिभाषा गर्ने सन्दर्भमा विभिन्न विद्वान् कोशकारहरूले यसको अर्थ दिन थालेपछि यसले साहित्यिक विधा विशेषतालाई बुझाउन थाल्यो । (पिग्विन, १९९०:५६२)

नेपालमा गद्य विधा विशेषलाई जनाउने निबन्ध शब्द पाश्चात्य 'एस्से' को तात्पर्यसँग नजिक रहेको पाइन्छ । पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग गद्य विधा विशेषको रूपमा भएको पाइँदैन । यसको प्रयोग भाष्य टीका आदिमा मात्र भएको

पाइन्छ तर पाश्चात्य 'एस्से' शब्दले आरम्भ देखि नै साहित्यिक रचनाको अर्थ बहन गर्ने विधा विशेषलाई व्यापक अर्थमा लिन थालेको पाइन्छ । त्यसैले नेपाली निबन्धको शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थभन्दा पाश्चात्य एस्सेसँग बढी निकट रहेको देखिन्छ ।

## ३.२. निबन्धको परिभाषा

निबन्ध विश्वसाहित्यको इतिहासका सन्दर्भमा अत्यन्त नयाँ विधा हो । एउटा विशेष विधाको रूपमा रहेको निबन्धको परिभाषा खोज्नु त्यति सजिलो छैन र पनि विश्वका केही चिन्तकहरूले विषयवस्तु, आकारप्रकार, भाषाशैली, जस्ता विभिन्न आधारमा निबन्धलाई परिभाषित गरेका छन् । यसै कारण यो एउटै परिभाषामा स्थिर छैन र साहित्यमा अन्य विधाको जस्तो यसको पनि सहज र स्पष्ट परिभाषा भएको पाइदैंन ।

### ३.२.१ पाश्चात्य विद्वान्हरूका विचारमा निबन्ध

पाश्चात्य साहित्यको इतिहासमा निबन्धको प्रारम्भिक उत्पत्ति र प्रथम प्रयोग फ्रान्सेली निबन्धकार मोन्तेनको प्रयासबाटै भएको हो । यस सम्बन्धी प्रथम परिभाषा उनले नै दिएका छन् ।

मोन्तनले म नै मेरा निबन्धको विषयवस्तु हुँ, किनभने मलाई सबभन्दा बढ्ता चिन्ने व्यक्ति म स्वयं मात्र हुँ भनेका छन् । (सुवेदी, २०४९:१८)

फ्रान्सिस वेकनले 'निबन्ध विकीर्ण चिन्तन हो भनेका छन् ।' (उपाध्याय, २०५८ : १६३)

जोन्सनले निबन्ध भनेको मानिसका जगत्को त्यो थाकेको बुद्धिविलास हो, जसमा न कुनै क्रम छ न कुनै नियम । यो विचारको अपरिपक्व र अव्यवस्थित रचना हो भनेका छन् । (अधिकारी, १९७५:६)

जोहन मरेले कुनै एक विषयमा सुगठित र सुव्यस्थित दृष्टिकोण राखेर लेखिएको रचना निबन्ध हो भनी चिनाएका छन् ।(सुवेदी, २०४९:२०)

सेन्टव्युभले निबन्ध श्रमसाध्य विधा हो, यसमा स्रष्टाको आत्मप्रतिपादन भएको हुन्छ भनी निबन्धको परिभाष दिएका छन् ।( सुवेदी, २०४९:१९)

विलियम हेनरी हड्सनले मोटामोटी रूपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत संक्षिप्तता र पट्यारिलोपनको अभाव नै निबन्ध हो भनेका छन् । (शर्मा, २०४६:१२)

ह्युवाकरले हलुका पारा तथा सरल ढङ्ग र लेखक तथा पाठक माझको विश्वस्त सम्बन्ध रहेको निबन्ध हो भनेका छन् (सुवेदी, २०४९:११)

रवर्ट स्कल्सले निबन्धकारका विचारहरू प्रत्यक्ष रूपमा पाठक समक्ष पुऱ्याउने विधा निबन्ध हो भनेका छन् । (स्कल्स, १९७७ : हहह)

द न्यु इन्साइक्लोपेडिया वृटानिका अनुसार कुनै एक विषयमा कन्द्रित भई गद्यमा लेखिएको छोटो लेख नै निबन्ध हो । (पिग्विन, १९९०:५६२)

## ३.२.२ पूर्वीय विद्वान्हरूका विचारमा निबन्ध

पाश्चात्य साहित्यमा मात्र होइन, पूर्वीय साहित्यमा पनि निबन्ध साहित्यको लेखन, अध्ययन, मनन, भएको पाइन्छ । यसै क्रममा निबन्धको परिभाषा दिने काम पनि भएको छ ।

आचार्य रामचन्द्र शुक्लले यदि पद्य कविहरूको कसी हो भने निबन्ध गद्यको कसी हो भनेका छन् ।(शुक्ल, २०१८:५०५)

गुलावरायलको बिचारमा निबन्ध त्यो गद्य रचनालाई भनिन्छ जसमा एउटा सीमित आकार भित्र कुनै विषयको वर्णन वा प्रतिपादन एक विशेष निजीपन, स्वच्छन्द, सौष्ठव र सजीव तथा आवश्यक सङ्गति र सम्बद्धताका साथ गरिएको हुन्छ । (नलिन, १९६४:१०)

ईश्वर बरालले निबन्ध एक किसिमको कुरा गराइ हो भन्दै यो हो लेखका मनका भावहरूलाई स्वगत कथनका रूपमा उद्धरित गराउने विधा विशेष । आफ्नो

गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु आन्तरिक सन्देहलाई फिजाइदिनु मानिसका आद्य तिर्सना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ, साउती गरेर तिनलाई आफ्ना प्रति साहानुभुतिशील बनाउन खोज्छ। (बराल, २०३०:७)

लक्ष्मीप्रसाद देवकोटाले(२०४९)दाडिमको रूखनेर निबन्धको भूमिकामा यो रौँचिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठ्यास्फु ! यसमा गृहित बिषयलाई सर्वदृष्टिकोण समीक्षणको जरूरत छैन भनी निबन्धको परिभाषा दिएका छन् ।

यसरी विभिन्न साहित्यकारहरूको परिभाषाबाट के स्पष्ट हुन्छ भने निबन्ध भनेको त्यो गद्य विधा हो जुन सुसङ्गठित, गद्यलयात्मक विचारहरूको तारतम्यपूर्ण रचनाधर्मिताबाट सृजना गरिएको हुन्छ ।

## ३.३ निबन्धका तŒवहरू

सोह्रौँ शताब्दीमा पाश्चात्य साहित्य जगत्मा विकसित भएको साहित्यको गद्य विधा निबन्ध विधा हो । निबन्धको परिभाषा गर्न यसका अनेका रूप रङ्गले गर्दा जति समस्या हुन्छ त्यतिनै विषयको व्यापकता र आकारप्रकारको विविधताले गर्दा निबन्धका तत्व यति नै हुन्छन् र यिनै हुन् भन्न कठिन हुन्छ । निबन्ध विधा समयानुकूल परिवर्तनशील विधा भएको हुनाले समयानुसार यसको तत्वमा पनि परिवर्तन हुँदै आइरहेको पाइन्छ ।

निबन्धका तत्व भन्नाले निबन्ध संरचनाका लागि नभई नहुने आवश्यक घटक हो भन्ने बुझिन्छ । निबन्ध तत्वका बारेमा विद्वान्हरूका बीच मतैक्या नभए तापनि आवश्यक तत्वहरू तीन किसिमका देखिन्छन् - वस्तु, शैली, उद्देश्य । (शर्मा, २०४६ : १७)

### ३.३.१ वस्तु

वस्तु निबन्धको प्रमुख तत्व हो । वस्तु तत्व नै निबन्धको प्राण भएकाले वस्तुविना निबन्धको रचना हुन सक्दैन । जीवनजगत्का जुनसुकै विषयमा पनि निबन्ध

लेख्न सकिने हुँदा यसको विषय क्षेत्र ज्यादै व्यापक र विस्तृत हुन्छ । ह्युवाकरले भनेझैं निबन्धको क्षेत्र व्यापक छ एककोषीय जीवदेखि लिएर मानिससम्म वा घुल राशि देखि लिएर आकाशका तारामण्डलसम्म कुनै पनि विषयलाई निबन्धकारले छनोट गर्न सक्छ । विषय जे जस्तो भएपनि स्रष्टाको व्यक्तित्वको प्रभावमा आइसकेपछि निबन्धले पूर्णता प्राप्त गर्दछ ।

निबन्धको वस्तुतत्व भित्र खासगरी चिन्तन विचार कार्यकारण तर्क गहिराइ र औचित्य रक्षा पर्दछन् । (उपाध्याय, २०५९:१७१)भने भावतत्व अन्तर्गत सुकुमार संवेदन, रागात्मक ध्वन्यात्मकता र चित्तको तरलता पर्दछन् । (शर्मा, २०४६ :१७)

राम्रा निबन्धमा बुद्धितत्व र भावतत्व दुबैको समन्वय गरिएको हुन्छ । निजात्मक निबन्धमा भावतत्वको प्रबलता रहन्छ । कल्पनाको आवरणले भावत्वलाई सजाइएको हुन्छ । भावलाई बुद्धिले उछिन्न हुँदैन र भावमा बुद्धिको रमरम स्पर्श रहेकै हुनु पर्दछ । तसर्थ बुद्धि र भाव दुबै निबन्धका अनिवार्य तत्व हुन् । बुद्धि मानव मस्तिष्कको खारिएको प्रतिभा हो । बुद्धि जति तीव्र हुन्छ त्यतिनै चिन्तन विचार आदि निबन्धमा सशक्त भएर आउँछ । यसका लागि अध्ययन र अभ्यासको त्यति नै आवश्यकता पर्दछ ।

### ३.३.२ शैली

अन्य साहित्यिक विधाको तुलनामा निबन्धमा शैलीको महत्व विशेष हुन्छ । शैलीले निबन्धलाई प्राणवान् र जीवन्त बनाउँन सक्छ । निबन्धकारको निजीपन र व्यक्तित्वको परिचायक शैली नै हो । यो भाव र भाषाको संगमबाट निर्मित हुन्छ । विचार वा भाव निबन्धको आत्मा, भाषा शरीर शैली निबन्धको जीवन वा प्राण हो । (नलिन, १९६४:२९) अर्को पक्षमा शैलीका लागि निरन्तर प्रवाह पनि त्यति नै अपेक्षित हुन्छ । क्रम संगति, संगठन र अन्विति शैलीका आन्तरिक गुण हुन् । (शर्मा, २०४६:१८) प्रत्येक निबन्धकारका शैली आ आफ्नै प्रकारको हुन्छन् । निबन्धको भाषा सरल, सहज, कोमल, हार्दिक, हृदयस्पर्शी हुनु पर्दछ । निबन्धकार जुन भाषामा निबन्ध लेख्छ त्यस भाषालाई उसले राम्रोसँग खेलाउन सक्ने हुनु पर्दछ । कही

कतै उखान - टुक्का, कतै गहन तथ्य तथा भाव प्रधान भाषाको प्रयोग गर्न सकिन्छ। निबन्धमा प्रयोग गरिने शब्द विषय अनुकूल, रोचक र अर्थबोधक हुनु पर्दछ।

भाषाका दृष्टिले निबन्धका मूलतः तीनओटा शैली हुन्छन्: संयत शैली, भावुक शैली र व्याङ्ग्य शैली। (शर्मा २०४६:१८)

**(क) संयत शैली**

संयम र नियन्त्रणको मात्रा बढी रहने शैली संयत शैली हो। यसमा भावको अधीनता निबन्धकार नभएर निबन्धकारको अधीनमा भाव रहन्छ। संयत शैलीले पाठकलाई विस्तार विस्तार प्रभाव पार्दछ। यस शैलीले पाठकलाई एकै साथ झ्याप्प छोपेर अन्योलमा पार्दैन। यसमा ठट्टा मज्जा र हार्दिकता रहन्छन्। कुनैपनि विचार वा अनुभूतिलाई उत्कर्षमा पुऱ्याउन यसमा क्रमिक प्रभावको व्यवस्था हुन्छ र प्रायः बुद्धिले काम गरेको हुन्छ।

**(ख) भावुक शैली**

भावुकताको अधिकाधिक प्रस्तुति भावुक शैलीको गुण हो। यस्तो शैलीमा विगतका अनुभवहरूलाई कल्पनाले सिँगारेर अतिरञ्जित किसिमले व्यक्त गरिएको हुन्छ। (लामिछाने, २०६८:१५८) यसमा अनुभव, अनुभूति र कल्पना घुलमिल भएर आउँछन्। भावुक शैलीको भाषा कवितात्मक संवेदनशीलताले भरिएको हुन्छ। यस शैलीमा निबन्धकार कुनै वाधा अवरोधविना र प्रायः अव्यवस्थित ढङ्गले आफ्ना कुरा प्रकट गर्दछन्।

**(ग) व्यङ्ग्य शैली**

भावलाई भाषामा चमत्कारपूर्ण ढङ्गले प्रस्तुत गर्ने शैलीलाई व्यङ्ग्य शैली भनिन्छ। व्यङ्ग्य शैलीमा एउटा कुरा भनेझैँ अर्को कुरा भनिन्छ। यसमा ठट्टा मज्जा एवम् छेड्छाड पनि रहन्छन्। व्यङ्ग्यले रूढी र विसङ्गत सम्पूर्ण तत्वको उछितो पार्ने क्षमता प्राप्त गरेको हुन्छ। (राजेन्द्र सुवेदी, २०४९:३९) व्यङ्ग्य शैलीमा निबन्धकारको भाषा र भाव माथि एकाधिकार हुन्छ। भाषाका आधारमा शैली मूलतः दुई प्रकारका छन्।

### १. समस्त शैली

समस्त शैलीलाई समास शैली पनि भनिन्छ । साधारण नभएर विशिष्ट भाषाको प्रयोग गर्नु समास शैलीको लक्षण हो । यस भाषाको विस्तार र भावको शून्यता बढी रहन्छ । (लामिछाने, २०६८:१५८) यसमा मिश्र र संयुक्त वाक्यको आधिकाधिक प्रयोग गरिन्छ । भाषिक शब्द जाल विछ्याएर पाठकलाई अलमल्ल पार्नु समास शैलीको निजी विशेषता हो ।

### २. सरल शैली

सरल शैलीलाई प्रसाद शैली पनि भनिन्छ । यसको भाषा सहज र सरल हुन्छ । साधारण र बहुप्रचलित शब्द छोटो वाक्य र सुबोध अभिव्यक्ति यो शैलीका विशेषता हुन् । (शर्मा, २०४६:२०) आधुनिक निबन्धमा प्रसाद शैली बहुप्रचलित छ । जस्तो सुकै गहन विषयवस्तु पनि सामान्य किसिमले समधुर र सहज भाषामा प्रस्तुत गर्ने शैली सरल शैली हो ।

## ३.३.३ उद्देश्य

निबन्ध रचनाको कुनै न कुनै उद्देश्य हुन्छ । निबन्धकारले आफ्ना निबन्धका माध्यमबाट आफ्ना भावना, विचार, अनुभव र अनुभूतिलाई पाठकसमक्ष प्रस्तुत गर्नु नै निबन्धकारको मुख्य उद्देश्य रहेको हुन्छ तर निबन्ध लेखनको मूल उद्देश्य पाठकलाई उपदेश दिनु नभई सूचना दिनु र आत्मप्रकाशन गर्नु हो । (उपाध्याय, २०५९:१७२) निबन्ध रचनाका दुई प्रकारका उद्देश्य हुन्छन्-आत्मप्रकाशन र सूचनात्मकता । (शर्मा, २०४६:२१)

### (क) आत्मप्रकाशन

निबन्धकारले गृहित विषयभित्रैबाट पनि आफ्नो निजी दृष्टिकोण र अनुभूतिका तरङ्गहरू प्रस्तुत गर्दछन् । निबन्ध व्यक्तित्वको परिचायक हुन्छ र यसका माध्यमबाट निबन्धकारको 'स्व' को चिनारी निर्भीकतापूर्वक निबन्धमा प्रकट भएको हुन्छ । आत्माभिव्यक्तिको यो प्रवृत्ति आत्मपरक निबन्धमा बढी सक्रिय रहन्छ भने वस्तुपरक निबन्धमा कम रहन्छ ।

**(ख) सूचनात्मकता**

निबन्धमा रचनाकारको अनुभव सम्बन्धी सूचनाहरू रहन्छन् । एउटा असल मित्रले झैँ निबन्धकार आफ्ना पाठकलाई निबन्धको माध्यमबाट केही भनिरहेको हुन्छ, सूचना प्रदान गरिरहेको हुन्छ । जीवन र जगत्का यथार्थ वा काल्पनिक जुनसुकै पक्षका बारेमा पनि छोटो गद्यविधाका माध्यमबाट निबन्धले सूचना दिने काम गर्दछ । निबन्धकार आफ्ना पाठकलाई पूर्णरूपमा विश्वासमा लिने प्रयास स्वरूप केही कुरा भनिरहेको हुन्छ । यही नै निबन्धको सूचनात्मकता हो । (शर्मा, २०४६:२१)

यसरी वस्तु, शैली र उद्देश्य निबन्धका आवश्यक तत्व हुन् । निबन्धको उपर्युक्त तत्वहरूको मात्रात्मक सन्निवेशले गर्दा सबै निबन्ध एकै प्रकारका नभएर विभिन्न प्रकारमा विभक्त हुन्छन् ।


## ३.३.४ निबन्धको वर्गीकरण

साहित्यका विभिन्न विधामध्ये निबन्ध कान्छो गद्य विधा हो । विषयवस्तु र भाषाशैलीको विविधता तथा रचनात्मक अनेकताका कारण निबन्ध स्वयंमा जटिल बन्न पुगेको देखिन्छ । त्यसैले यसको अध्ययनमा सरलता ल्याउन निबन्धको वैज्ञानिक तथा व्यवहारिक वर्गीकरण हुन आवश्यक भएको छ ।

विभिन्न विद्वान्हरूले विषयबस्तु, भाषाशैली, प्रवृत्ति, व्यक्तित्वको प्रधानता र गौणताका आधारमा निबन्धको वर्गीकरण गरेको पाइन्छ । पाश्चात्य जगत्मा निबन्ध सम्बन्धी आत्मपरक निबन्धको पक्षमा छन् भने वेकन निबन्धको वस्तुपरक पक्षमा छन् । हिन्दी साहित्यका विशिष्ट समीक्षक तथा इतिहासकार रामचन्द्र शुक्लले निबन्धको वर्गीकरण गर्ने क्रममा शैलीलाई मुख्य आधार बनाएर विचारात्मक, भावनात्मक र वर्णनात्मक गरी तीन किसिमले वर्गीकरण गरेका छन् । विषय र प्रवृत्तिका आधारमा विश्वनाथले आत्मनिष्ठ र वस्तुनिष्ठ गरी दुई किसिमले वर्गीकरण गरेका छन् । (प्रसाद, १९७३:१६५) जयनाथ नलिनले निबन्धलाई निजात्मक र परात्मक गरी दुई किसिमले वर्गीकरण गरेको पाइन्छ । (नलिन, १९६२:१४) व्यक्तित्व र विषयका आधारमा हरिहरनाथ द्विवेदीले निबन्धलाई व्यक्तिगत र वस्तुगत गरी दुई किसिमले

वर्गीकरण गरेका छन् । (द्विवेदी, १९७१:१) नेपाली साहित्यमा ईश्वर बरालले निबन्धलाई निजात्मक र परात्मक गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ । (बराल, २०३०:१८) बालकृष्ण पोखेलले निबन्धलाई विषयवस्तुका आधारमा जमर्का र प्रबन्ध गरी वर्गीकरण गरेका छन् । (पोखेल, २०६२:९)

निबन्ध शैली र प्रवृत्तिभन्दा अधिकतर व्यक्तिको प्रभाव पर्ने भएकाले निबन्धलाई व्यक्तित्वको प्रधानता र गौणताका आधारमा मूल रूपमा निबन्धलाई विचारात्मक, भावनात्मक, र वैक्तियक गरी तीन भागमा र वस्तुपरकलाई निबन्ध र प्रबन्ध गरी दुई भागमा वर्गीकरण गरी निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा विभाजन गर्न उपयुक्त देखिन्छ । निबन्धको यस वर्गीकरणलाई निम्नाअनुसार प्रस्तुत गरिन्छ :-




### ३.४.१ आत्मपरक निबन्ध

आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । यस्ता खालका निबन्धमा व्यक्तिको मुख्य स्थान हुन्छ भने विषयको गौणावस्था रहन्छ । व्यक्तिका निजि अनुभव विचार र विद्वताहरू यस्ता निबन्धमा बढी मात्रामा प्रकट हुन्छन् । (शर्मा, २०४६:२४) यस्ता निबन्धमा विषय भन्दा लेखकको व्यक्तित्वको

आत्मअभिव्यक्तिको प्रस्तुति हुने हुनाले बाहिरी वस्तुहरू व्यक्तिको व्यक्तित्व प्रस्तुत गर्ने साधन मात्र मानिन्छन् । आत्मपरक निबन्ध लेखकको सेरोफेरोसँग सरोकार राख्दछ र यो मन्मय हुन्छ । (बराल, २०३० : १८) आत्म प्रकाशनका निम्ति स्रष्टाले आफ्ना अनुभूति यात्रामा पाठकलाई डोऱ्याउँछ यसरी मन, आत्मा, विवेक, जस्ता विषय र राष्ट्र, राष्ट्रियता अनुशासन प्रकृति सौन्दर्यता जस्ता वस्तुपनि आत्मपरक निबन्धका विषय हुन सक्छन् । सामान्यतया स्रष्टाको व्यक्तित्व सशक्त भएका जुनसुकै वस्तुपनि आत्मपरक निबन्धमा राख्न सकिन्छ । यसरी निबन्धकारका भावना, विचार, तथा दृष्टिकोण निजात्मक निबन्धमा प्रकट गरिने भएकाले निजात्मक निबन्धलाई भावनात्मक, विचारात्मक र वैयक्तिक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

**क) भावनात्मक निबन्ध**

विचार र वैयक्तिक अभिव्यक्तिभन्दा भावपक्ष प्रबल भएको निबन्ध भावनात्मक निबन्ध हो । यस्तो निबन्धमा स्रष्टा संवेदनशील रहन्छ र आफ्ना अनुभूतिजन्य भावलाई व्यक्त गर्न अग्रसर देखिन्छ । भावनात्मक निबन्धमा अमूर्त भावनात्मक विषयहरू जस्तै आशा, निराशा, प्रेम, करूणा, परोपकार, देशभक्ति आदिलाई संवेदत्मक तुल्याई सरल आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ । (उपाध्याय, १६८:१७०) भावनात्मक निबन्धमा निबन्धकार सधैं भावमा बग्छ । त्यहाँ डुबेर वस्तुलाई गौण बनाई आफू बहकिने हुनाले त्यस्ता निबन्धमा कल्पनाको प्रधान्यता हुन्छ । यस्ता निबन्धमा तर्कवितर्कको हुनै स्थान रहदैन । हृदयका उदात्त अनुभूतिहरू तीब्र भावना र व्यञ्जनाशक्तिको प्रयोग बढी हुन्छ । यस्ता निबन्धको भाषाशैली पनि सरल, सरस, र आलङ्कारिक हुन्छ । भावनात्मक निबन्धमा लेखकले वस्तुको वर्णन भावना र कल्पनाका साहरामा अत्यन्तै रागात्मक र कलात्मक रूपले गरेको हुन्छ ।

### (ख) विचारात्मक निबन्ध

विचारात्मक निबन्धमा बुद्धि वा विचारको प्रबलता हुन्छ । बुद्धि र हृदय दुबै आन्तरिक पक्ष भएकाले लेखकलाई यस्ता निबन्धमा खास गरी तर्क र बौद्धिक व्यायमको आवश्यता पर्दछ । विचारात्मक निबन्धमा लेखकले विषयको वर्णन गर्दै आफ्ना मत सिद्धान्त स्थापित गर्ने प्रयास गरिरहेको हुन्छ । यस्ता निबन्धमा कला, काव्य, राजनीति, धर्म, दर्शन, विज्ञान, शिक्षा, समाजशास्त्र, मनोविज्ञानजस्ता विचार प्रधान विषयहरूको प्रस्तुति हुन्छ । ( उपाध्याय, २०५९:१६९) जुन विषयमा निबन्ध लेखेपनि त्यस्ता विषयमा लेखकका वैयक्तिक चिन्तन समेत प्रस्तुत भएका हुन्छन् । यसमा निबन्धकारको कल्पना, भावनाले पूर्णरूपमा खेल्ने मौका पाएको हुन्छ तापनि मात्रात्मक दृष्टिले हेर्दा बुद्धि पक्षकै प्रबल्य रहन्छ, विचारहरूको तारम्य, रोचकता, विषयगत गहनता विचारात्मक निबन्धका बिशेषता हुन् । (शर्मा, २०४६:२५) खँदिला वाक्य र अनुच्छेदमा अभिव्यक्त हुने विचारात्मक निबन्धको भाषा शैली कसिलो सुगठित र आलङ्कारिक हुन्छ ।

### (ग) वैयक्तिक निबन्ध

मूलत: व्यक्तित्वका प्रकटीकरण भएका निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ । यसमा निबन्धकारका भावुकताको आत्मप्रकाशन हुन्छ । वैयक्तिक निबन्धको विषयवस्तु स्वयम् स्रष्टा नै हुन्छ । यस्ता निबन्धमा निबन्धकारका नितान्त वैयक्तिका अनुभूति वा हर्ष - विस्माद, सुख-दुःख जस्ता भावहरू प्रस्तुत भएका हुन्छन् । वैयक्तिक निबन्धमा निबन्धकारले आफ्नो निजी मनको भावलाई रागात्मक रूपमा प्रस्तुत गर्दछन् । (बराल, २०३०:१९) अन्तर्मुखी प्रवृति अनौपचारिकता र आत्माभिव्यञ्जना वैयक्तिक निबन्धका खास विशेषता हुन् । वैयक्तिक निबन्धलाई निश्चल, निष्कपट र मित्रवत् गफ गराई शैलीमा प्रस्तुत गरिन्छ । नढाँटी आफ्ना मनका भाव पोखिने हुनाले यस्ता निबन्धमा निबन्धकारको आत्माप्रकाशन भएको हुन्छ ।

## ३.४.२ वस्तुपरक निबन्ध

वस्तुपरक निबन्धलाई विषयप्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ । यो निबन्ध विषयकै वरिपरि घुम्छ र यस्ता निबन्धमा स्रष्टा तटस्थ रही वस्तुको चिनारी गराउँछ र आफ्ना अनुभूतिमा नभई वस्तुतथ्यको विशेष प्रकाशन गर्दछ । यस्ता निबन्धको प्रमुख लक्ष्य आत्मप्रकाशन नभई सूचनात्मक हुन्छ (शर्मा, २०४६:२३) वस्तुपरक निबन्धको विषय इतिहास दर्शन, विज्ञान, भ्रमण, प्रकृति आदि रहन सक्छन् । परात्मक निबन्धमा बाह्यवस्तुको चिनारी गराउने गरिन्छ । (बराल, २०३०:१८) विषयवस्तुको वर्णन र विवरणको प्रस्तुति नै आत्मपरक निबन्धको मुख्य विशेषता हो । परात्मक निबन्धमा निजानुभूतिको वास्ता नगरी 'पर' वा वस्तुसत्यको यथार्थ चित्रण प्रस्तुत गर्नु निबन्धकारको मूल लक्ष्य हुन्छ । विषयवस्तुगत वर्णन र विवरणको प्रधानताका आधरमा परात्मक निबन्धलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ :- वर्णनात्मक र विवरणात्मक ।

### (क) वर्णनात्मक

कुनै पनि वस्तु, घटना, प्रकृति आदिको वर्णन गरिएका निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । कुनै वस्तु बारे नालीवेली छुट्याउदै वर्णन गर्नु, त्यसको वास्ताविक स्वरूप प्रस्तुत गर्नु, आफ्नो वस्तुमूलक वस्तु पाठक समक्ष राख्नु वर्णनात्मक निबन्धको उद्देश्य हुन्छ । वर्णनात्मक निबन्धमा विचार, अनुभूति, कल्पना सबैले वर्णनलाई प्राणवान्, मनमोहक आकर्षक र रसिलो बनाउनको लागि महत्वपूर्ण भूमिका खेल्दछन् । (नलिन, १९६४:१८) यसमा निबन्धकारको गहन चिन्तन र मौलिक जीवनदर्शनको अपेक्षा राखिदैन, केवल निजी भावनाले निबन्धलाई सिंगार्ने काम मात्र हुन्छ । वर्णनशैलीमा रोचकता ल्याउन अलाङ्कारमय प्राञ्जल भाषाको प्रयोग गरिन्छ । यसमा सरल, सुबोध्य, प्राञ्जल र आलाङ्कारिक भाषाशैलीको प्रयोग गरिएको हुन्छ । सरल र सुबोध्य वर्णनको अपेक्षा गरिने हुँदा वर्णनात्मक निबन्धमा प्रसाद शैलीको प्रयोग गरिन्छ ।

### (ख) विवरणात्मक शैली

कुनैपनि घटना, वृत्तान्त र परिवेशको वेलीविस्तार प्रस्तुत गरिएका निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । घटनाको क्रमबद्ध प्रस्तुति यो निबन्धको मुख्य लक्ष्य हुन्छ र यसमा मूलतः इतिहास सम्बद्ध वस्तु रहन्छन् । घटनामा लेखेको आत्मीयता र व्यक्तित्वको छाप प्रधान विशेषताका रूपमा रहेको हुन्छ । (उपाध्याय, २०५९:१६९) विवरणात्मक निबन्धमा थोरबहुत आत्मप्रकाशन रहेता पनि विशेषगरी ऐतिहासिक तथ्यका खोजमा केन्द्रित रही ती तथ्यको सिलसिलाबद्ध संयोजन गर्दै पाठकमा उब्जने आकर्षणलाई तर्क र प्रमाणद्वारा सूचित गरी विषयवस्तुको इतिवृत्ती दिइएको हुन्छ । वृत्तान्तमा आधारित रहेर पनि इतिहासभन्दा भिन्न तरिकाले विवरणत्मक निबन्धमा घटनालाई प्रभावकारी रूपम लिन सकिन्छ । (शर्मा, २०४६:२५) विवरणात्मक निबन्धमा कथातत्व पनि आउन सक्छ । यस्ता निबन्धमा घटनाको कार्यकारण श्रृङ्खला मिलेको हुन्छ । विवरणात्मक निबन्धमा भावना, कल्पना, र विचारतत्व आउने भए पनि निबन्धकार विषयप्रति नै बढी सजग रहन्छ । सरल सुबोध्य र व्यासशैलीका माध्यमबाट विवरणात्मक निबन्धमा घटना र वृत्तान्तको सुसम्बद्ध प्रस्तुति गरिन्छ ।

## ३.५ नेपाली निबन्धको विकासक्रम र निबन्धकार भद्रकुमारी घलेको निबन्ध यात्रा

नेपाली गद्यको प्रारम्भमा नेपाली निबन्धको पनि गर्भाधान भयो र आजसम्म यसको विकास चलिरहेको छ । यस समयसम्ममा विभिन्न प्रतिभाहरूका नयाँ नयाँ प्रयोग र लेखनबाट नेपाली निबन्धले आफ्नो समुन्नत रूप प्राप्त गरिसकेको पाइन्छ । यसक्रममा यहाँ संक्षिप्त रूपमा नेपाली निबन्धको विकासक्रमको चर्चा प्रस्तुत गर्दै नेपाली निबन्ध परम्परामा निबन्धकार भद्रकुमारी घलेको निबन्धयात्रालाई प्रस्ट पारिएको छ ।

### ३.५.१ नेपाली निबन्धको इतिहास

नेपाली साहित्य परम्परामा निबन्ध अपेक्षाकृत कान्छो विधा मानिए पनि यसको ऐतिहासिकता चाहिँ गद्य साहित्यको इतिहासकै सापेक्षतामा खोज्नु

पर्ने हुन्छ । यो आख्यानेत्तर गद्य विधा भएकाले नेपाली गद्यको इतिहाससँग यसको पनि इतिहास जोडिएको छ । नेपाली भाषाको उद्‌भवसँगै अभिलेख, तमसुक, ताम्रपत्र, स्वर्णपत्र, औषधीमूलोका पाठ्‌यपुस्तकहरू, राजकाजको यात्रासम्बन्धी अध्यादेश अभिलेखीय गद्यांशहरू देखा पर्दछन् । यिनै प्राचीन गद्यका नमूनालाई निबन्धको पृष्टभूमिकालीन अनुहार मान्न सकिन्छ । नेपाली वाङ्मयका प्राचीन अभिलेखमा पाइने पुराना गद्यहरूसँगै यस विधाले आफ्नो आधारशीला सिर्जेको छ र यिनै अभिलेखीय परम्पराबाट प्रारम्भ भै पृथ्वीनारयण शाहको 'दिव्योपदेश' (१८३१) सिर्जना पूर्वको अवधि यसको पृष्टभूमिका रूपमा देखापर्दछन् ।

दिव्योपदेशको गद्य लेखनदेखि आजसम्मको विकासक्रमलाई हेर्दा नेपाली निबन्धलाई तीन चरणमा विभाजन गरी प्रस्तुत गर्न उपयुक्त हुन्छ ।

### ३.५.२ प्राथमिक काल (१८३१-१९५७)

नेपाली गद्यको प्रारम्भ सुन्दर नमूना पृथ्वीनारायण शाहको **'दिव्योपदेश' (१८३१)** मा देख्न सकिन्छ । जहाँ गद्यको स्वतन्त्र गति पाइनुका साथै विचार र चिन्तनको पनि विशेष प्रयोग भेटिन्छ । त्यसैले यसलाई नेपाली निबन्धको पहिलो रचना र नेपाली निबन्धविधाको आद्यप्रारूप मान्न सकिन्छ । (उपाध्याय, २०५९:१७२) निजात्मक रूपमा प्रस्तुत भएको यो कृतिमा आख्यानेत्तर गद्य र विचारको प्रस्तुतिमा स्वतत्वको प्रभाव रहेको छ ।

**दिव्योपदेश** पछि देखापरेका उल्लेखनीय कृति मध्ये रामभद्र पाध्यरेग्मीको **लक्ष्मीधर्म सम्वाद** (१८५१), **वाणीविलास पाँडेको बाग्मतीपुल स्तम्भअभिलेख** (१८६८), दैवकेशरी अर्ज्यालको **गोरक्षयोग शास्त्र** (१८७७), यदुनाथ उपाध्यायको **रतिकोषकार** (१८८५), सुन्दरानन्द बाँडाको **त्रिरत्न सौन्दर्यगाथा** (१८८९-९०), अज्ञात लेखकको **जङ्गबहादुरको वेलायत यात्रा** (१९१०) बनामी **बत्तीस सालको रोजानाम्चा** (१९३२), मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवन चरित्र** (१९४८) र चिरञ्जीवी शर्माको **आफ्नो कथा** (१९५५) आदिलाई नेपाली गद्यको ऐतिहासिक विकासका

महत्वपूर्ण उपलब्धी मान्न सकिन्छ । (शर्मा, श्रेष्ठ, २०६३:१२३) नेपाली गद्यलेखनलाई विकसित तुल्याउने क्रममा यिनको भूमिका उल्लेख्य रहेको छ ।

विकसित भाषामा लेखिएको नेपाली निबन्धको प्रारम्भिककालीन स्वरूपलाई हेर्दा मौलिकताको उचाइमा पुगेको विषयगत विविधततामा छरिएको स्तरीय गद्यसँगै हुर्किएको देखिन्छ । यिनै महत्वपूर्ण घटना सामयिक मोडमा सामूहिक प्रस्तुति बन्न गएका विविध रचनाहरू प्राथमिककालीन स्वरूप र प्रयोग मानिन्छन् ।

### ३.५.३ माध्यमिक काल (१९५८-१९९१)

पत्रिकासँग सम्बद्ध हुन थालेपछि नेपाली निबन्धको इतिहासमा माध्यमिककालको प्रारम्भ हुन्छ । **गोरखापत्र** (१९५८) को प्रकाशन हुन थालेपछि नेपाली निबन्धको माध्यमिककाल आरम्भ हुन्छ । यसमा निबन्ध नै भनी किटान गर्न नसकिएपनि निबन्धात्मक र प्रबन्धात्मक प्रवृति भएका थुप्रै आख्यानेत्तर गद्य रचनाहरू प्रकाशित भएका छन् । नेपाली निबन्धको प्रारूप निर्माणको लागि यस पत्रिकाको महत्वपूर्ण योगदान रहेको छ । यसमा बेनामी लेखकका **'अघि मूर्ख पछि बुद्धिमान'** (१९५९), **'वशन्त वर्णनम्'** (१९६१), **'मातृभाषाको उन्नति'** (१९६६), **'निन्द्रा'** (१९६६), **'बफदारी'** (१९७०), **'शिशु शिक्षा'** (१९७०), **'हावा'** (१९७३), आदि । त्यस्तै नामाङ्कित गद्यकृतिहरूमा शम्भुप्रसाद ढुङ्गेलको **'समय'** (१९७६), **'प्रभात'** (१९७६), **'हर्दम याद राख्नुपर्ने कुरा'** (१९७६), र **'कविताको फल'** (१९७७), तथा वैजनाथ सेढाइको **'तातोपानी र अमिलो पानी'** (१९८२) आदि यस पत्रिकामा निबन्धको प्रारम्भिक रूपरेखा निर्माणको लागि यी रचनाहरू प्रकाशित भएका छन् । (निरौला, २०६९:१७०)

गोरखापत्र प्रकाशन पछि अनेकौं पत्रपत्रिकाका माध्यमबाट नेपाली निबन्धले विकसित हने मौका पायो । यस समयावधिमा नेपाली निबन्धको विकासमा **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोर्खाली** (१९७२), **चन्द्रिका** (१९७४), **जन्मभूमि** (१९७९), **गोर्खासंसार** (१९८३), र **नेपाली साहित्य सम्मेलन** (१९८९) आदि पत्रिकाहरूको उल्लेख्य योगदान रहेको छ । **सुन्दरी**(१९६३) पद्य प्रधान पत्रिका भएतापनि यसमा **'बेसरी'** शीर्षकको निबन्धात्मक लेख र देवीदत्त शर्माको **'उचित**

**चर्चा'** (१९६५) शीर्षकको लेखरचना प्रकाशित भएको पाइन्छ । (शर्मा र श्रेष्ठ, २०६३:१२२-१२३) माधवीमा प्रकाशित राममणि आ.दि.को **'कवितारीति'** (१९६५-६६), महत्वपूर्ण निबन्धात्मक कृति हो साथै यस पत्रिकामा प्रकाशित धर्मदत्त शर्मा, रामप्रसाद सत्याल, जयपृथ्वीबहादुर सिंह, मानसिंह अधिकारी, हरीहर आ.दी., दुर्गा देवी आ. दि., कुलचन्द्र गौतम आदिका गद्य लेखरचनाहरूमा उल्लेख्यनीय छन् । (उपाध्याय, २०५९:१२४) **चन्द्र** गद्य प्रदान पत्रिका हो । यसमा पद्मनाथ सापकोटाको 'परिश्रमको विभाग' (१९७१), सुर्यविक्रम ज्ञावलीको **'सोक्रेटिजको वहस'** (१९७१), सूर्यविक्रम ज्ञवालीको **'सोक्रेटिजको वहस'** (१९७१), वैजनाथ सेढाइँको **'हेमन्त ऋतु वर्णन'** (१९७१), पारसमणि प्रधानको **'अध्यवसाय'** (१९७२) र **'विद्या'** (१९७२) आदि विविध विषयका लेखरचनाहरू प्रकाशित छन् । (उपध्याय, २०५९:१२४) **'गोर्खाली'** (१९७२) मा शम्भुप्रसाद ढुङ्गेल, पारसमणि प्रधान, पद्मनाथ सापकोटा आदिका वस्तुपरक निबन्धात्मक रचनाहरू प्रकाशित भएका छन् । (सुवेदी, २०४९:५७)

दार्जीलिङको खरसाङबाट प्रकाशित शम्भुप्रसाद ढुङ्गेलको **'महेन्द्रमल्ली'** (१९७५) पहिलो आत्मपरक निबन्ध हो । (उपाध्याय, २०५९:१७२) यस पत्रिकामा शम्भुप्रसादकै **'चन्द्रिका'** (१९७५), **'प्रेम'** (१९७५) का साथै सूर्यविक्रम ज्ञवाली, दुर्गादेवी आ.दी., रामचन्द्र उपाध्याय, प्रभाकर आदि निबन्धहरू पनि यसमा प्रकाशित छन् । (श्रेष्ठ, शर्मा, २०६३:१२५) १९७९ मा उदाएको **'जन्मभूमि'** पत्रिकामा कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारी आदिका विचारात्मक तथा भावात्मक निबन्धहरू प्रकाशित भएका छन् । (श्रेष्ठ, शर्मा, २०६३:१२५) यस्तै गोर्खा संसार (१९८३) मा विद्यावती नाहान, मानवीर रसाइली, हर्षबहादुर राई आदिका समाजसुधारक र राजनैतिक चेतना भएका निबन्ध प्रकाशित भएका छन् । (शर्मा, २०४६:३१) १९८९ को **'नेपाली साहित्य सम्मेलन'** पत्रिकामा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रूपनारायण सिहंका साहित्य सेवा, चरित्र सुधार, नैतिकता आदि विषयका निबन्धहरू प्रकाशित देखिन्छन् । (शर्मा, २०४६:३१) यस कालका निबन्धमा भाषा, साहित्य, चरित्रसुधार, नैतिकता र राष्ट्रिय उत्थानको

आकाङ्क्षाका साथै औपदेशिकता, सामाजिक र जातिय सुधारवादी चेतना पनि प्रस्तुत गरिएको पाइन्छ । यस कालका निबन्धमा संरचनागत शिथिलता र भाषिक स्थिरतारको अभाव देखिन्छ भने ती प्रायः वर्णनात्मक र विवरणत्मक किसिमका छन् । माध्यमिक कालीन निबन्धमा व्यक्तिको वैयक्तिक अभिव्यञ्जना र दार्शनिक उच्चता न्युन रहे पनि नेपालीपनको उत्थानको लागि आह्वान गरिएको छ । यस कालमा स्वदेश तथा विदेशबाट स्वतन्त्र चिन्तन सहित स्रष्ठाहरूले प्रजातान्त्रिक सामाजिक वातावरणको सन्देश छर्दै दर्जनौँ रचनाहरूको सिर्जना गरेर नेपाली निबन्धको आधुनिक युगलाई पृष्ठभूमि निर्माण गरेका छन् ।

### ३.५.४ आधुनिक काल (१९९२- हालसम्म )

वि.स. १९९२ मा '**शारदा**' पत्रिकाको प्रकाशन भएपछि नेपाली साहित्यको इतिहासमा नयाँ अध्यायको शुरूवात भयो । यसको प्रकाशन नेपाली साहित्य इतिहासमा एक महत्वपूर्ण घटना थियो । '**शारदा**' (१९९२) पत्रिकाको प्रकाशनबाट नेपाली निबन्ध आधुनिक कालमा प्रवेश गऱ्यो ।

यस काललाई विविध चरणमा उपकालको रूपमा राखेर चर्चा गरिएको पाइन्छ र पनि विषयगत विविधता शैली तथा प्रयाग र प्रवृत्तिगत विशेषताले गर्दा यस कालमा मूलतः तीन उपकाल मानेर चर्चा गरिनु सान्दर्भीक मानिएको छ ।

प्रथम चरण (१९९२-२००३)
द्वितीय चरण (२००४-२०१९)
तृतीय चरण (२०२०-हालसम्म)

यी सबै चरणमा निबन्धात्मक विशेषताको प्रयोग छ र प्रयोगजन्य नवीनताले विविध जगतमा कालखण्डीय अस्तित्व कायम गरेको छ ।

#### ३.५.४.१ पहिलो चरण (१९९२-२००३)

वि.स. १९९२ देखि २००३ सालसम्मको समयावधि आधुनिक नेपाली निबन्धको प्रथम चरण हो । आधुनिक नेपाली निबन्धको प्रथम चरण लक्ष्मीप्रसाद देवकोटाको '**शारदा**' (१९९२) पत्रिकामा प्रकाशित निजात्मक निबन्ध '**अषाढको पन्ध्र**'

बाट प्रारम्भ भएको हो । देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन् भन्ने विषयमा विवाद पाइन्छ । कतिपय समालोचकहरूले **'शारदा'** को पहिलो अङ्कमा प्रकाशित बालकृष्ण समको **'वर्दाहामा शिकार'** लाई पहिलो आधुनिक निबन्ध भनेको पाइन्छ । तर यो निबन्ध भएर शिकारविषयक कथा हो । (श्रेष्ठ, शर्मा, २०६३:१२६) त्यसैले पनि देवकोटालाई आधुनिक नेपाली निबन्धकार मान्न सकिन्छ । यस चरणमा देवकोटाको अनूदित **'प्रसिद्ध प्रबन्ध सङ्ग्रह'** (१९९८) र मौलिक **'लक्ष्मी निबन्ध सङ्ग्रह'** (२००२) जस्ता निबन्धसङ्ग्रहहरू प्रकाशित छन् । देवकोटा मूलतः आत्मपरक निबन्धकार हुन् । उनले आफ्ना निजी जीवनका अनुभवहरूलाई विषय बनाएर रागात्मक, काव्यात्मक र कलात्मक रूपमा प्रस्तुत गरी नेपाली निबन्धको आधुनिककालको पहिलो चरणमै पूर्ण रूपमा आधुनिकताको सूत्रपात, विस्तार र विकास गरे । यसै समयमा समका **'त्यो'** (१९९२), **'पानी'** (१९९२), **'प्राकृतिक जीवन'** (१९९२), **'आत्मविश्वास'** (१९९२), **'भाषा'** (१९९८), **'देखेको'** (२०१०) आदि निबन्धहरू देखा परे । सम वस्तुपरक धारका निबन्धकार हुन् । उनका निबन्धमा वैचारिकता, वर्णनात्मकता, विवरणात्मकता, तार्किकता, बौद्धिकता जस्ता प्रवृत्तिहरू पाइन्छन् । देवकोटाले आत्मपरक निबन्धलाई अघि बढाए भने समले वस्तुपरक निबन्धलाई अघि बढाए ।

यस्तै देवकोटा र समपछि आधुनिककालको यस चरणमा प्रेमराज शर्माको हास्यव्यङ्ग्य निबन्ध **'पण्डितजीको चिठी'** (१९९२), बोधविक्रम अधिकारीको **'फलामे औंठी'** (१९९२), सागरमणिको परिचयात्मक निबन्ध **'कलंगा दुर्गा'** (१९९७) भवानी भिक्षुको यात्रा निबन्ध **'शिमलासम्म'** (१९९९) आदि निबन्धहरू प्रकाशित छन् । (शर्मा, २०४७:३५)

भारतीय उत्तराञ्चल क्षेत्रबाट पनि नयाँ नयाँ शैलीमा दर्जनौ निबन्ध देखा परे । **'नेपाली साहित्य सम्मेलन'** पत्रिकामा धरणीधरको **'साहित्य कुसुमाञ्जली'** (१९९२) पारसमणिको **'मदौरू आमाको जोखना'** (१९९२) जस्ता निबन्धहरू देखाए भने राष्ट्रिय अस्तित्व बोध गराउने रूपनारायण सिहंको **'जातीय जीवनमा साहित्यको स्थान'** (१९९२) र सूर्यविक्रम ज्ञवालीको **'रसमय जीवन'** (

१९९३) आदिको प्रकाशन पछि पनि यस युगले आधुनिकताको नयाँ रूप लिएको छ । (शर्मा, २०४६:३५) निबन्धका नयाँ फाँट र तिनका प्रयोग यो प्रयास उपलब्धिमूलक मानिन्छन् ।

आधुनिक नेपाली निबन्धको प्रथम चरणको नितृत्व देवकोटाले गरेका हुन् र यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ । (सुवेदी, २०५६:१६) यस्तै तार्किक र बौद्धिक निबन्धहरू लेखेर बालकृष्ण सम यस चरणका दोस्रो र वस्तुपरक दुवै खाले निबन्धका साथसाथै हास्यव्यङ्ग्यात्मक निवन्धको विकास पनि भएको छ । मौलिक तथा अनूदित निबन्धहरूमा हार्दिकता, बौद्धिकता, शैलीशिल्पगत नवीनताका साथै विषयवस्तु, संरचना र स्वरूपमा विविधता जस्ता प्रवृत्तिहरू देखिएका छन् ।

### ३.५.४.२ दोस्रो चरण (२००४, २०१९)

नेपाली निबन्धको विकासमा स्वदेश तथ विदेशबाट प्रकाशित विभिन्न पत्रिकाहरूको भूमिका महत्वपूर्ण रहेको छ । यस चरणमा पनि **साहित्यस्रोत** (२००४: काठमाडौं), **युगवाणी** (२००४:बनारस), **भारती** (२००६), **प्रगति** (२०१०), **गोर्खा** (२०११), **नौलो पाइलो** (२०१३) आदि साहित्यिक पत्रिकाहरूको उल्लेख्यि भूमिका रहेको छ । **'साहित्यस्रोत'** पत्रिकामा प्रकाशित हृदयचन्द्रसिंह प्रधानको **'तीस रूपियाँको नोट'** (२००४) निबन्धसङ्ग्रहबाट आधुनिक नेपाली निबन्धको पहिलो चरणको समाप्ति र दोस्रो चरणको थालनी भएको हो । उनले **'जुँगा'** (२००९) **'कुरा साँचो हो'** (२०११) र **'अफसोच'** (२०११) जस्ता निबन्धसङ्ग्रहको प्रकाशन यस चरणमा गरेका छन् । यिनमा देवकोटाको जस्तो कवित्व, कल्पना र भावुकता नपाइए पनि समाजसुधारका भावनाले प्रेरित भएर सरल र प्रभावकारी आत्मपरक शैलीले पाठकहरूलाई आकर्षित गर्नसक्ने क्षमता रहेको पाइन्छ । (अधिकारी, २०४६:६५) आत्मपरकता, वैचारिकता, यथार्थवादी दृष्टिकोण, व्यङ्ग्यात्मकता, भाषिक सरलता आदि यिनका प्रमुख प्रवृत्ति हुन् । यिनी प्रगतिशिल निबन्धकार हुन् । देवकोटामा भए जस्तो अध्ययनशीलता, विश्लेषणात्मकता, काव्यात्मकता र अनुभूतिको तीक्ष्णता प्रधानका निबन्धमा पाइँदैनन् तर प्रगतिशीलत र वैचारिकतामा उनी देवकोटाभन्दा माथि उठेका छन् । (शर्मा, २०५१:१४०) प्रधानले समाजमा रहेका नराम्रा प्रवृत्तिहरूप्रति आलोचना आफ्ना

जीवनमा भोगेका सत्य, आफू बाँचेको परिवेश र आफ्नै सुखदुःखलाई निश्छलतापूर्वक मित्रका गफ गराइका शैलीमा आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् ।

यस चरणमा देखापर्ने अन्य निबन्धकारहरूमा बदरीनाथ भट्टराई **'पच्चीस प्रबन्ध'** (२००८) का साथ पर्दछन् । भीमनिधि तिवारीको **'पन्ध्र प्रबन्ध'** (२००८), श्यामप्रसाद शर्माका आत्मपरक निबन्धसङ्ग्रह **'त तिमी तपाई हजुर'** (२०१४), केशवराज पिडालीको हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह **'खै खै'** (२०१६), चुडानाथ भट्टारायको दर्शन विषयक निबन्धसङ्ग्रह **'निबन्ध चुडामणि'** (२०१६) यस चरणमा प्रकाशित निबन्धसङ्ग्रहरू हुन् । (शर्मा २०४६:३९) बदरीनाथ भट्टाराई, भीमनिधि तिवारीहरूबाट परात्मक निबन्धमा गति आएको छ भने प्रेमराज शर्माले शरूगरेको हास्यव्यङ्ग्य शैलीको विकास केशवराज पिँडालीमा देखापरेको छ । त्यस्तै खोजयुक्त निबन्ध कमल दीक्षितबाट शरू भएको छ भने आत्मपरक लेखनलाई हृदयचन्द्र र श्यामप्रसाद शर्माले सुधार सन्देशसँगै अगाडि बढाएका छन् ।

यसरी यस चरणमा निजात्मक भन्दा परात्मक निबन्धको आधिक्य हास्यव्यङ्ग्यात्मक परम्परालाई निरन्तरता दिनु विषयको विविधता र क्षेत्रगत अनेकतालाई मूलभूत रूपमा सामाजिक विद्रूपता माथि प्रहार गर्दै कलात्मक व्यङ्ग्य प्रस्तुत गर्ने र स्वतन्त्रता तथा सुधारका स्वरहरू दिने यावत् क्षेत्रमा यस युगका निबन्धहरू सफल भएका छन् ।

### ३.५.४.३ तेस्रो चरण (२०२०-हालसम्म)

आधुनिक नेपाली निबन्धको तेस्रो चरणको प्रारम्भ २०२० सालको रूपदेखा पत्रिकामा प्रकाशित शङ्कर लामिछानेको **'सम्झनाको लयमा विलीन हुँदै'** भन्ने निबन्धबाट भएको हो । यिनका **'एब्स्ट्रयाक्ट चिन्तन प्याज'** (२०२४) र **'गोधूली संसार'** (२०२८) गरी दुई निबन्धसङ्ग्रहहरू प्रकाशित छन् । पाश्चात्य साहित्यको नवीन चिन्तन र वादहरूसँग परिचित लामिछाने मूलतः आत्मपरक निबन्धकार हुन् । उनका निबन्धमा चिन्तन र भावको समन्विति पाइन्छ । भावकै केन्द्रीयतामा विचार, तर्क र चिन्तनलाई प्रस्तुत गर्ने निबन्धकार लामिछानेका निबन्धमा लयात्मक, प्रयोगवादी

मान्यता स्थापना गर्ने काममा प्रयत्नरत देखिन्छन् । (सुवेदी, २०४९:११८) प्रयोगवादी शैलीको उत्कर्ष तर्कहरूको विशेषता र भावुकताको छिपछिपेपन निबन्धका लामिछानेको विशिष्टता हो । अमूर्त लेखन र चेतनप्रवाह पद्धति उनका शैलीशिल्पगत विशेषता हुन् । यस चरणका अन्य निबन्धकारहरूमा कृष्णचन्द्रसिंह प्रधान, बलकृष्ण पोखरेल, तारानाथ शर्मा, भैरव अर्याल आदि चर्चित देखिन्छन् । (शर्मा, २०४६:४२)

कृष्णचन्द्रसिंह प्रधानको **'शालिक'** (२०२६), **'अनाम सत्य'** (२०४३) **'पाइला आगतमा टेकेर'** (२०४७) आदि निबन्धसङ्ग्रहका अतिरिक्त थुप्रै फुटकर निबन्धहरू पनि प्रकाशित छन् । यिनका निबन्धमा समको वस्तुवादीता, देवकोटाको भावमूलक कवितात्मकता र शङकर लामिछानेको प्रयोगशीलता समेतको त्रिकोणात्मक समन्वय रहेको छ । (सुवेदी, २०४९:११५) त्यस्तै बालकृष्ण पोखरेलको **'उकुसमुकुस'** (२०२९), **'कलेजस्तरका निबन्धै निबन्ध'** (२०२७), **'तेस्रो एकमुखे रूद्राक्षको खोजी'** (२०४०), जस्ता निबन्धसङ्ग्रह प्रकाशित छन् । यिनी जुनसुकै विषयवस्तुलाई विचार र भावले रङ्गाएर सरल भाषाशैलीमा प्रस्तुत गर्दछन् । संस्मरणात्मक र निजात्मक शिल्पले कतै आख्यानात्मकता र कतै अमूर्तता कतै वस्तुपरकता जस्ता सुन्दर, नमुनाहरू यिनका निबन्धमा पाउन सकिन्छ । (सुवेदी, २०४९:१३७) दोस्रो चरणमै **'नमस्ते'** निबन्धसङ्ग्रह लिएर देखापरेका तारानाथ शर्माका यस चरणमा **'जमर्काहरू'** (२०२५) र **'जीवनका छाल'** (२०३०) निबन्धसङ्ग्रह देखिएका छन् भने **'बेलाइततिर बरालिँदा'** (२०२६) र **'पाताल प्रवास'** (२०४०) उनका नियात्रासङ्ग्रह हुन् । शर्माका निबन्धमा जीवनका गहन भावपक्षहरूलाई केलाउनाको साथै सामाजिक बेमेलमाथि तीखो प्रहार गरिएको पाइन्छ । ध्वन्यात्मक अर्थबाट व्यङ्ग्यात्मक अभिव्यक्ति प्रकट गर्ने आधिकारिक व्यक्तित्व शर्माका निबन्धमा भाषामा स्पष्ट अभिव्यक्ति, शुद्ध नेपाली शब्दावली र वाक्यहरूको मर्यादित प्रयोग अनि सरस कथनशैलीको प्रयोग पाइन्छ । (सुवेदी, २०५६:६१) यस चरणमा हास्यव्यङ्ग्यात्मक निबन्ध लेखनलाई उच्चतामा पुऱ्याउने काम भैरव अर्यालले गरेका छन् । उनका **'काउकुती'** (२०१९), **'जयभुँडी'** (२०२२), **'गलबन्दी'** (२०२६), **'इतिश्री'** (२०२३) निबन्धसङ्ग्रह प्रकाशित छन् । नेपाली जीवन शैलीका सेरोफरोमा जे जस्ता

विषम परिस्थित र विसङ्गत अवस्थितिको स्थिति छ त्यसले आफ्नो जीवनमा पारेका पर्याप्त प्रभावलाई सङ्गति र विसङ्गतिका चापबाट कोट्याउने ताछ्ने र दुराचार, दुस्थितिहरूलाई प्रतिस्थापन गर्ने प्रयास उनका निबन्धात्मक रचनामा पाइन्छ । (सुवेदी, २०४९:१५६) हास्यव्यङ्ग्यात्मक प्रवृत्तिलाई यस चरणमा श्याम गोतामे, रामकुमार पाँडे, घटोत्कच शर्मा, मोहनराज शर्मा, आदिले अगाडि बढाएको पाइन्छ । (श्रेष्ठ, शर्मा, (२०६३:१२९) श्याम गोतामेको **'मपाई'** (२०२६), **जदौ'** ' (२०२७), **'कायनवाचा'** (२०३५), रामकुमार पाँडेको **'ख्यालख्याल'** (२०२३), **'सन्चै छ ?'** (२०२९), **'खप्पर'** (२०३०), **'बाबुको बिहे'** (२०३०), **'ब्राह्मण'** (२०३०), **'सिङ् न पुच्छर'** (२०३६), **'रसरङ्ग'** (२०३६) आदि निबन्धसङ्ग्रह प्रकाशित छन् । त्यस्तै घटोत्कच शर्माको **'दमाहा'** (२०२४), मोहनराज शर्माको **'इन्टरभ्यु पातो'** (२०४०) निबन्धसङ्ग्रहका साथै श्रीधर खनालको **'नमरी स्वर्ग देखिन्न'** (२०२०) आदिको भूमिका उल्लेख्य रहेको छ ।

यसै चरणमा **'उखान मिलेन'** (२०३७) निबन्धसङ्ग्रहका साथ कमल दीक्षित देखापर्दछन् । नेपाली साहित्यका पुराना ऐतिहासिक तथ्यहरूलाई खोजमेल गरी सरल ढङ्गले प्रस्तुत गरिएका उनका कृतिहरूमा निबन्धात्मक र प्रबन्धात्मक विशेषता पाइन्छन् । रामकृष्ण शर्माका समालोचनात्मक र प्रबन्धहरूबाट निबन्ध शोध र समीक्षा क्षेत्रमा सक्रिय देखिन्छ । शर्माको **'सप्त शारदीय'** (२०२४), **'दश गोर्खा'** (२०२६), **'टेबुलगफ : नौ बैठक'** (२०२८), (**'अष्टवक्र'** २०३५), **'एक बिसाउनी'** (२०२८) निबन्धात्मक र प्रबन्धात्मक कृति प्रकाशित छन् । रामकृष्ण शर्मा मूलतः समालोचक हुन् त्यसैले यिनका निबन्धमा समालोचनाको छाप परेको छ । (शर्मा, २०४६:४२)

आधुनिक नेपाली निबन्धलाई अघिबढाउने अन्य निबन्धकारहरूमा नगेन्द्र शर्मा, गणेशबहादुर प्रसाईं, रामलाल अधिकारी, बासुदेव त्रिपाठी, राममणि रिसाल, कुमारबहादुर जोशी, मोहन सिटौला, अभि सुवेदी, वासु रिमाल यात्री, हंसपुरे सुवेदी, बसन्तकुमार शर्मा, कुलप्रसाद खनाल, बिमल निभा, राजव, राजेन्द्र सुवेदी, बानिरा गिरी, जनार्दन आचार्य, आदिलाई लिन सकिन्छ (श्रेष्ठ, शर्मा, २०६३:१२९-१३०) । यस चरणमा स्रष्ठाहरूको अभिव्यक्तिमा वृद्धि, नवप्रयोग, विशिष्टिकरणको

प्रदर्शन भएको छ भने साझा निबन्धसङ्ग्रहमा यस युगका विशिष्ट स्रष्ठाहरूलाई उपस्थित गरिएको छ । आनन्ददेव भट्ट, भद्रकुमारी घले, रमेश विकल, राजेश्वर देवकोटा, उत्तम कुँवर, हर्क गुरुङ, स्वयम्भुलाल आदिले यस चरणको निबन्धको विस्तार र प्रबर्द्धन गर्न महत्वपूर्ण भूमिका खेलेको पाइन्छ र यो काल विविधतायुक्त चरण हो ।

आधुनिक नेपाली निबन्धको तृतीय चरण अभ्यास, प्रयोग र सुदृढीकरणको समय हो । (शर्मा, २०४६:४२) यस चरणमा निबन्धलेखनमा विषय र प्रस्तुतिगत विविधता पाइन्छ । तार्किकता, बौद्धिकता, अनुसन्धानमूलकताका साथै प्रयोगधर्मिता, अमूर्तता र शैलीशिल्पगत नवीनता यस चरणका निबन्धको विशेषताका रूपमा देखा पर्दछन् । यस समयमा निबन्धकारहरूमा चिन्तनशीलता र वैचारिकताको अभिव्यक्ति पाइन्छ । यिनै ऐतिहासिक तथ्य र विषयगत विविधता प्रवृत्तिगत भिन्नता, शैलीगत नवीन प्रयोग निबन्ध वैचारिक विशिष्टता प्रवृत्तिगत भिन्नता, शैलीगत हुँदै नेपाली निबन्ध वैचारिक विशिष्टता विचलनका साथै परिमार्जन हुँदै नेपाली निबन्ध अद्यावधिक एउटा विशेष बोटवृक्षको रूपमा झ्याँगिएको आजको युगको विशिष्ट बौद्धिक तथा भावनात्मक विधाका रूपमा देखा पर्दछ ।

## ३.६ निबन्धकार भद्रकुमारी घलेको निबन्ध यात्रा

सुश्री भद्रकुमारी घलेले २००७ सालदेखि कविता विधा मार्फत साहित्यमा औपचारिक यात्रा सुरू गरेको पाइन्छ । साहित्यको कविता, कथा, गीत, नाटक, निबन्ध तथा चित्रकारिता आदिमा कलम चलाएकी घले उर्वर साहित्य फाँट भने निबन्ध विधा हो । साहित्यका विभिन्न विधामा कलम चलाएकी भद्रकुमारी घलेलाई निबन्धकारका रूपमा हेर्दा उनको निबन्ध यात्राको थालनी वि.स. २०४५ सालमा **'राष्ट्रिय चिन्तन'** नामक निबन्ध सङ्ग्रह प्रकाशित गरेपछि भएको हो । समसामयिक समाज, राष्ट्रको परिस्थिति, नेपाली महिलाको सामाजिक अवस्थाको मूल्याङ्कन र अवलोकन गर्दै निबन्ध लेख्ने घलेका प्रकाशित निबन्धसङ्ग्रहहरूमा **'राष्ट्रिय चिन्तन'** ( २०४५), **'समय दृष्टि'** ( २०५९), **'राजसंस्थाप्रति नेपालीको आस्था, सृष्टिका धराहर नारी'** ( २०६१), **'राष्ट्रिय चाड दशैं'** (२०६१), **'आइमाई हिजो आज, भोली'** (२०६२),

**'आजको मेरो मन' अहिलेको परिस्थिति'** (२०६७), **'राष्ट्र र राष्ट्रियता**(२०६६), **जीवन र समाज सेवा,** (२०६६), **नेपाल र आजको स्थिति**(२०६६), **मेरो जीवन यात्रा** (२०६६), **घलेको इतिहास**( २०६८), **आजको माहोल**(२०६८), **राष्ट्रियता सम्पदा** (२०६८), **मान्छे मान्छे बनौं** (२०६८), **म** (२०६८) **जनजातिको नवजागरण**(२०६१)**र चरम सीमामा** (२०६९) रहेका छन् ।२०४५ सालदेखि निबन्ध यात्रामा यात्रारत निबन्धकार घलेका निबन्ध कृतिहरूमा ग्रामिण समस्या, महिला हकहित तथा नारीका यथार्थ जीवनको पर्दाफास गर्ने जमर्को पाइन्छ । त्यसैगरी उनले नेपालली समाज राजनीति जस्ता विषयलाई टिप्दै आफूले भागेका यथार्थ कुरालाई प्रस्तुत गरेकी छन् । विषयगत विविधता सरल ग्रामिण भाषा, आत्मपरक तथा वस्तुपरक लेखन शैलीका आधारमा उनका निबन्ध यात्रालाई यसरी चरणगत रूपमा विभाजन गर्न सकिन्छ :-

### ३.६.१ प्रथम चरण (२०४५-२०६१)

नेपाली निबन्ध क्षेत्रकी सशक्त प्रतिभा भद्रकुमारी घलेको निबन्ध यात्राको पहिलो चरण वि. स. २०४५-२०६१ सम्मको अवधीलाई मानिन्छ । **'राष्ट्रिय चिन्तन'** (२०४५) निबन्धबाट नेपाली निबन्ध साहित्यमा प्रवेश गरेकी घलेका हालसम्म १९ वटा निबन्ध सङ्ग्रह प्रकाशित भइसकेको छन् । यस चरणका निबन्धकार भद्रकुमारी घलेले नेपालको राष्ट्रिय स्तरको विकासको लागि तत्पर रहने राजसंस्था विभिन्न जनजाती तथा धर्मका मानिसको फुलबारी नेपाल तथा नेपालीहरूको शान्तिको कामना तत्कालीन महिलाहरूले भोग्नु परेका पारिवारिक तथा सामाजिक समस्याहरू उजागर गर्नु, नेपालमा परिवार नियोजन तथा परिवार नियोजनको सही प्रयोगको अभावले जनसंख्यामा भएको तीव्र बृद्धि तथा तत्कालीन राजनीति, सामाजिक अवस्थालाई चित्रण गरेकी छन् । त्यसै गरी **'समय दृष्टि'** (२०५९) निबन्ध सङ्ग्रहमा घले आत्मपरक ढङ्गबाट विवराणत्मक, वर्णनात्मक तथा वस्तुपरक शैलीमा समसामयिक विषयमा, तथा परिस्थितिजन्य घटनालाई समेटी छिन् । त्यस पछि २०६१ सालमा प्रकाशित भएको **'सृष्टिका धरोहर नारी'** (२०६१) निबन्ध कृतिमा नारी हृदयका विविध पक्ष, नारीले साहित्य र समाजको विकासमा गरेका अमूल्य योगदान महिला अधिकार तथा महिलाका यथार्थ जीवनसँग सम्वन्धित विभिन्न पार्टीहरूको विचार चिरफार गर्ने प्रयास गरेकी छन् ।

यसरी सुश्री घलेले यस चरणका निबन्ध सङ्ग्रहमा विविध विषयवस्तु समेटी, निबन्धका वर्णनात्मक, विवरणात्मक, आत्मपरक तथा वस्तुपरक शैलीलाई अपनाउँदै जीवन, जगत्, समाज राष्ट्रमा रहेका विभिन्न पक्षहरूको छोटो छरितो. ढङ्गबाट पस्कने काम गरेकी छिन् । सरल, सहज, सुबोध्य तथा बोधगम्य भाषाको प्रयोग भएका उनका प्रथम चरणकै निबन्ध सङ्ग्रहहरू प्रखर निबन्धकारका झैँ उत्कृष्ट रहेका छन् । आन्तारिक तथा बाह्य दुबै दृष्टिविन्दुको प्रयोग गरी लेखिएका यिनका प्रथम चरणको निबन्धहरूले समाजको हित, राष्ट्रको विकास, नारी उत्थानको लागि अग्रसर हुनुपर्ने कुरा दर्शाएका छिन् ।

### ३.६.२ दोस्रो चरण (२०६२-२०६७)

निबन्धकार घलेका दोस्रो चरणका सुरूवात वि.स. २०६२ सालमा प्रकाशित **'आइमाई हिजो आज भोलि'** (२०६१) निबन्ध कृतिबाट भएको मानिन्छ । उनले यस चरणमा सातवटा निबन्ध कृति प्रकाशित भएको पाइन्छ । घलले **'आइमाई हिजो आज भोलि'** (२०६२) भन्दा अगाडि नारी सम्वन्धित **'सृष्टिका धरोहर नारी'** (२०६१) प्रकाशित भए पनि यो भन्दा अझ परिमार्जीत तिख्खर प्रस्तुति तथा महिलाका सन्दर्भमा संगालिएका निबन्धकारका व्यक्तिगत विचार समेटिएकाले यस निबन्धले उनलाई दोस्रो चरणमा धकेलेको पाइन्छ । उनको यस चरणका निबन्ध कृतिहरूमा **जनजातिको नवजागरण** (२०६१) **राष्ट्र र राष्ट्रियता,** (२०६६), **जीवन र समाजसेवा,** (२०६६), **मेरो जीवन यात्रा,** (२०६६), **मेरो आँखामा म,** (२०६५) **अहिलेको परिस्थिति**(२०६७), **नेपाल र आजको स्थिति** (२०६६) रहेका छन् । उल्लेखित निबन्धसङ्ग्रहमा पाँच दर्जन भन्दा वढी विषयसँग सम्वन्धित निबन्धहरू प्रकाशित भएका छन् । ती विभिन्न शीर्षकका निबन्धहरूले तत्कालीन सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, साँस्कृतिक, मनौवैज्ञानिक, राष्ट्र र राष्ट्रिय परिवेश, जीवनीमूलक लेखन तथा तत्समयमा आफूले भोगेका विभिन्न क्षेत्र आफ्ना निजी विचार तथा गुणलाई प्रस्तुत गरेकी छन् । संख्यात्मक दृष्टिले निकै उर्वर मान्न सकिने घलेका प्रथम चरणको निबन्ध भन्दा प्रखर तथा परिपक्व बनेको छ । विषयवस्तुलाई निजात्मक ढङ्गले गतिशीलता प्रदान गर्ने घले आफ्ना निबन्धमा राष्ट्रिय, राजनैतिक पार्टीहरूको विकृत मनोजगतको विश्लेषण,

नारीलाई खेलौनाको रूपमा प्रयोग गर्ने पुरुषवादी हैकमवादी चरित्रको उद्घाटन, समाजसेवमा आफूले गरेका कार्य र समाजमा रहेका ठगी प्रवृत्तिका मानिसको निर्भीक ढङ्गबाट प्रस्तुत गर्नु, व्यक्तिको चारित्रिक गुणदोष छुट्याई प्रस्तुत गर्न सक्नु उनको यस चरणको वैशिष्ठ्य मानिन्छ ।

यस चरणमा प्रथम चरणका निबन्धका विषय भन्दा भिन्न विषयवस्तुको चयन लेखनशैलीमा परिपक्व तथा वर्गीय संघर्ष तथा समाजमा अन्यायमा परेका व्यक्तित्वहरूले उत्थानका कामना तथा प्रगतिवादी स्वर उराल्ने किसिमका निबन्धहरू प्रकाशित छन् ।

### ३.६.३ तेस्रो चरण (वि.स. २०६८- हालसम्म)

निबन्धकार भद्रकुमारी घलेको निबन्ध यात्राको तृतीय चरण वि.स. २०६८ देखि प्रारम्भ भई हालसम्म रहेको छ । यस चरणमा उनले **'घलेको इतिहास'** (२०६८), **मान्छे मान्छे बनौं** (२०६८), **आजको माहोल**(२०६८), **राष्ट्रिय सम्पदा** (२०६८), **चरमसीमामा** (२०६९) निबन्ध प्रकाशित छन् । यी निबन्धहरूमा ऐतिहासिक खोजमूलक, ऐतिहासिक विषय र क्षेत्रका उत्कृष्ट सम्पदा हालको मानवीय प्रवृत्ति तथा राजनीतिक परिस्थिति, हत्या, हिंसा, बलात्कार, भ्रष्टचार, अनियमितकार्य, ढिलासुस्ति, अत्याधिक मूल्यबृद्धि जस्ता सामाजिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हस्तक्षेप एक अर्काको प्रतिसोधका भावना मानवीय अन्तरबिरोध जस्ताकुरालाई तीब्ररूपमा व्यङ्ग्य तथा आक्रोश पोखिएका छन् । ऐतिहासिक महत्वका वस्तुहरूको खोज तथा इतिहास खोजी गरी निबन्ध लेख्नु उनको वैशिष्ठता हो । विषयवस्तुलाई तार्किक तथा बौद्धिक ढङ्गले प्रस्तुत गर्नु संक्षिप्त आयामको निबन्धको रचना गर्नु सरल तथा भावनात्मकशैलीमा निबन्धकारको रचना गर्नु अनि एक वर्षमा पाँच ओटा गुणस्तरीय निबन्धको सृजना गर्नु यस चरणका उनका विशेषता मान्न सकिन्छ ।

यसरी निबन्धकार भद्रकुमारी घलेको वि.सं. २०६८ देखि तेस्रो चरणको निबन्ध यात्रा सुरूवात भई हालसम्म पनि अनवरत रूपमा अगाडि बढिरहेको छ । उनका यस चरणका निबन्धहरूमा आफूले जीवन यापनका क्रममा भोगेका यथार्थ

घटनाक्रम सामाजिक तथा राष्ट्रिय राजनीतिको विकृत मानिसकता तथा मानवीय प्रवृत्तिहरूलाई समेटिएका छन् ।

## ३.७ निष्कर्ष

साहित्यका विभिन्न विधाहरू मध्ये निबन्ध पनि एक विशिष्ट विधा हो । त्यसैले यिनले साहित्यका विभिन्न विधामा कलम चलाएकी भएपनि अन्य विधा भन्दा भिन्न विधा निबन्धमा घलेले भाषा संस्कृति रङ्गमञ्च, समीक्षा, धर्म, चित्रकला, जस्तो कुराहरूको विश्लेषण गर्नुका साथै निबन्ध लेखनमा निरन्तरता र सफलता यिनी प्रारम्भिक चरणदेखि नै देखिन्छ । उनी आफ्ना निबन्धमा राष्ट्रिय राजनैतिक पार्टीका गुटउपगुट, राष्ट्रिय चाडपर्व, धर्मसंस्कृति, नारी समस्या जातजतिको हकको संरक्षण चिरफार तथा वर्तमानकालीन मानवीय प्रवृत्तिलाई विषय बनाउने गर्दछिन् । साथै सहजता, स्वाभाविकता, विषयवस्तुको मनोहरिता, रोचक शब्दको प्रयोगमा सुन्दरता, वाक्य संयोजनमा रमणीयता, भाव विचार र शैलीको अपूर्वसमन्वयले उनका निबन्ध उत्कृष्ट रहेका छन् । उनका निबन्धगत प्रवृत्तिहरूमा विषयगत, व्यापकता, व्यक्तिको आत्मप्रकटीकरण, भ्रमण प्रियता, जन्मस्थलप्रेमि, प्रकृतिप्रेमि, जातीप्रेमि, संस्कृतिप्रेमि, नारीवादी, निर्भीक, राष्ट्रप्रेमि, राजसंस्थाप्रेमि, गम्भीर विषयवस्तुको प्रस्तुति, चिन्तनमा गम्भीरता, प्रसङ्गहरूको रोचकता, कथनमा चातुर्यता, शैलीमा श्रुतिरम्यता, भाषामा आलङ्कारिता र प्रौढता, मध्य आयामको निबन्धको रचना गर्नु र सरल सहज बोधगम्य भाषाशैलीको प्रयोग रहेका छन् ।

## ३.८ निबन्धकार भद्रकुमारी घलेको योगदान र स्थान

निबन्धकार सुश्री भद्रकुमारी घलेलको साहित्यिक व्यक्तित्व वि.स.२००७ देखि नै प्रारम्भ भएको देखिन्छ । विधार्थी जीवनदेखि नै साहित्यप्रति झुकाव राख्ने यिनी सानैदेखि कविता प्रतियोगितामा भाग लिई विभिन्न पुरस्कार जीत्न पनि सफल भएकी थिइन् । उनको साहित्यिक लेखन कविता, कथा, नाटक, निबन्ध फाँटमा फैलिएको पाइन्छ । आदिवासी तमुँवेद पनि लेखेकी यिनले समसामयिक समाज र देश

राष्ट्रको परिस्थितिको मूल्याकङ्न र अवलोकन गर्दै अहिले पनि मनमा लागेका भावनाहरू आफ्ना साहित्यिक साधनामार्फत पोख्न रूचाउँछिन् ।

निबन्धकार भद्रकुमारी घलेको साहित्यिक व्यक्तित्व सबै भन्दा उर्वर रहेको क्षेत्र भनेको निबन्ध हो । यिनको साहित्यक व्यक्तित्वको मूल्याकङ्न गर्दा निबन्ध विधा मार्फत गर्नु आश्यक छ किनभने नेपाली साहित्यमा परिमाणत्मक र गुणात्मक रूपमा अद्वितीय योगदान दिएकी यिनले निरन्तर निबन्ध रचना र प्रकाशित गर्दै आइरहेकी छिन् । हालसम्म उनका निबन्ध कृतिहरूमा **राष्ट्रिय चिन्तन, समयदृष्टि, राजसंस्थाप्रति नेपालीको आस्था, सृष्टिको धरोहर नारी, आइमाई हिजो, आज र भोलि, आजको मेरो मन, आजको परिस्थिति, मेरो जीवन यात्रा, राष्ट्र राष्ट्रियता, जीवन र समाजसेवा, जनजातिका नवजागरण, नेपाल र आजको राष्ट्रिय सम्पदा, आजको माहोल, मान्छेमान्छे बनौँ र म** रहेका छन् । यिनी आफ्ना प्रकाशित निबन्ध कृतिहरूमा समसामायिक सामाजिक यथार्थ, पारिवारिक समस्या राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा महिलाहरूको स्थिति, महिलाको सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक परिवेशमा रहेको दयनीय अवस्था, राष्ट्रिय व्यक्तित्वको परिचय जस्ता विषयहरू उदात्त रूपमा आएका छन् ।

उनका निबन्धहरूमा तत्कालीन राजसंस्थाले गरेका राष्ट्रसेवा, महिलाहरूले आफ्नो हकहितको लागि गर्नुपर्ने कार्यहरू, कर्तव्यप्रति सजग रही स्वार्थी पुरुष मानसिकता, नारीलाई खेलाउनाको वस्तु, वास्नातृप्तिको माध्यम, मनोरञ्जनको साधन तथा महिलाहरूले आफ्नो जीवनमा गरेका शाहसीक कार्यहरू पनि उनका निबन्धहरूको विषयवस्तुको रूपमा आएका छन् ।

अध्यात्मिकवादबाट प्रभावित निबन्धकार घले आफ्ना निबन्धहरूमा अध्यात्मिकवाद र भौतिकवादको समन्वयबाट मात्र व्यक्ति, समाज, राष्ट्रको भलो हुने विचार व्यक्त गर्दछिन् । वर्तमान समयमा मानिसमा व्यभिचार, हिंसात्मक भावना, अत्यचार, लुटपाट, चोरी जस्ता प्रवृत्तिहरूको विकास भएकाले त्यस्ता विकृत मानसिकतालाई अध्यात्मवादले मात्र सही मार्गनिर्देश गर्न सक्ने विचार उनी निर्धक रूपमा व्यक्त गर्दछिन् । साथै उनले आफ्ना जीवनमा आएका स्वार्थी, नीच,

धोकेवाज, कट्टरपन्थी, विचार भएका व्यक्तिहरूको खुलेर विरोध गर्दै यस्ता मानिसहरूप्रति तीव्र आक्रोश व्यक्त गरेकी छिन् ।

हाम्रो दैविक तथा वैदिक इतिहासमा नारीलाई सृष्टिकर्ता, शक्तिको अर्को रूप तथा महतारीको रूपमा लिइएको चर्चा गर्दै नारीका विभिन्न दुर्गा सरस्वती, भगवती, लक्ष्मी, पार्वती, जस्तारूपको व्याख्या गरेकी छन् । आदिकालमा नारीको अस्तित्व पुरुष भन्दा सक्षम रूपमा रहेको तर समय परिर्वनसँगै नारीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुँदै गएकाले वर्तमान अवस्थामा नारीको सामाजिक अवस्था कमजोर हुन गएको कुरा पनि यिनले आफ्ना निबन्धहरूमा व्यक्त गरेकी छिन् । साथै नारी सम्वन्धी भएका अन्याय अत्यचार शरीरिक तथा मानसिक शोषण अनुशासनहीनता व्याप्त भ्रष्टचारी प्रवृत्ति सामाजिक विसङ्गतिलाई तीव्र व्यङ्ग्य प्रहार यिनका निबन्धले गरेका छन् ।

मूलतः नारीवादी निबन्धकारको रूपमा स्थापित उनले सरल, सहज, बोधगम्य, ग्रामीण भाषा शैलीको प्रयोग गरी निबन्ध सिर्जना गरेकी छन् । आत्मपरक, वस्तुपरक, वर्णनात्मक, विवरणात्मक निबन्ध लेखनशैलीलाई अपनाउदै लेखिएका उनका निबन्धहरूमा आन्तरिक तथा बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । समाज सुधार, मानवतावादी दृष्टिकोण, विकृत राजनीतिक पार्टीहरूको यथार्थ चित्रण, विभिन्न क्षेत्र र परिवेशमा कार्यरत महिलाहरूको चिनारी प्रदान गर्ने यिनको निबन्धकार व्यक्तित्व साहित्य आकाशमा उज्जवल नक्षेत्रका रूपमा चम्किरहने देखिन्छ ।

## परिच्छेद - चार

# भद्रकुमारी घलेका पहिलो चरणका निबन्ध सङ्ग्रहहरूको विश्लेषण

यस परिच्छेदमा निबन्धकार भद्रकुमारी घलेको निबन्ध कृतिहरूको विश्लेषणात्मक अध्ययन गरी प्रथम चरणमा प्रकाशित राष्ट्रिय चिन्तन, समय दृष्टि सृष्टिका धरोहर नारी निबन्धसङ्ग्रहमा रहेका निबन्धहरूको निष्कर्ष निकालिएको छ ।

## ४.१ राष्ट्रिय चिन्तन  निबन्ध सङ्ग्रहको विश्लेषण

निबन्ध सङ्ग्रह श्रीमती भक्तकुमारी घले जनकपुरद्वारा वि.स. २०४५ सालमा प्रकाशित  कृतिका दृष्टिकोणले तेस्रो  र निबन्ध कृतिका दृष्टिले  पहिलो कृति  हो । नेपालको  तत्कालीन राजसंस्थाले  नेपाली जनता राष्ट्रविकास तथा राष्ट्रिय हितका लागि गरेका प्रयासहरू  शान्तिप्रिय नेपालीका चाहाना,  नेपाली महिलाहरूको दुरावस्था तथा समाजमा व्याप्त सामाजिक,  साँस्कृतिक,  राजनीति जस्ता कुराहरूलाई  यस निबन्ध सङ्ग्रहमा समेटिएका छन् ।

**'राजसंस्था र धर्मबाट हाम्रो समस्याको समाधान'** यस निबन्ध सङ्ग्रहको यो  प्रथम निबन्ध हो । यस निबन्धमा  तत्कालीन राजसंस्थाले गरेका देश र जनताको आर्थिक विकास तथा विकास निर्माणका  कार्यहरूको विवरण प्रस्तुत  गरिएको छ । नेपाल हिन्दू धर्म, संस्कृति तथा राजसंस्था एकताको प्रतीक भएकाले नेपाल विश्वसामु साँस्कृतिक रीतिरिवाजले  चर्चित भएको कुरा यस निबन्धले प्रस्तुत गरेको छ । साथै वर्तमान अवस्था भौतिकवादले  अगाडि  बढेको र मानिसरू भौतिक सुख प्राप्तिको लागि अगाडि बढिरहेका छन् ;तर वास्ताविक  सुख  प्राप्त गर्न आध्यात्मिक पाटोलेमात्र सम्भव हुने कुरा पनि यस निबन्धमा चर्चा गरेकी छिन् । संसारमा व्याप्त अन्याय,  अत्याचार,  युद्ध, हिंसा, नरसंहार जस्ता कुराहरूलाई रोक्न भौतिकवादी चेतना नभई आध्यात्मिक चेतना फैलाउनु पर्ने वास्तविकतालाई  लेखक चर्चा  गर्दछिन् । **'हाम्रो शान्ति क्षेत्रको प्रस्ताव'**  प्रस्तुत निबन्धमा लेखकले  राष्ट्रिय प्रेम,  राजनीतिक, सामाजिक अवस्था,  देशको शासन व्यवस्था तथा नेपाली जनताले  चाहेको  नेपाली जनचाहना,  शान्ति क्षेत्रको चाहनालाई प्रमुख विषय बनाएकी  छिन् । जहानीँया राणा शासन र त्यसबाट चपेटिएको नेपाली

समाज, सामाजिक शिक्षाको अभाव तथा राणाहरूले तत्कालीन नेपाली नागरिकमाथि गरेको अन्याय शोषण दमनलाई विस्तृत रूपमा चर्चा गर्दै उनले यस निबन्ध मार्फत् नेपालीको मनोदशाको चित्रण गरिएकी छिन् । त्यसै गरी वि. सं. २००७ साल पछि नेपालमा आएको प्रजातन्त्रले पनि नेपाली जनचाहाना सम्मान कार्य गर्न नसेकेपछि तत्कालीन राजा श्री ५ वीरेन्द्रले नेपाललाई शान्ति क्षेत्रको रूपमा स्थापित गर्न गरिएको अथक प्रयास सहरानीय भएको चर्चा गरेकी छिन् । **शान्ति र प्रजातन्त्र** निबन्धमा नेपाली जनताले चाहाना गरेको शान्ति अपरिहार्य भएकाले देश विकास तथा मानवहितको लागि शान्ति एकता, सद्भाव, र राष्ट्रसम्मुनत विकासका लागि पनि शान्ति र प्रजातन्त्र अपरिहार्य भएको कुरा स्पष्ट रूपमा चर्चा गरेकी छिन् ।

**अछुत** निबन्धमा लेखकले समाजमा व्याप्त जातीय विभेद, वर्गीय विभेद, समाज र राष्ट्रको हित नहुने कुरालाई प्रकट गर्दै समाजमा यस्ता कुरीतिहरूलाई समाजबाटै जरैदेखि उखेल्नु पर्ने कुरा दर्शाएकी छिन् । साथै हाम्रो धार्मिक ग्रन्थमा कहीँ कतै छुवाछुतको चर्चा नभएकोले धार्मिक रूपमा पनि दण्डनीय भएको कुरालाई निबन्धमा देखाएइकी छिन् । **हाम्रो स्थिति र परिवारनियोजन** निबन्धमा उनले नेपालको तीब्र जनसंख्या बृद्धि र यसले पारेको प्रत्यक्ष प्रभाव अनि बढ्दो शिक्षित युवा, बेरोजगारीले देश आकान्त भएको कुरालाई चित्रण गरेकी छिन् । साथै जनसङ्ख्या बृद्धिले देशको विकासमा पारेका प्रत्यक्ष प्रभावलाई पनि यस निबन्धमा निबन्धकारले प्रकाश पारेकी छिन् । **नेपाली महिला वर्ग र न्यायप्रशासनिक क्लब, नारी श्रमको ह्रास र मूल्य महिला र समाजकल्याण, हामीले गर्नु पर्ने काम** जस्ता निबन्धमा नेपाली महिलाहरूले भोग्नु परेका सामाजिक, आर्थिक, शैक्षिक, लैङ्गिक विभेदलाई विषयवस्तु बनाउनु उनीहरूलाई विकास निर्माण कार्यमा अग्रसर हुनका लागि समाजबाट समाजमा रहेका सम्पूर्ण विभेदकारी नीतिलाई हटाई उनीहरूलाई शिक्षा प्रदान गर्नुपर्ने कुरामा जोड दिएकी छिन् ।

**श्री ५ बडामहारानी सरकार र नेपाली र श्री ५ बडामहारानी सरकार नारी र देशविकासमा देन** महिला वर्ग शीर्षकको निबन्धमा उनले तत्कालीन महारानीले महिला वर्गका उत्थानको लागि गरेका कार्यहरूको चर्चा गर्दै उहाँहरू यसकार्यबाट

हाल महिला समाजमा प्रतिष्ठित भएको विचार व्यक्त गरेकी छिन् । **मेरो दृष्टिमा कवि शिरोमणी लेखनाथ** शीर्षकको निबन्धमा उनले कविद्वारा लिखित कविता बालक बवुरो द्विज शुकनामा बाट प्रभावित भएको र प्रस्तुत कविताले सम्पूर्ण व्यक्तिहरूलाई आकर्षित गर्ने विचार व्यक्त गरेकी छिन् । **आजको स्थितिमा अध्यात्मकवादको खाँचो छ** यो निबन्ध प्रस्तुत निबन्ध सङ्ग्रहको अन्तिम निबन्ध हो । यस निबन्ध मार्फत् लेखकले संसारको विकासका खातिर भौतिकवाद भन्दा अध्यात्मकवादको खाँचो पर्दछ भन्ने कुरालाई चर्चा गरेकी छिन् । हामीलाई पौराणीक कालदेखि नै अध्यात्मतर्फ अग्रसर हुन अभिप्रेरित गरेको सन्दर्भलाई कोट्याउँदै भौतिक विकासले संसारलाई विकासतर्फ लगे पनि त्यसलाई एकआपसमा समन्वय गर्न पनि अध्यात्मवादको खाँचो पर्ने औंल्याएकी छिन् ।

प्रस्तुत कृतिको सम्पूर्ण विषयवस्तु सामाजिक, आर्थिक, साँस्कृतिक, राजनीतिक, नारी समस्या तथा समसामयिक रहेका छन् । यसरी विविध शीर्षक दिएर लेखिएको यस निबन्धसङ्ग्रहका निबन्धहरूमा सामाजिकसेवा, राष्ट्रियप्रेम, नारी समस्या समाधान जस्ता विचारहरू व्यक्त भएका छन् । संक्षिप्त आयामाका यी निबन्धहरूमा सरल सुबोध्य तथा बोधगम्य भाषाशैलीको प्रयोग भएका छन् ।

प्रस्तुत निबन्धसङ्ग्रह भित्रका विभिन्न निबन्धहरूमा उद्देश्यगत बाहुल्यता रहेका छन् । यस निबन्धसङ्ग्रका निबन्धहरूको जनहितका कार्यहरूको वर्णन गर्नु, सामाजिक, राष्ट्रिय स्तरमा थिचोमिचोमा परेका महिलाहरूलाई आफ्नो विकासका लागि अभिप्रेरित गर्नु, समसामयिक विषयवस्तु माथि लेखकीय विचार प्रस्तुत गर्नु तथा भौतिकवाद र आध्यात्मवाद बीचको संयोजनबाट समाजसुधार हुन्छ भन्ने कुरा देखाउनु मुख्य उद्देश्य रहेका छन् ।

## ४.२ **'समय दृष्टि' निबन्ध सङ्ग्रहको विश्लेषण**

**'समय दृष्टि'** निबन्ध घलेको दोस्रो निबन्ध कृति हो । २०५९ सालमा प्रकाशित प्रस्तुत कृतिमा विभिन्न विषयवस्तु रहेका २३ वटा निबन्धहरू समेटिएका छन् । आत्मपरक, वस्तुपरक, वर्णनात्मक, विवरणात्मक निबन्ध लेखन शैलीलाई आत्मसाथ

गर्दै लेखिएका यस कृतिमा वास्ताविक जीवनमा घटेका घटनाहरू समसामयिक भाव, परिस्थितिजन्य विविध विषयवस्तुलाई समेटिएका छन् । साथै उनले आफूले देखेका, भोगेका, विद्यमान, राजनीतिक परिस्थिति, तथा सामाजिक विसङ्गतीयुक्त परिवेशलाई पनि यहाँ समेटिएकी छिन् ।

**म ठीक गरिरहेको छु कि बेठीक** प्रस्तुत निबन्ध यस निबन्धसङ्ग्रहको पहिलो निबन्ध हो । यो निबन्ध लेखिकाले आफूले जीवनका भोगाइका क्रममा भोगेको यथार्थ घटनालाई विषयवस्तु बनाई लेखेकी हुन् । यस निबन्धमा आफूले माया, विश्वास, सहानुभूति प्रदान गरेको व्यक्तिबाट आफूले पाएको कपटपूर्ण धोकाको चित्रण गरेकी छिन् । मान्छे कति निर्दयी, कपट, स्वार्थी, विवेकहीन तथा अविश्वसकारी हुन्छ भन्ने कुरा कोट्याउँदै लेखिका आफूसँग आउने प्रत्येक नयाँ मान्छेप्रति सहयोग गर्न मनपरेको भए पनि सहयोगको हात झिकी उनीहरूमाथि शङ्का गर्नु पर्ने अवस्था आएको कुराको चर्चा गरेकी छिन् । मानिसको स्वभाव, चरित्र तथा मानवीय व्यवहारको चर्चा गर्दै उनी यस संसारमा लुच्चा, फटाहा, तथा स्वार्थी व्यक्तिहरूको बाहुल्यता रहेकाले यस्ता मानिसहरूले आफूलाई जीवनमा ठुलो धोका दिएको प्रसङ्ग यस निबन्धमा व्यक्त गर्दछिन् ।

**संयोग** यस निबन्धमा मानिसलाई चिन्न व्यवहार गर्नु पर्ने विचार व्यक्त गरेकी छिन् । बाहिरबाट हेर्दा मानिस सबै उस्तै देखिने तर उनीहरूको सङ्गतबाट धेरैले दिएका विश्वासघातका पीडाले अहिले पनि चिथोर्ने र थोरैले सहयोग र सद्भाव देखाएर आफूलाई ऋणी बनाएको कुरा यस निबन्धमा व्यक्तिएको पाइन्छ । आफ्नो रचनाको भूमिका लेख्न दिएका व्यक्तिहरूबाट समयमानै नआई पुगेको र आफू साहित्यिक सुझावको खातिर भेट्न जाँदा उनीहरूको परलोक बसाइले उनलाई मर्माहित बनाएको कुरा पनि यस निबन्धमा आएको छ । त्यसैगरी **संबैधानिक पदको कदर** निबन्धमा लेखिकाले राष्ट्र र राष्ट्रियताको लागि ज्यान दिने वलिदानी व्यक्तिहरूको कदर नभएकाले अब सबैले उनीहरूका कार्यलाई सह्राना गर्दै उनीहरूको व्यक्तित्वलाई सम्मान गर्न अग्रसर हुन आग्रह गरेकी छिन् । **सिन्धुलीको भविष्य** नामक निबन्धमा उनले सिन्धुलीको धार्मिक, साँस्कृतिक, आर्थिक, पौराणीक,

प्राकृतिक, सामाजिक वस्तुहरूको चित्रण गर्दै सिन्धुली पनि धार्मिक, साँस्कृतिक, रीतिरिवाजले गर्दा एक सफल पर्यटकीय स्थल हुन सक्ने बताउँदै यसको लागि आजैबाट तमाम सिन्धुलीवासी एकजुट भएर पर्यटन विकासको लागि जुट्नु पर्ने आवश्यकता औंल्याएकी छिन् । **प्रजातान्त्रिक सरकार र आजको स्थिति** निबन्धमा लेखिकाले तमाम जनजातिहरू शोषण, दमन, अन्याय, अत्याचार तथा उत्पीडनको सिकार भएकाले प्रजातन्त्र स्थापना पछि पनि उनीहरूको आवश्यकता नाजुक रहेकाले आफ्नो अधिकार प्राप्त गर्नको लागि जागरूक हुनु पर्छ भन्ने भाव समेटेकी छिन् । साथै केही जनजाति प्रजातन्त्र पछि जनजातिहरू आफ्ना हक अधिकारको लागि अगाडि बढेको प्रसङ्ग कोट्याएकी छन् । **हामी के बन्दछौं** निबन्धमा हामीले मानिसको आवरण बिर्सिएका छौं र मानिसहरू विवेकहीन बन्दै गएको, मानिसमा मानवीय व्यवहार हराउँदै गएको, सामाजिक भाइचारा जस्ता कुराहरू समाप्त हुँदै गएको विषय उठाएइको छ । **पत्र पत्रिकाहरू** मा राजनीतिक पार्टीहरू, राजनेताहरू आफ्ना कार्यहरू भुलेर आफ्नै स्वार्थ पूर्ति गर्न लागेको जनहित तथा राष्ट्रिय हितको कार्यहरू छोडेकाले पत्रपत्रिकाहरूले खबरदारी गर्नु पर्छ भन्ने विचार अभिव्यक्त भएको छ । **संस्था र हाम्रो कर्तव्य** निबन्धमा विद्यामान जनविरोध, विकृति, विसङ्गतिको अन्त्य गर्न संघसस्थाले निर्णयात्मक भूमिका खेल्नु पर्ने बिचार गर्दै जनताको हितको लागि आएको स्रोत तथा साधनलाई जनताकै हितका लागि खर्च गर्न संघसस्थाहरू लागि पर्नु पर्छ भन्ने विचार व्यक्त भएको छ । **तुषारापात** निबन्धमा राजपरिवार भित्र व्याप्त विकृति विसङ्गतिपूर्ण गतिविधिको चित्रण गरिएको छ । **अफगानमाथि अमेरीकन हमला** निबन्धमा लेखकले निर्भीक रूपमा एक स्वतन्त्र राष्ट्र अफगानमाथि अमेरीकी हमलाले पुऱ्याएको असरको तीव्र रूपमा असन्तुष्टि व्यक्त गरेकी छिन् । अमेरीका एक सम्बृद्ध राष्ट्र भए पनि मानवता विरोधी कार्य गर्ने एक आतंककारी राष्ट्र विरोधी राष्ट्रको संज्ञा दिएकी छिन् । पराराष्ट्रमा भएको आतङ्ककारी गतिविधिलाई समाप्त गर्ने नाममा राष्ट्र माथि नै आक्रमण गर्ने अमेरीकाको शैलीलाई अर्को राष्ट्रको सार्वभौम माथिको हमला भनेकी छिन् । धनी राष्ट्रहरूले गरिब राष्ट्रलाई गरेको अत्याचार परन्तुमा आफूमाथि फर्कने भविष्यवाणी गर्दै यस्ता कार्यहरू अमेरीका जस्तो देशहरूले त्याग्नु पर्ने विचार व्यक्त गरेकी छिन् । साथै विश्व शान्तिको नारा नारामा

मात्र सीमित नराखी राष्ट्रिय परराष्ट्रनीतिमा सुधार ल्याउनु पर्ने तर्फ यस्ता राष्ट्रहरूलाई सजग गराएकी छिन् ।

**कृषि प्रधान देशको स्थिति** निबन्धमा कृषि क्षेत्रको गिर्दो अवस्थालाई दर्शाउँदै यसको विकासमा सम्पूर्ण राष्ट्रिय शक्तिहरू एकजुट भएर अग्रसर हुन आह्वान गरिएको छ । साथै राष्ट्रिय राजनीतिको नेतृत्वबाट भएको गलत नीति निर्माणले कृषिले यस्तो दर्दनीय भोग्नु परेकोप्रति चिन्ता व्यक्त गरिएको छ । **देशको सङ्कटकालीन स्थिति** मा तत्कालीन जनयुद्धले नेपाली जनमानसमा पारेको प्रत्यक्ष प्रभाव, संत्रास तथा दैनिक जीवन भोगाइका क्रममा भएका सङ्कटपूर्ण अवस्थाको चित्रण गरिएको छ । साथै जनयुद्धले विकास निर्माण र मानवीय व्यक्तिको युद्धग्रस्त मानसिकता पनि यस निबन्धमा प्रस्तुत भएको छ ।

**मान्छे** निबन्धमा मानिसले आफ्नो मानवीय चरित्र, आफ्नोपन बिर्सदै गएकाले मानिसलाई देश, जनता, समाजप्रति कर्तव्यनिष्ठ, इमान्दार र विवेकशील बन्न आग्रह गरिएको छ । **विश्वस र मेरो धर्मको भाइ** निबन्धमा मानवीय अर्न्तसम्भावना, मानवीय सम्मान, आपसी सम्बन्ध, विश्वास आदिको चर्चा भएको पाइन्छ । **विवेकहीन हामी मान्छे** मा मानवीय संवेदना र मानवीय अस्तित्वको विषय उठाएको छ । यस निबन्ध सङ्ग्रहको अन्तिम निबन्ध **पुस्तकालय र हामी** हो । यस निबन्धमा पुस्तक सम्पूर्ण मानिसको ज्ञान आर्जन गर्न एक महत्वपूर्ण माध्यम र साधन भएको र पुस्तकालयको स्थापनाले समाजमा शिक्षित, विवेकशील, कर्मशील, राष्ट्रप्रेमी, समाजसेवी, कर्तव्यनिष्ठ व्यक्तिको सङ्ख्यामा बृद्धि गर्न सक्छ भन्ने विचार व्यक्त भएको छ । साथै पुस्तकालयमा विभिन्न पुस्तकहरूको अध्ययन गर्न सकिने हुनाले मानिसमा असल आचरणको विकास हुने विश्वास निबन्धकारको रहेको छ ।

यसरी निबन्धकार भद्रकुमारी घलेले यस निबन्ध सङ्ग्रहमा विभिन्न समसामयिक, सामाजिक, राजनीतिक, साँस्कृतिक, धार्मिक, आर्थिक, प्राकृतिक मानवीय जीवन, व्यक्तिगत चरित्र तथा राष्ट्रिय परिवेशलाई विषयवस्तु बनाएकी छन् ।

फरक-फरक विषयवस्तु समेटिएका निबन्धहरूले मानवीय चरित्रको उद्घाटन, प्राकृतिक तथा, मातृभूमिको अगाधप्रेम, समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना परिवेशको चित्रण गर्नु जस्ता उद्देश्य उद्बोधन गरेका छन् । विभिन्न स्रोतका शब्दहरूको प्रयोग भएको सरल, सहज, बोधगम्य भाषाशैलीको प्रयोगले यस निबन्ध सङ्ग्रह उत्कृष्ट रहेको छ । साथै आत्मपरक तथा वस्तुपरक दुबै शैलीमा लेखिएको यस निबन्ध सङ्ग्रहको निबन्धहरू भाषाशैलीगत दृष्टिकोणले सम्प्रेषणीय रहेका छन् ।

## ४.३ 'सृष्टिका धरोहर नारी' निबन्ध सङ्ग्रहको विश्लेषण

वि.सं. २०६१ मा प्रकाशित प्रस्तुत निबन्ध कृतिमा निबन्धकार घलेले झण्डैं ६ दर्जन नारी प्रतिभाहरूको जीवनलाई विषयवस्तु बनाएकी छिन् । यस कृतिमा सङ्कलित निबन्धहरू केही मात्रामा जीवनीपरक र धेरै मात्रामा सम्वन्धित व्यक्तिको मूल क्षेत्रको ख्यातिको जानकारी दिने जानकारीमूलक तथा सामाजिक यथार्थपरक देखिन्छन् । विभिन्न समय, सन्दर्भ, घटनासँग जोडिएका विषयवस्तु रहेको यस निबन्धसङ्ग्रमा दरबारदेखि घरबारसम्मका विशेष योग्यता भएका नेपाली महिलाहरूलाई चिनाउने काम यस निबन्धमा भएको छ ।

एक रथका दुई पाङ्ग्रा नारी हाम्रो समाजमा धार्मिक, साँस्कृतिक, आर्थिक रूपमा पछाडि पारिएका छन् । साथै पुरुषवादी सोच, हैकमवादी प्रवृत्ति, अन्धविश्वास, नारी शोषण, पुरातनपन्थी विचार आदि कारणले पनि नेपाली महिला पछाडि परेका छन । नारी सामाजिक, राष्ट्रिय प्रगतिका संवाहक हुन् । नारी सक्षम भएमा मात्र समाज र राष्ट्रको विकास सम्भव छ । नारीको प्रेरणा माया विना कुनै पनि पुरुषको जीवन सार्थक बन्न सक्दैन । पुरुषका सुख दुःखमा साथ दिई शाहस आँट प्रदान गर्ने महिला हुन् । त्यसैगरी घरव्यवहार सञ्चालनदेखि लिएर पुरुषको भाग्य बनाउने महिला आज, शोषीत, पीडित, दमित भएका छन् । किनभने पुरुषवादी समाजमा महिलाहरूलाई अवला, कमजोर ठानी उनीहरूलाई अनावश्यक मानसिक, शारीरिक यातना दिइएका छन् । जस्को कारणले महिलाहरू स्थापित हुन नसकेको कुरा **आजको महिलाको एक हक हित प्रतिबद्धतता, हिन्दू धर्ममा नारीको**

**कल्पना, समाजले अन्याय गरेको महिला वर्ग र नारी** आदि निबन्धमा अभिव्यक्त भएका छन् । निबन्धकार घलेले महिला पुरुष भन्दा कुनै पनि कार्यगर्न कम नभएकोले त्यस्ता कार्यहरू पुरुष बराबर गरेर देखाउन महिलाहरूलाई आह्वन गरेकी छन् । आफ्नो क्षमताको पहिचान गरी आफ्ना हक हित प्राप्तिका लागि महिलाहरू नै अग्रसर हुनु पर्ने कुरामा जोड दिएकी छिन् । नारी र पुरुषमा भेदभाव छुट्याउनले समाज र राष्ट्रको विकास सम्भव भएको बताउँदै यस्ता भेद्भावहरूले समाजमा द्वन्द्व सिर्जना गर्ने विचार व्यक्त गरेकी छिन् । हाम्रा धर्मशास्त्रले पनि नारी र पुरुषमा असमान व्यवहार गरेकैले आज महिलाहरू पुरुषको तुलनामा पछाडि परेको औंल्याउँदै **छोरा जन्माउँदा खसी, छोरी जन्माउँदा फर्सी** भन्ने नेपाली उखान परिचर्चा भएको कुरा उनले व्यक्त गरेकी छन् । समाज र राष्ट्रको तीव्र विकास चाहने हो भने महिला र पुरुषमा कुनै भेदभाव नछुट्याई समान व्यवहार र महिला हितको लागि प्रतिशतमा सीमित नगरी सम्पूर्ण समान कार्यहरूमा समान पहुँच पुऱ्याउँनु पर्ने कुरामा जोड दिएकी छन् ।

मर्यादाक्रम अनुसार सर्वप्रथम श्री ५ मुमा बडामाहारानि रत्नराज्यलक्ष्मी देवी शाहको गम्भीर र महान् चरित्रकोबारेमा स्वोतः स्फूर्त विचार राखेकी छन् । उहाँको जीवनको वसन्तदेखि उत्तारार्धसम्म आइपुग्दा देख्नु, भोग्नु र सहनुपरेका त्रासदीय दुःखान्त घटनाहरूको विवेचना गरेकी छिन् । नेपाल राष्ट्रकी बडामहारानी कोमलराज्यलक्ष्मीदेवी शाहको विशाल कोमल तथा ममतामयी विचारको उल्लेख गरेकी छन् । राष्ट्रनायिका यिनी पटरानी भएको विचार व्यक्त गरेकी छन् । श्री ५ ऐश्वर्य नेपाली राजसंस्थामा सवैभन्दा भाग्यमानी नारी भएको कुरा दर्शाउँदै नेपालको इतिहासमा ३० वर्षसम्म राज्य सञ्चालनमा महत्वपूर्ण सहयोग पुऱ्याउने व्यक्तित्वको रूपमा चिनाएकी छन् । आफ्ना जीवनका धेरै समय जनता र राष्ट्रप्रति समर्पित गर्ने यिनी आफ्नो हृदयराजा तथा तत्कालीन राष्ट्रनायक श्री ५ विरेन्द्रसँगै स्वर्ग भइन् । यसरी दिवङ्गत हुने यिनको कार्यको प्रशंसा गर्दै घलेले अपूर्व व्यक्तित्वकी धनी राष्ट्रसेवाप्रति समर्पित, सामाजिक सेवा तथा साहित्यिक सेवामा तल्लीन महिला नेतृको रूपमा यिनलाई चिनाउछिन् । त्यसैगरि श्री ५ प्रीन्सेस शाहको सामाजिक

परोपकारी व्यक्तित्वको चर्चागर्दै नारी हितका लागि त्याग तपस्या योगदान दिने राष्ट्रप्रेमि व्यक्ति भएको कुरा दर्शाएकी छिन् ।

यस पछि सामाजिक सेवामा दिलोज्यान दिने महिला व्यक्तित्व दिलकुमारी श्रेष्ठ (मेची आमा) आफ्नो जीवनको उत्तरार्धमा पनि सामाजिक विकास तथा राष्ट्र विकासको लागि सदा तत्पर रहने उनको उत्साह, धैर्य, परोपकारीपनबाट देश र नारी दुवै धन्य भएको चर्चा गरेकी छन् । वि. सं. २०१७ राजनीतिमा होमिएकी प्रथम नारी मन्त्री द्वारिकादेवी ठकुरानीको राष्ट्रसेवाको अमूल्य योगदानको पनि चर्चा गरेकी छन् । नेपालकै प्रथम प्रधानपञ्च भक्तकुमारी घले एक कर्मठ, साहसी, हकी र न्यायप्रेमि नारीको रूपमा यहाँ चित्रण गरिएको छ । त्यति मात्र नभएर समग्र गुरुङ जातीको विकासमा लिप्त हुने यी नारी २५ वर्षको उमेरमा विधुवा भएर पनि तत्कालीन सामाजिक परिवेशमा हरेस नखाई दुर्गम जिल्ला सिन्धुलीमा जाँगर र परिश्रम गरेर गाउँकै मुहार फर्ने कर्मवीर नारी भएको कुरा उल्लेख भएको छ ।

नेपालको राष्ट्रिय वीरङ्गना तथा विश्वमै नारीहरूको नाम उच्च राख्ने कार्य गर्ने पासाङल्हामु शेर्पाको गौरवमय सगरमाथा आरोहण र यस कार्यले सम्पूर्ण नारीहरूलाई साहसी कार्य गर्न सधैं प्रेरित गर्ने कुरा यहाँ व्यक्त भएको छ । साथै समाजमा रहेका पुरुषबाट तिरस्कृत नारी लक्ष्मी शर्माबाट कर्मठ र दृढसङ्कल्पित नारी त्यस्ता समस्यासँग सधैं लड्न तत्पर रहने कुरा सिकिएको कुरा उल्लेख गरेकी छन् । नेपालकी पहिलो छात्रावास सञ्चालक लक्ष्मी शर्माबाट सङ्घर्ष गरेर महिलाहरूले परिवार, समाज र राष्ट्रलाई उतुलनीय सहयोग गर्न सक्छन् भन्ने कुरा व्यक्त गरेकी छन् । सामाजिक तथा साहित्यिक क्षेत्रमा समर्पित नारीहरूको योगदानको कदर गर्दै बुनु लामिछानेबाट सुरू गरी देवकुमारी थापा, पारिजात, माधुरी भट्टराई, गोमा, रमोलादेवी, प्रा. डा. उषा ठाकुर, प्रा. डा. गार्गी शर्मा, लक्ष्मी उप्रेती, बिमला मास्के, कमल शाह, कल्पना विष्ट, कमल राणा, मङ्गलादवी सिंह, सरस्वती राई, शान्ता पोखेल, पुण्यप्रभादेवी ढुङ्गना, बम कुमारी बुढा, विद्यादेवी देवकोटा जस्ता बाह्रजना नारी साहित्यकारका बारेमा यसभित्र

चर्चा भएका छन् भने कर्म क्षेत्रका नारी, राजनीतिज्ञ, समाजसेवी र ३३ जना अन्य नारी हस्ताक्षरको पनि चर्चा यहाँ भएको छ ।

निबन्धकार भद्रकुमारी घलेले नारीहरूको व्यक्तित्वबाट समाजको विकासमा उनीहरूले पुऱ्याएको योगदानलाई प्रकाश पार्दै उनीहरूको सम्मान र सम्झना सम्पूर्ण व्यक्तिहरूले गर्नुपर्ने कुरा औँल्याएकी छन् । यी विभिन्न प्रतिभा भएका नारी प्रतिभाहरूको चर्चा गर्दै घलेले सम्पूर्ण आमा जातिहरूको गौरवको गुणगान गाएकी छन् ।

यथार्थ सामाजिक व्यक्तित्वका जीवनलाई विषयवस्तु बनाई लेखिएको यस निबन्धमा ओझेलमा परेका नारी प्रतिभाहरूलाई उजागर गर्नु, नारीहरूको साहसी कार्यबाट पुरुषहरूले पनि साहसी कार्यहरू गरी राष्ट्र विकासमा सहयोग पुऱ्याउने विचार व्यक्त गर्नु, नारीहरूलाई दैवी शक्तिको एक महत्वपूर्ण अङ्गको रूपमा चिनारी गराउनु, सङ्घर्षबाट नै जीवन सार्थक हुन्छ भन्ने कुरा देखाउनु, पुरुष हैकमवादी सोचको तीव्र विरोध गर्नु, नारीहरूले आफ्नो कतर्व्य, क्षमता, स्तर हेरेर कार्य गरेमा सफलता प्राप्त गर्न सक्छन् भन्ने कुरा दर्शाउनु जस्ता यस निबन्धसङ्ग्रहका निबन्धहरूको उद्देश्य रहेका छन् । यस निबन्धसङ्ग्रहमा सरल, मौलिक, सहज, वोधगम्य भाषाशैलीको प्रयोग हुनुको साथै वर्णनात्मक आत्मपरक निबन्ध लेखन शैलीको प्रयोग भएको छ । विषयबस्तु चयन निबन्ध लेखन शैली तथा ग्रामिण शब्दावलीको प्रयोगले यो निबन्धसङ्ग्रह अन्य निबन्धसङ्ग्रह भन्दा उत्कृष्ट रहेको छ ।

## परिच्छेद - पाँच

# भद्रकुमारी घलेका द्वितीय चरणका निबन्ध सङ्ग्रहहरूको विश्लेषण

यस परिच्छेदमा भद्रकुमारी घलेद्वारा लिखित आइमाई हिजो आज भोलि, सृष्टिका धरोहर नारी, जनजातिको नवजागरण (अप्राप्त), राष्ट्र र राष्ट्रियता, जीवन र समाजसेवा, मेरो जीवन यात्रा, मेरो आँखामा म, अहिलेको परिस्थिति र नेपाल र आजको स्थिति निबन्ध सङ्ग्रहको विश्लेषण गरिएको छ ।

## ५.१ 'आइमाई हिजो आज भोलि' निबन्ध सङ्ग्रहको विश्लेषण

**आइमाई हिजो आज भोलि** निबन्धसङ्ग्रह वि.सं. २०६२ फाल्गुणमा प्रकाशित भएको हो । यस निबन्धसङ्ग्रहमा नारीसम्बन्धी ३१ शीर्षकका निबन्धहरू सङ्कलित रहेका छन् । सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक रूपमा पछाडि परेका नारीप्रतिको पुरुष हैकमवादी सोचाइ तथा नारी सम्बन्धी समसामयिक विषयवस्तु यसमा समेटिएका छन् ।

**इतिहासकालमा महिला** प्रस्तुत निबन्धसङ्ग्रहको यो पहिलो निबन्ध हो । यस निबन्धमा घलेले बैदिक र दैविक कालमा समाजमा महिलाको स्थान उच्च तहमा रहेको र समाजका अगुवा पनि महिला नै भएको कुरा दर्शाएकी छन् तर वर्तमान समयमा महिलाको स्थान ज्यादै नाजुक पुगेको जनाउँदै महिलाहरू परावलम्वी, क्षमताहीन समाजको बोझ भएर बस्नु परेको तर्फ इङ्गित गर्दै अब नारीहरू राष्ट्र निर्माणमा, मानव समाज सञ्चालनमा लगाउनु पर्ने, युगअनुकूल परिचालन आफै हुनुपर्ने कुरामा जोड दिएकी छन् । **पहिलो मानव समाजको स्थितिमा नारी** निबन्धमा घलेले मातृत्वको वर्णन गर्दै वैदिक कालमा महिलाहरूमा शक्ति, साहस, उत्साह भएकोले नारीहरूलाई देवीको रूपमा पुजा गर्ने चलन भएको कुरा व्यक्त गरेकी छन् । साथै अहिलेको परिस्थितिमा पनि महिलाहरूलाई सम्मान गरी असल आमा निर्माण गरी भोलीका सन्ततिहरूलाई असल आमा दिनुपर्ने कुरा औंल्याएकी छन् । असल आमा भएमा मात्र सन्तान पनि असल, सहयोगी, सद्भावी, राष्ट्रप्रमी, समाजसेवी हुनेकुरा घलेले यसमा निबन्धमा व्यक्त गरेकी छन् ।

**मातृप्रधान समाज र ह्रास** यस निबन्धमा घलेले परापूर्वकालमा मानव समाजको सृजना मातृसत्ताबाट सुरू भएको जनाउँदै अहिले पुरुष प्रधान समाजले महिलाहरूको अवस्थालाई दयनीय बनाएको यथार्थलाई औँल्याएकी छन् । साथै पुरुषप्रधान समाजबाट भएका अन्याय, विकृति जस्ता सन्दर्भहरू उठाउँदै 'दुधको गुणको पुत पिउरी गुणको सूत' भने जस्तो कुरा तर्फ लेखक इङ्गित गर्दछिन् ।

**मानिसको वास्तविक दासताको कारण के हो ? र पुरुष शासित नारी** निबन्धमा घलेले महिलाको उन्नति हुननसक्नुको कारण पुरुषको स्वार्थीपन, नारी सहनसिलता, पुरुषको आज्ञाकारिणी, परम्परा, सँस्कार जस्ता कुराहरूलाई औल्याउँदै लेखेकाले अब यस्ता स्वार्थी तथा सामाजिक सँस्कार त्यागी आफ्नो अधिकार प्राप्त गर्न डटेर लाग्न पर्ने तर्फ दिशा निर्देश गरेकी छन् । नारी परापूर्वकालदेखि नै आफ्नो कर्तव्य पूरा गर्दै आएको जनाउँदै लेखक जन्म दिने आमाको सेवा माया, ममता, वात्सल्य, त्याग र तपस्यको मुकाविला गर्न कसैले नसक्ने हुनाले अव महिला आफूलाई दासत्व जीवनमा धकेल्नेहरूसँग मुकाविला गर्न अग्रसर हुनु पर्दछ भन्ने विचार व्यक्त गर्दछन् । **स्वास्नी मान्छेकोबारेमा सोचाइ** निबन्धमा घलेले पशिचमी र उत्तरी संस्कार र सभ्यतामा हुर्केका मान्छेहरूले महिलाहरूकोबारेमा सोच्न नसक्ने जनाउँदै महिला भनेका निस्वार्थी, परिश्रमी, ममतामयी, सृष्टिकर्ता भएकोले नारीमाथि समाजमा भइरहेका अन्याय अत्यचार शोषण, दमन जस्ता कुराहरूलाई समाजबाट जरैदेखि उखलेर फाल्नु पर्ने विचार व्यक्त गरेकी छन् । **स्त्रीको स्थिति र चरित्र** मा सिमोन द बोउबारले आफ्नो पुस्तकमा व्यक्त गरेकी विचारसँग आफ्नो मत नमिल्ने धारण व्यक्त घलेले नारी व्यभिचार, अन्याय, अत्यचार, शोषण, दमन, यातना, हिँसा, बलत्कार गर्ने व्यक्तिहरूको कहिले उत्थान नहुने बरू तिनीहरू आफै पतन हुँदै जाने दृढ विचार व्यक्त गरेकी छन् । **स्त्री त्यस्ती पैदा हुँदिन, उसलाई स्वार्थी पुरुषहरूले दासी बनाउँछ** निबन्धमा घलेले नारी प्रकृति झैँ सरल, निश्चल हुने तर समाजका पुरुषहरूले महिलाहरूलाई जानिबुझी बुझ पचाएर अधिकार दिन नचाहने, नारीलाई पुरुषसरह अधिकार दिएमा टाउकामा टेक्छन् भन्ने कट्टर विचार भएकाहरूले महिलाहरूलाई अगाडि बढ्न नदिएको विचार

व्यक्त गरेकी छन् । **पूँजीबादले जन्माएको ब्यश्यावृत्ति** निबन्धमा घलेले स्वार्थी पुरुष स्त्रीलम्पट तथा संसार पैसा विना चल्न नसक्ने भएकोले वर्तामान समयलाई ब्यश्यावृत्तिको प्रमुख कारकका रूपमा सुझाएकी छन् साथै सामाजिक रूपमा बहिस्कृत, पुरुषबाट तिरस्कृत, गरिवी अशिक्षाले गर्दापनि नारीहरू बेश्यावृत्तिमा लागेको जनाउँदै उनीहरूप्रति यस निबन्धमा लेखक समवेदना प्रकट गर्दछिन् । **आर्थिक अभावमा महिला वर्गको भूमिका** निबन्धमा निबन्धकार घलेले महिलाहरूले आफ्नो क्षमता पहिचान गरी रचनात्मक कार्यहरूमा लागेर परिवारलाई आर्थिक सम्मुनत बनाउन पट्टि लाग्नु पर्दछ र कुनै कसैको प्रभोलन, लोभ, लालसा जस्ता कुरामा नलागी पुरुषको दासी भएर बस्न नहुने तर्फ इङ्गित गरेकी छन् । **नारी सङ्ख्या किन धेरै छ** ? निबन्धमा घलेले ठुलाठुला युद्ध र जोखिमपूर्ण कार्य अनि सङ्घर्षपूर्ण कार्यमा पुरुष भएको अनि पुरुषहरूले नारीहरूलाई भोग्यावस्तुको रूपमा प्रयोग गरेका हुनाले नारीको सङ्ख्या धेरै हुनगएको विचार व्यक्त गरेकी छिन् । **नारी के हो ? र अरूले के भन्छन्** ? निबन्धमा घलेले विश्वको महान् व्यक्ति माओ, क्लारा जेटकिन्, मार्कस्, लेलिन, स्टालिनहरूले महिलाहरूलाई बाँस्नाको भाँडो, मनोरञ्जनको साधन, मान्छेको जन्माउने साधन भन्ने विचार व्यक्त गरेकोमा उनको मन दुखेको जनाएकी छन् तर हाम्रो दैविक तथा वैदिक युगमा नारीहरूलाई एक शक्तिको रूपमा पुजीने गरेकोले अहिलेको परिस्थितिमा पनि उनीहरूलाई सम्मान पूर्वक जीवन जिउन दिनुपर्दछ भन्ने भाव व्यक्त गरेकी छन् । साथै समाजमा व्याप्त पुरुषवादी सोच अब पलायन हुँदै गएको र अब महिलाहरूले आफ्नो कर्तव्य सामर्थ्य पहिचान गरी आफूलाई समाजमा एक शक्तिको रूपमा स्थापित गराउनु पर्ने विचार व्यक्त गरेकी छन् ।

**आजको पुरुष शासित समाजको सोचाइमा परिवर्तन** निबन्धमा निबन्धकार घलेले आजको समयमा नारीप्रतिको दृष्टीकोणमा व्यापक परिवर्तन आएको र महिलाहरूले पनि सहनशील, पुरुषको काँधमा काँध मिलाई कार्य गरेका, सृष्टिकर्ता, सहधर्मी, बात्सल्य र निस्वार्थ कार्य गरेका छन् । समाज निमार्णका कार्यमा सहभागी भएका र उनीहरू पनि पुरुषसरह कार्यहरू गर्न सक्षम भएकाले महिलाहरूपनि पुरुष

सरह भएका छन् भन्ने कुरा व्यक्त गरेकी छन् । **हामी नारीले पनि आफूलाई परिवर्तन गराउन सक्नु पऱ्यो** निबन्धमा घलेले महिलाहरूले महिलाहरूलाई हेर्ने विचारमा परिवर्तन ल्याई आफूले गर्नुपर्ने काम, कर्तव्य जिम्मेवारीलाई ध्यान दिनुपर्छ यदि कसैले हाम्रो कमजोरी खोजी तल झार्ने प्रयास गर्छ भने उनीहरूलाई हामीले हाम्रो कार्यमाथि प्रश्न उठाउन दिनुहुँदैन भन्ने विचार व्यक्त गरेकी छन् । **आमा वर्गले उठाउनु पर्ने लाभ** मा निबन्धकार घलेले स्वार्थी पुरुषले नारीलाई भोगी, स्वार्थ पूर्ति गर्ने साधन, परालम्वी, अल्छी, विलासी, थाङ्नाको पुतली बनाएकोले यी कुराहरूबाट पाठ सिकी अब आमाहरू आफ्नो अधिकार प्राप्ति स्वरक्षा, आत्मसम्मानका लागि जुट्नु पर्ने र राष्ट्रमा हाल भइरहेको हत्या हिंसा तथा युद्धबाट आक्रन्त जनताहरूलाई जोगाउन पर्ने विचार व्यक्त गरेकी छन् ।

**राज्य व्यवस्था र महिला, कानुनी स्थिति** निबन्धमा निबन्धकार घलेले महिलाहरूलाई कुशल, सक्षम, राष्ट्रप्रेमी, सुशिक्षित गराउन राज्यले तगरूक्ताका साथ कार्य गर्नु पर्ने र त्यस्ता कार्य गर्ने गराउन कानुन निर्माण गरी देशमा लागू गर्नु पर्ने विचार व्यक्त गरेकी छ । **महिला र आर्थिक स्वतन्त्रता, महिला वर्गमा आर्थिक क्रान्ति** निबन्धमा घलेले महिलाहरूलाई स्वतन्त्ररूपमा कार्य गर्न दिएमा उनीहरूले आफ्नो विवेक र मिहनेतले आर्थिक क्रान्ति गर्न सक्षम हुन्छन् भन्ने कुरा व्यक्त गरेकी छिन् । त्यसै गरी राष्ट्रय तथा अर्न्तराष्ट्रिय स्तरमा नारीले आफ्नै क्षमताबाट परूषले पनि आँट गर्ननसकेका आर्थिक कार्यहरू गरी आर्थिक वृद्धिमा कायपलट गर्न सकेका कुरा अभिव्यक्त गरेकी छन् । **महिला विकास र लाभ** मा उनले नारी र पुरुष एक रथका दुई पाङ्ग्रा भएकाले नारीको विकासबाटै समाज र राष्ट्रको विकास सम्भव भएको विचार व्यक्त गरेकी छन् । **सुयोग्य आमाको खाँचो** मा उनले देवकालमा महिलाको अवस्था पुजनीय रहेको प्रसंग कोट्याउँदै सम्पूर्ण आमाहरूलाई कर्तव्यनिष्ठ, सहनशील, लगनशील, सुयोग्य, ममतामय, वात्सल्यप्रेमी हुन आग्रह गरेकी छन् । **जन्माउने आमा नै मानव समाजको पहिलो शिक्षिका** निबन्धमा घलेले आमा असल शिक्षित भएमा मात्र परिवार, समाज र राष्ट्र शिक्षित र सभ्य हुने र उनीहरूबाट जन्मिएका बालबच्चाहरूपनि राष्ट्रप्रेमी, असलनागरिक हुनेविचार व्यक्त गरेकी छन् ।

**महिला सशक्तिकरण पहिले र अहिले** निबन्धमा महिला पहिलेको अवस्थामा सुदृढ रहेको तर वर्तमान समयमा नारीको अवमूल्यान हुँदै गएको विचार व्यक्त गरेकी छन् । **कुमारी आमाले जन्माएको साँढे पुत्र** निबन्धमा उनले हाम्रो समाजमा कुमारी आमा प्रतिको धारण नराम्रो भएकोले त्यस्ता समाजमा व्याप्त कुमारी आमाप्रतिको विकृत सोचाई, विसङ्गति प्रति तीव्र आक्रोस र व्यङ्ग्य प्रहार गरेकी छन् ।

नारी जीवनको यावत् पक्षहरूको उद्घाटन गरिएको, नारी जीवनको गौरवमय गाथा गाइएको प्रस्तुत निबन्धसङ्ग्रहमा ऐतिहासिक, सामाजिक, समसामयिक, यथार्थमा आधारित विषयवस्तु पाइन्छ । सरल, सहज बोधगम्य भाषा शैलीको प्रयोग भएको यस निबन्धसङ्ग्रहमा नारीप्रतिको पुरुषवादी सोचको चिरफार गर्नु, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिवेशका व्यक्तित्वहरूको नारीप्रतिको धारणाको खण्डन गर्नु, नारीलाई आफ्नो क्षमता पहिचान गरी सृजनात्मक कार्य तर्फ अग्रसर हुन आह्वान गर्नु, महिलाहरूलाई आफ्नो हक अधिकार प्राप्तिको लागि एक जुट भई अगाडि बढ्न प्रेरित गर्नु जस्ता विशेषता पाईन्छन् । आत्मपरक शैलीमा लेखिएको यस निबन्धसङ्ग्रहका निबन्धमा विभिन्न स्रोतका शब्दहरूको प्रयोग, मौखिक भाषाका शब्दहरूको प्रयोग र विभिन्न उखान टुक्काहरूको प्रयोग भएको पाइन्छ ।

## ५.२ 'राष्ट्र र राष्ट्रियता' निबन्ध सङ्ग्रहको विश्लेषण

प्रस्तुत निबन्धसङ्ग्रह भित्र व्यक्ति केन्द्रित विषयवस्तुको बाहुल्यता रहेको छ । साहित्यकार, राजनीतिज्ञ, सेवक जस्ता व्यक्तिहरूमा केन्द्रित रचनाहरूमा उनले व्यक्तिका प्रभाव परक गुण भन्दा उनीहरूका गुणदोषको वर्णन गरेकी छिन् । **वर्तमान नेपालको अवस्था उपप्रधानमन्त्री आइमाई पनि** निबन्धमा घलेले सुजाता कोइरालाको उपप्रधानमन्त्रीत्व सामर्थ्यलाई उजिल्याउँदै नेपाली राजनीतिमा महिला सहभागिता उच्च तह सम्म फैलाउदै गएको सन्दर्भ उल्लेख गरेकी छिन् । नारीहरूसँग पनि सामर्थ्य र विवेक भएको हुनाले अवसर पाए उनीहरूले जस्तोसुकै कठिन काम पनि गर्न सक्छन भन्ने कुरा यहाँ व्यक्त भएको छ । व्यक्तित्वको परिचयीकरणमा भन्दा पनि नारीत्वका भावानले यो रचना संरचित भएको छ । **लफ्टिनेन्ट कर्णेल लक्ष्मण गुरुङ र भरत गुरुङ** शीर्षकको निबन्ध मा विसौं शताब्दीको

प्रारम्भमा वीरत्व प्रदर्शन गर्ने लक्ष्मण गुरुङ र भरत गुरुङको व्यक्तित्वलाई प्रकाश पारिएको छ । १९०३ को कोतपर्वमा सहयोग पुऱ्याउने लक्ष्मण गुरुङ र १९१२ को भोटको लडाँइमा विजय हासिल गर्ने भरत गुरुङ जस्ता व्यक्तिहरूको महत्व प्रतिपादन गर्ने इतिहास र वर्तमानका गुरुङ जातिका उच्च व्यक्तिहरूलाई समेत यहाँ चिनाएको छ ।

यसै गरी **कवि लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी** निबन्धमा घलेले अथक र उच्च साहित्य साधक एवम् युग निर्माता स्रष्टाव्यक्तित्व लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी कार्यक्रमबाट उनको साहित्यको योगदानलाई संस्मरण गरेकी छिन् । कार्यक्रममा आयोजक नरेन्द्र प्रसाईको समेत प्रशंसा गर्दै उनले देवकोटाको चिनारी हरेक पुस्ताका नागरिकमा संचरित गराउँदै लानुपर्ने कुरालाई समेत यहाँ औल्याएकी छिन् । नेपालको पहिलो राष्ट्रप्रति रामवरण यादबको ऐतिहासिक र गुणपरक व्यक्तित्वलाई प्रकट गरिएको छ । यसमा राजनीतिक उनुदरता र प्रत्यक्ष शासनको लोभ लालच नभएका राष्ट्रपति यादवलाई घलेले राष्ट्रवादी व्यक्तित्वका रूपमा उद्घाटन गरेकी छिन् । **सैनिक प्रधान सेनापतिमा छत्रमान गुरुङज्यूमा शुभकामना** निबन्धमा छत्रमान गुरुङको वाल्यकाल वंश परम्परा, स्वभाव, शिक्षा र राजनीतिक इतिहास प्रकाश पारिएका छन् । गुरुङ सँगको भटघाटबाट प्रभावित भएकी उनी आफ्नो अनुभूतिहरूलाई यस निबन्ध मार्फत गुरुङ प्रति शुभकामना व्यक्त गनै सफल भएकी छिन् । **श्री झागल गुरुङ** शीर्षक निबन्धमा पृथ्वीनारयण शाह कालीन राजनीतिक इतिहारसमा योगदान दिने झागल गुरुङका प्रकाश पारिएका छन् । पृथ्वीनारयण शाहका सहयोगी बनेका गुरुङलाई ऐतिहासिक परिप्रेक्षमा चिनाउदै घलले राजखान्दनका परिवेश र दरबारमा गुरुङको प्रवेश एवम् त्यसबाट उनमा उत्पन्न आश्चर्य अनुभूतिको चर्चा यहाँ गरेकी छन् । सैनिक सल्लाहाकार र योजनकारका रूपमा रहेका गुरुङलाई यस निबन्धमा कुशल इमान्दार र भरपर्दो राष्ट्रसेवकको रूपमा चित्रण गरिएको छ ।

राजनीतिक विषयवस्तुमा आधारित निबन्धहरूमा घलको राजनीतिक इतिहास र वर्तमान कालीन राजनीतिक परिवेशलाई महत्वदिई निबन्ध सिर्जना गरेकी

आधुनिककालीन नेपाली राजनीतिको चित्रण खिज्दै वर्तमान राजनीतिक सङ्कटको खाडल फैलदैं गएको कुरालाई उद्घाटन गरिएको छ । वर्तमानको राजनीतिकमा संकट देखा परेपनि यो पहिचानको उत्कर्षमा पुगेकोले सन्तुष्ट रहकी छन् । **सौभाग्य र एमाले** शीर्षकको निबन्धमा निबन्धकारले पूर्वयोजना र राजनीतिक परिकल्पनाबाट पृथक रहेर एमालेले सत्ता प्राप्त गरेको कुरालाई उद्घाटन गरिएको छ । तत्कालीन सत्ताधारी प्रचण्ड र माओवादीका अदूर्दशी राजनीतिका कारण असफल भएको र एमालेको अभ्यूदयको यहाँ चर्चा गरिएको छ ।

साहित्यक विषयक निबन्धहरूमा घलेले आफ्ना साहित्यिक मान्यता भन्दा पनि नेपालको साहित्यिक गतिविधिलाई अंशतः चिनाउने प्रयत्न गरेकी छन् । **अर्न्तराष्ट्रिय नेपाली साहित्य समाज** शीर्षकको निबन्ध मा निबन्धकारले यसै नामक संस्थाले काठमाडौंमा गरेको तडकभडकयुक्त कार्यक्रमको चर्चा गरिएको छ । विवरणात्मक शैलीको यस निबन्धमा भड्किलो खर्च गर्ने साहित्यिक संस्थाको विरोध गर्दै प्रवाशी नेपालीहरूको विदेशी भूमिमा नेपाली साहित्यलाई मलजल गरिरहेको अवस्थाप्रति प्रशंसा भाव व्यक्त गरिएको छ । यसै गरी **महाकवि देवकोटा शतवार्षिकी समारोह** शीर्षकको निबन्धमा घलेले देवकोटाको सम्भनामा गरिएको साहित्यिक गतिविधिलाई मुख्यरूपमा चिनाएकी छन् । यसमा पुस्तक विमोचन, अभिनन्दन समारोह, नगद पुरूस्कार प्रदान जस्ता कार्यक्रमलाई विवरणात्मक रूपमा प्रस्तुत गर्दै देवकोटाको साहित्यिक व्यक्तित्वलाई आशिंक रूपमा प्रकट गरिएको छ ।

त्यसैगरी **आजको सेरोफेरोमा** शीर्षक निबन्धमा रूढीबादी परम्परा र त्यसको वर्तमानकालीन सामाजिक विद्वताप्रति व्यङ्ग्य गरिएको छ । मानवतावाद व्यवसायिक बन्दै गएको एबम् सरल नेपाली नागरिकमा छाएको निराशालाई व्यक्त गर्दै चेलीवेटी बेचबिखन जस्ता हिंसात्मक प्रवृतिको यहाँ भर्त्सना गरिएको छ । यसैगरी **ज्ञानेश्वरको पिपलको रूख किन ढल्यो** ? निबन्धमा परम्परागत धार्मिक मान्यता त्यसप्रतिको विश्वास र त्यसले सिर्जना गर्ने मानसिक भय जस्ता कुराहरूलाई अकारण ढलेको कारण पिपलको रूख र त्यसमा मान्छेका अनेक दृष्टिकोणबाट छर्लङ्ग पारिएको छ । यसमा अशुभ लक्षणहरूले संकट उत्पन्न गर्न सक्छन् भन्दै धार्मिक अन्धता र

परम्परागत धारणाप्रति मान्छेको एकलकाँटे प्रभोलनलाई व्यङ्ग्य गरिएको छ । अर्को **एकता र शान्ति** शीर्षकको निबन्धमा देशमा थपिदै गएको अशान्ति, राजनीतिक दुःचक्र, मान्छेको विभाजित मानिसिकतालाई चर्चा गरिएको छ । **शान्ति** शीर्षकको निबन्धमा विभिन्न जनजीवनमा फैलदै गएको अनुशासनहीन राजनीतिक खेलको निन्दा गरिएको छ । **वर्तमान राजनीति** शीर्षकको निबन्धमा समसामयिक राजनीतिक परिवृतलाई चर्चा गर्दै वर्तमान राजनीतिको चरित्र नाम अनुसार नभएको चर्चा गरिएको छ । राष्ट्रिय पार्टीहरू फुट र असङ्गठन मनोवृत्तिको कारण वैयक्तिक दुराग्रहले ग्रसीत भएको र यसबाट मूलुकमा संकट उत्पन्न हुँदै गएको सन्दर्भ पनि यहाँ प्रकटित भएको छ । यसमा प्रशंसा र दुराचारको भर्त्सना गर्दै पूर्वाग्रहरहित राजनीतिक अनुशासनका निमित्त सन्देश प्रवाह गरिएको छ । **हिजो र आज** शीर्षकको निबन्धमा विगतदेखि वर्तमान सम्मको राजनीति र मूलुकको अवस्थाप्रति चिन्ता प्रकट गरिएको छ । आज राजनीतिमा सेवाको भाव समाप्त भई कार्यकर्ताप्रति बोलवाला चलेको अवस्थाप्रति घलेले सजक गराएकी छिन् । राजतन्त्रको सक्रियतामा मूलुकमा जति शान्ति थियो त्यो अहिले नष्ट हुँदै गएको स्थितिलाई यहाँ ऐतिहासिक साक्ष्यको आधरमा प्रकट गरिएको छ । **पार्टी व्यवस्थाको दुष्परिणाम** निबन्धमा पार्टी भित्रका गुटउपगुटका कारण उत्पन्न द्वन्द र त्यसबाट सिर्जित भयावह राजनीतिक परिवेशको चित्रण गरिएको छ । माओवादीका राजनीतिक अज्ञानतकारण नयाँ नेपालको निर्माणमा ढिलाई भएको भन्दै विरोधी तत्वलाई समाप्त पार्नु पर्ने कुरा उठाएकी छन् । नेपालका मुख्य राजनीतिक पार्टीहरूका सत्ता लोभ र पार्टीमा देखापर्ने अज्ञात दुष्परिणामलाई यहाँ चर्चा गरिएको छ । यसमा २०६२-२०६६ सम्मको राजनीतिक परिवृत्तमा देशको अवस्थालाई समेत जोड्दै बैचारिक पुट प्रदान गरिएको छ । **प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र के हो ?** निबन्धमा विगतदेखि वर्तमान सम्मको शान्ति वार्ता, राजनीतिक अधर्मिता, भ्रष्टचारी प्रवृति जस्ता कुराहरूलाई यस निबन्धमा चर्चा गरिएको छ । निबन्धकारले पूर्वाग्रहरहित भएर यहाँ माओवादीलाई सुध्रन आग्रह गर्दै उनीहरूले गर्नु पर्ने राजनीतिक कर्तव्यको बारेमा समेत सन्देश प्रवाह गरेकी छन् ।

यसरी निबन्धकार घलेको **राष्ट्र र राष्ट्रियता** निबन्ध सङ्ग्रह विषयवस्तुगत वैशिष्ट्य र त्यसको सफल प्रस्तुति रहेको छ ।

प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरूमा सरल, सहज र बोधगम्य भाषाको प्रयोग रहेको पाइन्छ । सबै स्रोतका शब्दहरूको प्रयोग पाइने घलेका निबन्धहरू भाषिक जटिलताबाट मुक्त रहेका छन् । घलेले यहाँ वर्णनात्मक र आत्मापरक शैलीको प्रयोग गरेकी छन् । आफ्नो निजात्मक अनुभूतिहरूलाई चिन्तनपरक दृष्टिकोणबाट अभिव्यक्त गर्दा घलेको शैली चिन्तनपरक देखिएता पनि भाषिक दुसाध्य भने छैन ।

## ५.३ 'अहिलेको परिस्थिति' निबन्ध सङ्ग्रहको विश्लेषण

निबन्धकार भद्रकुमारी घलेले आफ्ना जीवनमा घटेका घटना, अनुभवलाई **अहिलेको परिस्थिति** निबन्ध सङ्ग्रहमा समेटेकी छन् र यो निबन्ध सङ्ग्रह विं.सं२०६७ साउनमा प्रकाशित भएको थियो । आर्थिक, सामाजिक, राजनीतिक, सँस्कृतिक र समसामयिक विषयवस्तु समेटिएको यस निबन्धसङ्ग्रहमा १४ वटा निबन्धहरू सङ्कलित छन् ।

वर्णनात्मक शैलीमा लेखिएको **राष्ट्र गरिब, व्यक्ति धनी** निबन्धमा व्यक्तिहरू धनी बन्दै गएको तर राष्ट्र गरिबीको खाडलमा फँस्दै गएको कुरा लेखिका र मञ्जु पाण्डेको वार्तालापबाट स्पष्ट भएको छ । यसमा लेखिकाले आफूले समाजसेवामा गरेका कार्यहरूको जानकारी दिदैं राष्ट्रमा बिग्रिदैं गएको आर्थिक अवस्था, विग्रदो राजनीतिक अवस्थाप्रति दुखेसो व्यक्त गरेकी छन् । **हामी कृषिमा आधारित राष्ट्र हौं तर हामी के भएका छौं** निबन्धमा घलेले ने**पालमा** कृषि विकास र उत्थानकालागि खुलेका सँस्थाहरूले कृष विकासका लागि कुनै काम नगरेका र कर्मचारीहरूको मनोमानि प्रवृत्तिको चर्चा गरेकी छन् । **म ब्राह्मणनी बन्न चाहँन्न** निबन्धमा लेखिकाले आफ्नो जातिय पहिचानलाई कहिल्यै नबिर्सने बरू यसको श्रबृद्धिकालागि सदालागि रहने विचार व्यक्त गर्दै आफू जनजाति भएकोमा गर्व गरेकी छन् र समाजका माथिल्लो वर्गहरूले गरेको अपहेलनाको प्रश्न उठाएकी छन् । **विधान सरकार जनता** मा देश र जनताको भविष्य उज्ज्वल पार्न कम्मर कसेर आएका पार्टीहरूले आफ्ना पहिलेका

गल्तीहरूलाई सच्याउँदै देश र जनताहरूको विकासमा लाग्नु पर्छ र जनताले चाहेका सविधान समयमै बनाउनु पर्छ भनिएको छ । साथै देशमा गणतन्त्र आएपनि नेपाली आदिवाशी, दलित, महिला र पिछडिएका वर्गहरूले अझै पनि शोषण, दमन, अन्याय, अत्याचार खप्नुरिरहेकाले उनीहरूलाई अधिकारसम्पन्न बनाउन अनुरोध गरिएको छ । **उच्च शिक्षा जनकपुरमा नर्स** मा घलेले वि.सं. २०१२ मा जनकपुरमा गई समाजसेवा गरेको र समाजसेवी तुलशी मेहरको शिष्य हुन पाएकोमा गर्व गरेकी छन् । **काशी विद्यापिठमा भर्ना** मा घलेले आफूले त्यहाँ भोगेकोजीवन, रहनसहन, धार्मिक, साँस्कृतिक अवस्था, दिनचर्या, गान्धीवादी शिक्षा र दर्शन अनुकूलको शैक्षणिक क्रियाकलाप र आफूले त्यहाँ बस्दा अनुभव गरेका अन्य विषयवस्तु पनि समेटिएकी छन् । **अङ्ग्रेजी भाषा र म** निबन्धमा आफूले अङ्ग्रेजी भाषा पढ्न र लेख्न नसक्ने तर आफूले राष्ट्रिय तथा अतरार्ष्ट्रिय विविध कार्यक्रममा भाग लिई सम्मानर्पूवक आफ्नो विचार अभिव्यक्त गरेको कुरालाई दर्शाइएको छ ।**अनतर्राष्ट्रिय सेमिनारमा नेपाली भाषा** मा आफू मन्त्री हुँदा विभिन्न देशको भ्रमण गरेको र त्यहाँ सङ्केतले काम गरेको अनि विभिन्न सेमिनारमा नेपालको तर्फबाट नेपाली भाषामा अभिव्यक्ति दिएको उल्लेख भएको छ । **काशी विद्यापिठ** मा लेखकलाई आफूले शास्त्री गर्न धेरै मिहनेत गर्नु परेको र यो पूरा गर्न चार वर्षको समय खर्च गरेको कुरा व्यक्त गरेकी छन् । **जीवनका नविर्सने घटना** मा जीवनकै पहिलो क्षणमा माननीय भएको र पाँच पटकको माननीय सम्हालेको एक पटकको माननीयमा हारेपछि जीवन सञ्चालनमा गह्रो परेको, जीवन यापन गर्न विभिन्न जग्गाहरू धितोमा राखी मिल सञ्चालन गरेको र चुनावको तयारी त्यसमा सफलता प्राप्त गरेर साहित्य सृजनामा लागेको कुरा व्यक्त गरेकी छन् । **युथ फेस्टिवलमा सहभागी** निबन्धमा लेखिकाले आफू पहाडी जिल्ला ओखलढुङ्गामा हुर्केको तर नेपालका सहर र भारतका विभिन्न कलेजबाट शिक्षा हासिल गरी मन्त्रीपदमा रहदा मन्त्रीमुमाको नामले सुपसरिचित हुनेमौका पाएको र आफ्नै व्यक्तिगत खर्चबाट विभिन्न संघसंस्था खोली देशको सेवा गर्नपाएकोमा आफू सन्तुष्ट रहेको जनाएकी छन् । **नेपालका विद्वत् वर्गलाई आदिवासी जनजातिको लाल सलाम** निबन्धमा लेखिकाले आदिवासी जनजातीहरूले राखेको मागप्रति असन्तुष्टी व्यक्त गरेको यस्ता जातिय

नाराहरूले देशमा हत्या हिँसा वितण्डा मचाउन तत्कालीन माओवादीले फालेको जालको रूपमा लिदै यस्ता घृणित मानसिकतालाई त्यागी समाज एकतामा लाग्नुपर्ने विचार व्यक्त गरेकी छन् ।

## ५.४ 'आजको मेरो मन' निबन्ध सङ्ग्रहको विश्लेषण

वि.सं २०६५ फागुनमा भद्रकुमारी घले सेवा सदनद्वारा प्रकाशित प्रस्तुत पुस्तक ११३ पेजसम्मको आयामको विस्तारमा फैलिको छ । विभिन्न शीर्षकका ३९ वटा निबन्धहरू सङ्कलित प्रस्तुत कृतिमा मानवीय जीवनका वृद्धअवस्थाका क्षणहरूलाई मूख्य विषयवस्तु बनाइएको छ । आस्तिक विचार प्रस्तुत गरिएका यस निबन्ध सङ्ग्रहमा मानवीय जीवनका ऐतिहासिक उपलब्धीहरू तथा बालक, युवा, वृद्ध अवस्थामाा मानिसमा हुने स्वभावलाई निबन्धकारले वर्णनात्मक तथा आत्मपरक शैलीको माध्यमबाट आफ्नो बिचार व्यक्त गरेकी छन् ।

**आजको मेरो मन** यस निबन्ध कृतिको यो पहिलो निबन्ध हो । यस निबन्धमा भद्रकुमारी घलेले आफू वृद्धावस्थामा पुग्दा पनि वृद्धहरूका भलाईका कार्यहरू गरिरहेको र यो कार्य गर्न ईश्वरले पनि आफूलाई सहयोग गरेको विचार व्यक्त गरेकी छन् । आफूले विभिन्न मानिसहरूले सहयोग गरिरहेको भए पनि आफूलाई कसैले सहयोग नगरेको र मानिसहरू स्वार्थी बन्दै गएकोमा अफ्नो मन कुडिएको भाव व्यक्त गरेकी छन् । **अप्ठ्यारो बुढेसकाल** निबन्धमा घलेले मानवसेवा, परोपकार, जस्ता कार्यहरूमा आफ्ना जीवन बितेको र आफू हाल वृद्धावस्थामा हिडिरहेको एक यात्री भएकोले ईश्वरसँग आफूलाई यस्तै सामाजिक कार्यमा गरिरहेकै बेलामा माथि लान आग्रह गर्दछिन् । **बूढेसकाल कस्तो** मा मानिस विभिन्न किसिमका पेसा अपनाउछन् तर जो व्यक्तिहरू कुनै पेसा नअपनाएर पनि जीवन खेरफालि रहेका छन् तिनीहरूदेखि आफ्नो मन रोएको जनाएकी छन् । मानिसले आफ्नो जीवन चाहेअनुसार बनाउन सक्ने बताउदै बुढेसकालमा खानपान, व्यायम, तथा असल सोचाई राखेर दैनिक कार्यमा लागेमा वृद्धकालमा खुसि रहन सक्ने विचार व्यक्त गरेकी छन् । **सुखी वृद्धकाल** निबन्धमा घलेले मानिसले वृद्धावरूस्थामा आफूलाई सहारा, लालन, पालन गर्छ भन्ने उद्देश्यले सन्तान उत्पादन गरिएको हो भन्ने सोच राख्छन् भने त्यो साह्रै नराम्रो विचार

हो भन्ने भाव व्यक्त गरेकी छन् । साथै आफू र आफ्नी आमा भक्तकुमारी घलेले धेरै मान्छेको लालनपालन गरेको भए पनि आफ्नी आमालाई र आफू ८५ वर्षमा पुग्दा अहिले  आफूलाई हेर्न कोही पनि नआएको कुरा व्यक्त गरेकी छन् । साथै आफूले युवाअस्थाामा कमाएको रकम साचेर राखेमा वृद्धावस्थामा सहयोगी बन्ने विचार व्यक्त गरेकी छन् ।

**अध्यात्ममा सुखको चमत्कार** निबन्धमा घलेले माछा, मासु, कुभक्ष खान छाडेर ईश्वरलाई आत्मसात गरी ओम शान्तीको मार्गमा लागेमा मानिसका रोगहरू नष्ट भएर जाने विचार व्यक्त गरेकी छन् । **अध्यात्म सुख** मा हिन्दू दर्शनसँग सम्बन्धित धेरै हाचर्यशरूले प्रवचन दिनेकार्यहरू गरिरहेकाले वृद्धाहरूले पनि योगा गर्ने हो भने उनीहरूले आफ्नो जीवन सुखमय बन्ने विचार व्यक्त गर्दछिन् ।

**वृद्धाकाल कस्तो हुन्छ?** निबन्धमा आफूले ६५ वर्षदेखि १०० वर्षका वृद्धाहरूको सेवा गर्ने सौभाग्य पाएको जनाउँदै त्यो आफूले गरको भए पनि अहिले वृद्धहरूको घर परिवारमा हेला गर्ने, दूर्वचन वोल्ने जस्ता कार्यभएकाले आजका पिढीँले आफूपनि भविष्यमा वूढो हुने सोचेर वृद्धाहरूलाई सेवा गर्नु पर्ने जनाएकी छन् । **जन्मेपछि हामी मान्छे वुढो होइन्छ** मा मानिसहरू क्रमशः वुढो हुने र वृद्धकालमा छाला चाउरी पर्ने, कपाल फुल्ने, आँखा कमजोर हुने, हातखुट्टा कमजोर हुने, शारीरिक कमजोरीले केही काम गर्न नसक्ने हुन्छन्, त्यसैले मानिसले आफ्नो ख्याल गर्नु पर्ने विचार व्यक्त गरेकी छन् । **वुढेसकालको तैयारी भनेको के हो?** निबन्धमा युवा अवस्थादेखि नै वृद्धावस्थाका लागि बजेट सञ्चय गरी राख्नुपर्ने कुरालाई जोडदिएकी छन् ।

**सन्तोषी सदा सुखी** निबन्धमा घलेले आफूलाई लागेका कार्यहरू तथा आफ्नो शारीरिक अवस्था अनुकूल कार्यहरू तथा आफूलाई मन लागेका खाद्यपदार्थ खानु पर्छ आत्मसन्तसुष्टी लिनु पर्छ भन्ने विचार व्यक्त गरेकी छन् । **हामीले हाम्रो जीवनको अध्ययन गर्नु पर्छ** निबन्धमा निबन्धकार भद्रकुमारी  घलेले हामीले हाम्रो शरीरलाई स्वस्थ राख्न पोसिलो खानपान,  आहारविहार,  वृद्धावस्थाका लागि अग्रीम अर्थसञ्चिति गर्नु पर्छ र आफू को हो ? आफ्नो अवस्था कस्तो छ ? भन्ने कुराको ख्याल गरी अध्ययन गर्नु पर्छ भन्ने भाव व्यक्त गरेकी छन् ।

**आज म** निबन्धमा आफूलाई वुढेसकालले चेप्दै लगेको तर आफूले वुढेसकाललाई नटेरी आफ्नो दैनिकी चलाई रहेको कुरा अभिव्यक्त भएको छ । **हामी मान्छेले के गर्न सक्छौँ** ? मा हामीले आफ्नो शरीरको हेरचाह राम्रोसँग गरेमा र उनको वृद्ध सिद्धान्तको अध्ययनगरी जीवनमा प्रयोग गर्ने हो भने मानिसले जीवनमा कहिल्यै दुःख नपाउने विचार व्यक्त गरेकी छन् ।

**वाल्यकाल र त्यसको कला** मा मानिसको वाल्यकाल अत्यन्त मनोरञ्जनयुक्त हुने जनाउँदै जस्ले वालकसँग वालकृडा गरेका हुन्छन् उसले जीवनकै सुखद अनुभव गरेका हुन्छन् भन्ने भाव व्यक्त गरेकी छन । **बृद्धवालख** मा मानिसको सबै भन्दा दुःखको क्षण भनेको वृद्धावस्थामा सबैले हेला, तिरस्कार गरेको अवस्था हो भन्दै मानिस सबैले यो अवस्था भोग्नु पर्ने भएकाले वृद्धाहरूलाई सम्मानपूर्वक जीउन सहयोगी भूमिका निर्वाह गर्नु पर्ने विचार व्यक्त गरेकी छन् । **मेरो सपना, मेरो कल्पना, मेरो चाहना** मा आफूले विभिन्न सामाजिकसेवा, धार्मिकसेवा, व्यक्तिसेवा गर्न चाहेको विचार व्यक्त गर्दा ज्योतिष टिकाप्रसादले सम्पूर्ण इच्छाहरू पूरा हुने बताएकाले सोही अनुरूप काम गरेको भन्ने धार्मिक विचार व्यक्त गरेकी छन् ।

**मेरो परमात्मा र मेरो आत्मा** मा निबन्धकार घलेले आफ्नो आत्माले सधैँ ईश्वरलाई छोइरहेको र ईश्वरकै कृपाबाट आफूले चाहेका सम्पूर्ण चाहानाहरू र आत्मसन्तुष्टि प्राप्त गरेको कुरा व्यक्त गरेकी छन् । साथै आफूलाई इश्वरले यो वृद्धावस्थामा आइपुग्दा सामाजिकसेवामा लगाउने काम उनले नै गरेको विचार व्यक्त गरेकी छन् ।

**मेरो परमात्मा र मेरो अत्मा** निबन्धमा निबन्धकार भद्रकुमारी घले हामीले कसैको चित्त दुखाउने काम गर्नु पर्ने विचार व्यक्त गरेकी छन् । **सत्ययुगको प्रवेश** मा हामीले आफ्नो आत्मामा ईश्वरलाई राखेर हामीबाट हुने पाप कर्म, अन्याय, अत्याचार, लोभलालच जस्ता कुराहरू त्यागेमा ईश्वरले हामीलाई सहयोग गर्ने विचार व्यक्त गरेकी छन् । हाल आइरहेको धार्मिक प्रवृत्ति र त्यस्तो भावना देखेर अब सत्ययुग प्रवेश गर्ने विचार व्यक्त गरेकी छन् ।

**हामी वृद्धा मान्छेले राख्नु पर्ने हेक्का** बिन्धमा पौराणीक कालमा मानिसका कर्मको चर्चा गर्दै पुर्खाले अपनाएको जविन पद्धति मनपरेको विचार व्यक्त गर्दै हाम्रो जीवनपद्धति लाभकारी नभएको र त्यसमा परिर्वतन ल्याउनु पर्ने दृष्टिकोण राखेकी छन् । **व्यक्तिले नै विचार पुऱ्याउनु पर्ने** मा घलेले हाम्रो आर्थिक अवस्था साह्रै कमजोर भएकोले कुनै व्यक्तले वृद्धावस्थाका लागि आर्थिक सङ्कलन गर्न नसकेको तर हाल सरकारी स्तरबाट वृद्धहरूका लागि केही सम्मान हुने कामहरू गरेको र अझ उनीहरूलाई घर बनाएर बस्ने व्यवस्था भए उनीहरूको उद्धार हुने विचार व्यक्त गरेकी छन् ।

**आजको मेरो कर्म** निबन्धमा घलेले आफूलाई ईश्वरले सम्हालेको जनाउँदै आफूले चाहेका मानवसेवाका कार्यहरू गर्न सक्षम भएको विचार व्यक्त गरेकी छन् । **परिवर्तन** निबन्धमा घलेले आदिवासी जनजाती पिछडीएका वर्गहरूलाई राष्ट्रिय राजनीतिक पार्टीहरूले पछाडी पारेको जनाउँदै अव यो राष्ट्रमा अझ एक पटक रक्त कान्तीको आवश्यकता परेको विचार व्यक्त गरेकी छन् । कुनै पनि नेताहरूले जनहितका कार्य नगरेकाले उनीहरूलाई सत्ताच्युत गर्नु पर्ने कान्तिकारी विचार व्यक्त गरेकी छन् । **मान्छे दुईपटक बालक बन्छ** मा मानिस जन्मदा एक पटक र वृद्ध अवस्थामा एक पटक गरी दुई पटक बालक बन्ने जनाउँदै बालकमा उसको हेरचाहमा खुब ध्यान दिने तर वृद्धाबस्थामा कसैले पनि ध्यान नदिने विचार व्यक्त गरेकी छन् ।

**वृद्धाहरूको आहार** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले युवावस्थामा पाचन प्रणलिमा कमजोर हुने गर्दछ त्यसैले वृद्धावस्थामा खाद्यपदार्थहरू आफ्ना शरीरिक अवस्था अनुसार खानु पर्छ जसले गर्दा हाम्रो शरीर कमजोर नहोस भन्दै हामी वृद्धहरूले बैंसको तेज नदेखाई आफ्नो उमेर अनुसार कार्य गर्नु पर्छ भन्ने विचार व्यक्त गरेकी छन् । **वृद्धअवस्था** निबन्धमा मानिसले आफ्नो ख्याल नगरी आफ्नो परिवार, छोराछोरीलाई सबल बनाउने ध्यउन्नमा लागेर समय गएको पत्तो नपाउने तर पछि त्यही व्यक्तिबाट तिरस्कृत हुनु पर्ने यथार्थलाई प्रस्तुत गरिएको छ ।

**प्राकृतिक परिवर्तन** मा मानिस प्रकृतिको दासी भएको तथा प्रकृतिले मानिसलाई परिवर्तन गरिरहेको तर मानिस त्यतापट्टि ध्यान नदिरहेकाले हाल आफन्तका लागि

बोझ बनिरहेको यथार्थलाई प्रस्तुत गरिएको छ । **कलिको प्रभाव** मा घलेले पहिलेको मानिस र अहिलेको मानिसमा व्यपक परिवर्तन आएको जनाउँदै मानिसले समयमा नै विचार पुऱ्याउनु पर्ने विचार व्यक्त गर्दै अब कर्म जीविहरूले आफ्नो भविष्य उज्ज्वल पार्न आफैले कर्म गर्नु पर्ने विचार पोखेकी छन् ।

**सय वर्षकी मेरी आमा** निबन्धमा आफ्नी आमाको कार्यबाट सहास, कर्तव्यनिष्ठता, कर्मशीलता, कर्तव्यपरायण जस्ता कुरा सिकेको जनाएकी छन् । **विवाह र व्यवहार** मा दिलकुमारी सुनुवारको कथाव्यथा तथा अन्य घर सम्हालेर बसेका मानिसको घर व्यवहार देखेपछि आफ्नो कार्य नै राम्रो लागेको कुरा व्यक्त गरेकी छन् । साथै आफूले आमाबुबाबाट टाढा भएकाहरूलाई र परिवारबाट पीडित बूढाबूढीलाई आत्मैदेखि सेवाभावले परोपकार गरेकोले अरूको भन्दा आफ्नो जीवन सफल भएको बताएकी छन् । समाजका संस्कारमा आफ्नी आमाको सेवामुखी कार्यले सर्म्पूण महिला वर्गको जनजीवनमा आमूल परिर्वतन आएको जनाएकी छन् । **असजिलो वृद्धावस्था** मा वृद्धावस्थाका मानिसहरू शारीरिक तथा मानसिक रूपमा कमजोर हुने भएकाले उनीहरूले समाज तथा परिवारबाट अपहेलित जीवन बाँच्नु परेको यथार्थलाई प्रस्तुत गर्दै उनीहरू सरकारी स्तरबाटै स्पष्ट कानुन बनाई प्रत्येक व्यक्तिबाट कर असुली वृद्धसेवा केन्द्र सञ्चालन गर्नु पर्ने विचार व्यक्त गरेकी छन् ।

**वृद्धहरूको वृद्ध अवस्थाको संरक्षण र पालन** मा निबन्धकार भद्रकुमारी घलले सामाजिक तथा परिवारमा बसेका वृद्धहरूको दयनीय अवस्था देखेर आफू निकट भविष्यमा नै एउटा वृद्ध नर्सिङहोम खोलेर तनमन, वचनले वृद्धहरूको पालनपोषण गर्ने विचार व्यक्त गरेकी छन् । **जीवन र सेवा** मा मानिसले मानवसेवा, राष्ट्रसेवा, समाजसेवा, धार्मिकसेवा गर्नु पर्छ भन्ने विषय उठइको छ । **ध्यानी र कर्मयोगी महात्माहरू** मा हाम्रो समाजमा धेरै ध्यानी तथा कर्मयोगीहरू रहेका छन् तर कति व्यक्तिहरू ध्यान र कर्म गरेर आफू संसारबाट पार तर्न चाहन्छन् तिनीहरू स्वर्थी हुने भएकाले त्यसो हुन सक्दैन बरू जसले मानवसेवामाआफूलाई समर्पित गरी आफुलाई यो पापी संसारबाट पार लगाउन सक्दछन्, भन्ने विचार व्यक्त गरेकी छन् । **मेरो काम र सेवा** मा घलेले बाल्यकालदेखि आफूले शिक्षा लिन गरेका संघर्षहरू, गाउँघरका

दैनिक कामकाजहरूलाई विषयवस्तु बनाएकी छन् । साथै वर्तमान समयमा धर्म, सँस्कृति, रीतिरिवज जस्ता कुराहरू हराउँदै गएकोले यसको संरक्षणमा लाग्नु पर्ने कुरा व्यक्त गरेकी छन् ।

**यस लोकको संस्कृतिको ज्ञाता माओवादी छन् ।** मा निबन्धकार घलेले जनक्रान्तीबाट स्थापित राजनीतिक दल माओवादीले जनजाति, दलित आदिको समस्या राम्रोसँग बुझेकाले उनीहरूले अवश्य पनि राष्ट्रमा विकासको आमूल परिवर्तन ल्याउन सक्छन् भन्ने विश्वास व्यक्त गरिएको छ । **इतिहास थप्नु पर्छ मेट्नेहोइन** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले राष्ट्रमा इतिहास बनेका बस्तुहरूको नाम परिवर्तन गरेर राष्ट्रको निर्माण नहुने तथा सरकारी जग्गा व्यक्तिका नाममा गरेर राष्ट्र विकसित नहुने हुनाले इतिहासमा रहेका ऐतिहासिक बस्तुहरूको भत्काएर होइन निर्माण गरेर अगाडि बढ्नु पर्ने विचार व्यक्त गरेकी छन् । **यो मन** मा घलेले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमको चर्चा गर्दै नेपालको तत्कालीन ठूलो पार्टी माओवादी नेताहरूको व्यवहार चञ्चलित भएको कुरा व्यक्त गरेकी छन् । **भारतमा आतङ्ककारीको हमला** निबन्धमा २०६५/०८/१० मा मुट्ठीभर आतङ्ककारीहरूले भारतको प्रख्यात होटललाई ४८ घण्टा कब्जामा लिई ११५ जनाका हत्या गरेको घटनालाई विषयवस्तु बनाइएको छ । **म मा परिवर्तन** निबन्धमा पहिले आफूले बजारका महङ्गा सामानको प्रयोग गरेको तर अहिले आफूसँग भएका सामानको प्रयोग गरी सन्तुष्ट भएको र अरूलाई पनि आफूसँग भएको बस्तुको प्रयोग गरी सन्तुष्ट जीवन ज्युन आव्हान गरेकी छन् ।

**खानपानको शरीरमा असर** मा शन्तुलित खानपान, रहनसहन, घुमफिरले मानिसको जीवनमा ठूलो परिवर्तन ल्याउने तर मानिसले आफ्नो शरीर सुहाउँदो खाद्यपदार्थ तथा अन्य कुरामा ध्यान पुऱ्याएमा वृद्धावस्थामा स्वस्थ रही कुनै दुःख झेल्नु नपर्ने विचार व्यक्त गरेकी छन् । **मेरो विचारमा वृद्धहरूले पुऱ्याउनु पर्ने विचार** निबन्धमा वृद्धहरूले आफ्नो युवावस्थामा नै अर्थको जोहो गर्नु पर्ने र वृद्धावस्था विषेश गरी खानपान, शारीरिक व्यायाम, योगा, दैनिक नित्यकर्ममा विचार पुऱ्याउनु पर्छ र नियमित स्वास्थ्य जाँच गरी आफूमा भएका रोगहरू निर्मूल गर्न पर्ने र नराम्रा भावना त्याग्नु पर्ने विचार व्यक्त गरेकी छन् । **वृद्धहरूलाई सुझाव** प्रस्तुत निबन्ध यस

सङ्ग्रहको अन्तिम निबन्ध हो । यस निबन्धमा उनले आफ्नो व्यक्तिगत स्वास्थमा निगरानी राख्दै आफ्नो दैनिकी तथा आफू बूढ्यौलीमा लागेपछि आफ्नो उमेरको ख्याल गर्दै आफूलाई समयअनुसार परिवर्तन गर्दै लैजानु पर्ने तथा आफूलाई अध्यात्मतर्फ आकर्षित गर्नू पर्ने विचार व्यक्तगरेकी छन् ।

विभिन्न विषय समेटिएको यस निबन्ध सङ्ग्रहका निबन्धहरूका भाषा शैली सरल, सहज र बोधगम्य रहेको छ । कलात्मक, हार्दिक तथा वर्णनात्मक शैलीको प्रयोग गरिएको यस निबन्ध सङ्ग्रहका निबन्धहरू मानव जीवनको अन्तिम अवस्था र त्यस अवस्थामा मानिसले गर्नु पर्ने काम, कर्तव्य जस्ता कुराहरूलाई समेटिएको छ ।

## ५.५ 'जीवन र समाजसेवा' निबन्ध सङ्ग्रहको विश्लेषण

वि.सं.२०६६ पुसमा भद्रकुमारी घले सेवा सदन काठमाडौंद्वारा प्रकाशित जीवन र समाजसेवा निबन्धसङ्ग्रहमा १६ वटा निबन्धहरू सङ्कलित छन् । निबन्धकार घलेले यस सङ्ग्रहमा सामाजिक, राजनीतिक, समसामयिक समाजसँग प्रत्यक्ष सम्बन्ध राख्ने विभिन्न विषय समेटिएका निबन्धहरू समाविष्ट गरेकी छन् ।

**आजको स्थितिमा राष्ट्रियता र एकताको लक्ष्मण बुटी** निबन्धमा निबन्धकार घलेले नेपालमा प्रजातन्त्र, स्वतन्त्रता जस्ताकुरा जनप्रिय भएकाले यसको रक्षाको लागि सम्पूर्ण व्यक्ति, समाज, राजनीतिक पार्टीहरू लाग्नु पर्ने विचार व्यक्त गरेकी छन् । राष्ट्रभरी फैलिएको आतङ्ककारी गतिविधिले विकासका कार्यहरू ध्वस्त हुदै गएको, उच्छृङ्खल प्रवृत्तिहरू बढ्दै गएकोले त्यसता गतिधिलाई समाप्त पारी जनमतको कदर गरी, राज्य सञ्चालनमा जनताको सहभागिता हुनु पर्ने, संवैधानिक राजतन्त्र र बहुदलीय व्यबस्था कायम गर्नु पर्ने जस्ता विचार व्यक्त गरिएको छ । साथै राष्ट्रमा भइरहेको अराजक गतिविधि, नेपाली जनताले भोग्नु परेको दयनीय अवस्था र आफ्नै देशमा शरणार्थी भएर बस्नु परेको यथार्थलाई समाज र राष्ट्रमा शान्ती, सुशासन, न्याय, समानता कायम गर्ने राष्ट्रनायक राजा ज्ञानेन्द्रबाट भएको कदमको सह्रना गरिएको छ ।

**वर्तमान स्थिति, राष्ट्रियता एकता कायम गर्न के कस्ता काम गर्नु पर्छ** ? भन्ने विषयमा सात वटा बूदाँहरू समेटिएका छन् । **वर्तमान अवस्थामा महिलाको भूमिका** निबन्धमा नारीहरूको कार्यको सम्मान गर्दै समाजमा पुरुषवर्गहरूले गरेको अन्याय, अत्यार, शोषण, दमनप्रति तीव्ररूपमा बिद्रोह गर्न महिलाहरूलाई आव्हान गरिएको छ । **भीम शमशेरको पालामा** निबन्धमा भीम शमशेरको समयको वस्तुहरूका मूल्य मान्यता बीच अन्तर देखाउँन खोजिएको छ ।

**डिल्लीबजारको हजाम बस्ने पिपलको रूख** मा मानिसले आफूसँग प्रत्यक्ष सम्बन्ध राख्ने बस्तुहरूलाई बिर्सदै गएको जनाइएको छ । साथै संस्मरणात्मक रूपमा लेखिएको यस निबन्धमा प्रयोग गरिएको पिपलको रूख मानिसको वृद्धावस्थाको प्रतीकको रूपमा आएको छ । **गुन्जन र उसको क्षमता** मा साहित्यिक व्यक्तित्वको चर्चा गर्दै उनीहरूको साहित्यिक कार्यहरूको संस्मरण गरी अब नयाँ कार्यहरू तर्फ अग्रसर भई दूरगामी महत्वका योजनाहरू ल्याउनुपर्ने विचार व्यक्त गरिएको छ ।

**हिजो त राणा र शाहलाई सराप्यौं अब कसलाई सराप्ने** ? निबन्धमा राणा कालीन, शाहकालीन राजनीतिक परिवेशलाई चित्रण गर्दै हाल समाज र राष्ट्रमा भैरहेको हिँसा, बलत्कार, धम्की, अराजक जस्ता कार्यहरू बढ्दै गएको प्रति चिन्ता प्रकट गर्दै जनताले चाहेको गणतन्त्र यही भनी प्रश्न गरेकी छन् । **रूम्जाटारका गुरुङहरू र भेडापालन पेशा** मा त्यहाका भौगोलिक वातारण, चालचलन, रितिरिवाज र पेशाप्रति लगनशील भएर काम गर्ने जस्ता कुराहरूको वर्णन गर्दै परम्परादेखि चल्दै आएको भेडापालन र त्यहाका मानिसले देश विकाशमा पुऱ्याएको सहयोगका चर्चा गरिएको छ । यसबाट पहिलेका रूम्जाटार वासीहरूले आफ्नो आर्थिक आयको प्रमुख आधार बनाएर भेडा पालन पेशा गरेका भएपनि अहिले यो पेशा लोप हुन लागेकोले राष्ट्रिय स्तरबाट सहयोग गरी यो पेशालाई अगाडि बढाउनु पर्ने बताएकी छन् । **समाजसेवा र हामी मान्छे, भगवानप्रतिको अस्था** मा समाजसेवा जोकोहिले गर्न सक्ने कुरा होइन भन्दै यो कार्य गर्न विशालकाय मुटुको आवश्यकता पर्ने अैंल्याएकी छन् । सथै अफूले गरेका धार्मिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, साहित्य, राष्ट्रिय सेवाहरूलाई वर्णनात्मक ढङ्गबाट प्रस्तुत गरेकी छन् र यो कार्य गर्न ईश्वरले सहयोग गरेको

बताएकी छन् । **सैनिक श्रीमती संघ र उसले गर्ने कार्य** मा सैनिक श्रीमती संघले महिला हित, वृद्धहित, साहित्यकाहितका विभिन्न कार्यहरू गरिरहेका छन् र अबका समयमा अरू नयाँ कार्य गरी अगाडि बढ्नु पर्ने बताएकी छन् । **श्री फाल्गुणानन्द गुरु** कथात्मक शैलीमा लेखिएको छ । यस निबन्धमा फाल्गुणानन्दको अलौकिक कार्यको वर्णन गर्दै समाजसेवामा पुऱ्याएको योगदानको कदर गरिएको छ । **सिन्धुलीमा पहिले मोटर पुऱ्याएको** निबन्धमा घलेले आफूमा समाजसेवी बन्ने तीव्र इच्छा भएको र विभिन्न सङ्घर्षका दिनहरू बिताएको, तथा बाल्यकालका विभिन्न समयमा रोगबाट ग्रसित हुनुपरेकोले पीडा पोखेकी छन् । त्यसतै दुई पटक माननीय भएपछि घर फर्केको तर पछि माननीयमा हारेपछि घर फर्कदा आफूले दुःखदायी दिनहरूको वर्णन तथा सिन्धुलीका ग्रामिण वस्तिमा आफूले गरेका विकास निर्माणका कार्यहरू तथा प्रत्यक्षरूपमा जनसरोकारका विषयहरूलाई प्राथमिकताका साथ उठाएकी छन् । **सुनकोशीको सुन र तामाकोशीको तामा बगिरहेको छ** निबन्धमा कुहिरोको काग जस्तै हराएको छ भन्दै हामीसँग भएका प्राकृतिक बस्तुहरू खेर गइरहेका छन् तर त्यस तर्फ कसैको ध्यान नपुगेको कुरा व्यक्त गरेकी छन् ।

**टुँडिखेल बनाउने हजुरिया कर्नेल नयन सिँह घले** कथात्मक शैलीमा लेखिएको यस निबन्धमा कर्नेल नयन सिँह घलेले शारीरिक परिश्रमद्वारा यसको निर्माण गरेको र श्री ५ रणोद्वीप शाहले खुसि भई धेरै ठाउँमा विर्ता दिएको प्रसङ्ग उल्लेख गरेकी छन् । **उहिलेका कुराहरू** निबन्ध संस्मरणात्मक ढङ्गबाट आत्मवृतान्त लेखिकी छन् । **उहिलेको भोटे घोडा व्यापारी श्री बीरे गुरुङलाई श्री ३ चन्द्र शमशेरको न्याय** निबन्धमा नेपालको प्रधानमन्त्री चन्द्र शमशेरको पालामा यातायातको साधनको रूपमा घोडालाई प्रयोग गरिथ्यो र त्यस बेलामा राजा रजौटाहरूले रूचाएका घोडाको व्यवस्था गर्ने काम श्री बीरे गुरुङ भएको र उनको यो कार्यबाट प्रभावित भएर श्री ३ चन्द्र शमशेरले उनलाई कुनै उजुर नलाग्ने व्यवस्था गरिएको विषय उल्लेख छ ।

विभिन्न समसामयिक, सामाजिक, राजनीक, व्यक्ति जस्ता विषयवस्तु बनाएका निबन्धहरू यसमा सङ्कलित छ । साथै धार्मिकदर्शन समेटिएको यस निबन्ध सङ्ग्रहमा विभिन्न व्यवसाय गर्ने व्यक्तिहरूका कार्यहरूको प्रशंसा गर्दै अरू समाजिक, साँस्कृतिक,

राष्ट्रिय विकासका कार्यहरू गर्नु पर्ने आवश्यकता देखाउनु, आफूले जीवन यापनका क्रममा भोग्नु परेका समस्याहरू र आफूले समाजको उत्थानको लागि गरेका कार्यहरूको वर्णन गर्नु जस्ता उद्देश्य रहेका छन् ।

सरल, सरस, बोधगम्य भाषाशैलीको प्रयोग भएको यस निबन्ध सङ्ग्रहमा बाँदरको हातमा नरिवल, साउनमा आँखा फुटेको गोरू सदा हरियो देख्छ, सुनमा सुगन्ध, एकले थुके सुकी सयौँले थुके नदी जस्ता उखान टुक्काको प्रयोग भएको छ ।

## ५.६ 'मेरो जीवन यात्रा' निबन्ध सङ्ग्रहको विश्लेषण

वि.सं.२०६६ मा प्रकाशित भएको मेरो जीवन यात्रा निबन्ध सङ्ग्रह भद्रकुमारी घले सेवा सदनद्वारा प्रकाशित भएको हो । व्यक्ति, समाजिक र समसामयिक विषयका १४ वटा निबन्ध समेटिएका यो निबन्ध सङ्ग्रह ९९ पेजको आयाममा विस्तारित छ ।

**म के हुँ ? मैले के गरिरहेकी छु ?** आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा निबन्धकार भद्रकुमारी घलेले आफ्ना रचनात्मक कृतिहरूलाई शुद्धिकरणबाट नभई मौलिक ढङ्गबाट बुझ्न आग्रह गर्दै अन्तर्राष्ट्रिय दिवसको दिन नजिकिदै गर्दा आफूमा कार्यभार बढेको र कार्यभार बढेता पनि आफू खुसि सन्तुष्ट रहेको कुरा व्यक्त गरेकी छन् । साथै त्यही नारी दिवसको दिन भद्रकुमारी घले सेवा सदनको सतवार्षिकी पनि परेकाले आफू आत्मविभोर भएको र यही संस्थाको मातहतमा १४ वटा संस्थाहरू स्थापित गरी त्यस मार्फत सामाजिक सेवाका कार्यहरू निरन्तर गर्दै आइरहेको र त्यस कार्यलाई सफल पुऱ्याउन परमात्माले सहयोग गरिरहेको विचर व्यक्त गरेकी छन् र आफूलाई अझ नयाँ सामाजिक कार्य गर्न इच्छा लागेकाले ईश्वरलाई अझ सहयोग गर्न अनुरोध गर्दछिन् ।

**म को हूँ** संस्मरणात्क शैलीमा लेखिएको यस निबन्धमा आफूले जीवन भोगाइका क्रममा भोगेका र आफूले जीवन यात्रामा गरेका कार्यहरूको वर्णन गर्दै आफूले कहिल्यै पनि कसैको दासी भएर काम नगरेको र जनजाति पार्टी खोली समाजमा परिवर्तनको लहर ल्याएको तर तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले आफ्नो कार्यमा बाधा पुऱ्याएकोले राजनीति छाडी समाजसेवा थालेको, समाजसेवाको

क्रममा रामेछाप, दोलखा, सिन्धुली, महोत्तरी, सर्लाही, धनुषा आदि जिल्लाहरूका महिलाहरूको जीवन स्तरमा वृद्धि विकासका लागि प्रौढशिक्षा र सिलाईबुनाई सञ्चालन गरेको, आफ्नो एकल चित्रकला प्रर्दशनीमा राजपरिवारले उद्घाटन गरेको, साहित्यको सेवामा लागेपछि विभिन्न विधाका २८ वटा कृतिहरू प्रकाशित गरेको र ७ वटा कृतिहरू प्रकाशोन्मुख रहेको कुराको जनकारी दिदैं हाल मानवसेवामा समर्पित भएर भद्रकुमारी घले सेवा सदन नामक परोपकारी संस्था अन्तर्गत १५ वटा अन्य संस्था खोली निरन्तर कार्य गरेको विषयलाई यहाँ समेटिएको छ । **म र मेरा इतिश्री** आत्मपरक, वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा आफ्ना वालापनको बानीदेखि आफूले समयसँगैं सिकेका कुराहरूलाई प्रस्तुत गएिको छ । **हामीले अरूलाई कसरी चिन्ने** ? निबन्धमा घलेले आफूलाई वाल्यकालमा विभिन्न व्यक्तिले निस्वार्थ सेवा गरेका कुरा प्रस्तुत गरेकी छन् । साथै उनले आफूलाई विभिन्न व्यक्तिहरूले विश्वासघात गरेका हुनाले मानिससँग सङ्गत गर्नु पुर्व उसको बानि थाहा पाउनु पर्ने कुरा उल्लेख गरेकी छन् ।

**हामी र हाम्रो संस्कार** निबन्धमा अन्तर्राष्ट्रिय परिवेशलाई चिनाउदै शक्ति सम्मपन्न राष्ट्रहरूले भर्रखर विकासको यात्रामा बामे सर्न लागेका देशलाई आक्रमण गरी उनीहरूको सार्वभौमसत्तामाथि प्रश्न खडा गरेको, उसको स्वर्ग झैं शान्त परिवेशलाई समाप्त पारी गरीबि र अभावको परकाष्टमा पुऱ्याएकोप्रति तीव्र आक्रोस व्यक्त गरिएको छ । **अब कलियुग गएर हाते युग लागेछ** निबन्ध संस्मरणनात्मक शैलीमा लेखिएको छ । यस निबन्धमा उनले पितृहरूले भनेको मान्नुपर्ने धार्मिक विचार व्यक्त गरेकी छन् । **पावापुरदेखि कन्याकुमारीसम्म** नियात्रामूलक ढङ्गमा लेखिएको यस निबन्धमा विभिन्न स्थलहरू पटना, काशी, वनारस, इलाहवादका धार्मिक स्थलहरूको भ्रमण र दर्शन गरेका ठाउँहरूको वर्णन गरिएको छ । साथै आफूले नर्सको तालिम पूरा गरी जनकपुरमा गएर विभिन्न सेवा गरेका कुराहरूको चर्चा गरिएको छ । **आजको शिक्षा र उपलब्धी** निबन्धमा वर्तमानको शिक्षाप्रणालि प्रति तीव्र आक्रोस व्यक्त गर्दै अब शिक्षानीतिमा आमूल परिवर्तन गरी देश, समय, परिस्थिति अनुसार, व्यबहारिक सीपमुलक शिक्षामा जोड दिनु पर्ने विचार व्यक्त गरिएको छ । **नेपालमा जेष्ठ समाज**

निबन्धमा केही जेष्ठसेवा आश्रम खोल्ने व्यक्तिहरूले राम्रो काम गरेका भएपनि धेरैजसो संस्थाहरूले जेष्ठनागरिकको सेवागर्न नसकेको तर्फ इङ्गित गर्दै हाम्रो देशमा भएको गुठीहरूको साँचो आम्दानीले नै राष्ट्रको शैक्षिक स्तर सुधार गर्न सकिने विचार व्यक्त गरिएको छ । **तमूवान, खुम्बूवान र त्यसका बाजे र काजी** निबन्धमा नेपालमा गणतन्त्र आएपछि आदिवासी जनजातिहरूले आफ्नो खोसिएको हक प्राप्त गरेको र केही ब्राह्मणवादी कट्टर पन्थीहरूको मनमा भुँईचालो गएको कुरा व्यक्त गरिएको छ । साथै वास्तविक कुराको चुरो नबुझि आफूहरूलाई पछाडि पारेको अनुभव गर्ने ती बाजेहरूलाई एक पटक राम्ररी नीतिनियम र पत्रपत्रिका हेर्न अनुरोध गरिएको छ । **बुढेसकालमाथि खेलबाड** निबन्धमा वृद्धहरूको सम्मान गर्नु पर्ने तर त्यसो नभएको र उनीहरूको दयनीय अवस्था भएकोले चिन्ता व्यक्त गरिएको छ । **अन्तर्राष्ट्रिय साहित्यिक भेला** निबन्धमा संस्मरणनात्मक रूपमा आफूले साहित्यिक व्यक्तित्वहरूको सम्मान गरेको चर्चा गर्दै साहित्यिक कार्यक्रम सञ्चालनमा धन भन्दा पनि मनको आवश्यकता पर्ने जनाएकी छन् । **महासचिव नरेन्द्र प्रसाईंज्यू** निबन्धमा नरेन्द्र प्रसाइँ साहित्यिक कार्यक्रम सञ्चालन गर्न सक्षम, सहयोगी, कर्मठ, लगनशील, परिश्रमी व्यक्ति भएको चर्चा गरेकी छन् र उनकै कारण यो कार्यक्रम सफल भइरहेको कुरा व्यक्त गरेकी छन् ।

सरल, कथ्यभाषाशैलीको प्रयोग भएको यस निबन्ध सङ्ग्रहमा नपाउनेले पायो बोक्रैसँग चपायो, बादरको हातमा नरिवल जस्ता उखानको प्रयोग भएको छ । सामाजिक विषयलाई मूख्य विषयबस्तु बनाएर लेखिएको यस निबन्ध सङ्ग्रहमा विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीनितिक परिवेशलाई चिनाउनु, गणतन्त्रपछि जनजातिले आफ्नो हक प्राप्त गरेको देखाउनु, आफूले विभिन्न सामाजिक, साहित्यिक, राजनीतिक सेवागरेको जनाउँदै मानिसले धनले नभई मनले सेवा कार्यमा लागेमा ईश्वरले पनि सहयोग गर्ने विचार व्यक्त गर्नू मूख्य उद्देश्य रहेको छ । साथै झर्रो नेपाली शब्द, आगन्तुक शब्द मौलिक शब्दको प्रयोगले यस निबन्ध सङ्ग्रहका निबन्धहरू श्रुतिमाधुर्य बनेका छ । ९२ पेजसम्मको आयाममा विस्तारित यस निबन्ध सङ्ग्रहका निबन्धहरू घटिमा डेढ पेज र बढीमा आठ पेजसम्मका निबन्धहरू समाविष्ट रहेका छन् । साथै

यस निबन्ध सङ्ग्रहमा यात्रा संस्मरणात्मक निबन्ध लेखनशैलीलाई निरन्तरता दिइएको छ । आन्तरिक तथा बाह्य दुबै दृष्टि बिन्दुको प्रयोग गरी तर्कपूर्ण ढंगबाट निबन्धहरू लेखिएको छ ।

## ५.७ 'नेपाल र आजको स्थिति' निबन्धसङ्ग्रहको विश्लेषण

वि.सं २०६६ मा निबन्धकार भद्रकुमारी घलेले प्रकाशित गर्नु भएको **नेपाल र आजको स्थिति** निबन्ध सङ्ग्रहमा समसामयिक राजनीतिक सामाजिक विषयका १५ वटा निबन्धहरू समेटिएको छ ।

**शान्ति** प्रस्तुत निबन्ध सङ्ग्रहको यो पहिलो निबन्ध हो । नेपालको शान्ति बिथोलिएकोप्रति चिन्ता प्रकट गरिएको यस निबन्धमा नेपाल र नेपाली आदि कालदेखि नै शान्ति प्रिय भएका र आफ्नो राष्ट्रमा मात्र नभएर अरू राष्ट्रलाई पनि शान्तिको मार्गमा हिड्न प्रेरित गरेको प्रसङ्ग उल्लेख गरिएको छ । नेपालको शान्तिको मार्गलाई आत्मसाथ गर्ने राष्ट्रहरूले प्रगति गरेको तर हाल नेपालमा बढेको भ्रष्टचारी प्रवृत्ति, खण्डित भावना जस्ता कुराहरूले नेपालको विकास हुन नसकेको कुरा व्यक्त गरिको छ । **शान्ति र एकता** निबन्धमा घलेले नेपालका राजनीनितिक दलहरूले नेपालको शान्ति र एकतालाई सफल पार्नु पर्ने र त्यो जिम्मेवारीलाई बुझ्दै पार्टीहरूले आमजनताको सपनालाई साकार पार्न अग्रसर हुनु पर्ने विचार व्यक्त गरेकी छन् ।

**सर्वोदय र स्वराज्य** निबन्धमा निबन्धकार घलेले नयाँ नेपालको निर्माणको लागि सन्त बिनोबा र गान्धीको नियमलाई अपनाउनु पर्ने विचार व्यक्त गर्दै आज नेपालीले स्वराज्यले र सर्वोदयको सिद्धान्त अनुरूपको ग्राम स्वराज्यको आवश्यकता परेको र आदिकालदेखि छुवाछुत तथा तल्लो वर्गको कोटीमा रहेका जनताले यस्तो राज्य प्राप्त गरेमा मात्र देशमा शान्ति, अमनचयन, शुसान हुने भाव व्यक्त गरेकी छन् ।

**महिला सशक्तिकरण** निबन्धमा घलेले परापूर्वकालमा नारी जातिको सत्कार र सम्मान भएको हुनाले नै त्रीदेवको माझ भगवती, लक्ष्मी र दुर्गा पुजीत भएको तर आज पुरुष प्रधान समाजले नारीप्रति कुनै सम्मान व्यक्त नगरेकाले समाज, राष्ट्रमा अशान्ति फैलिएको विचार व्यक्त गरेकी छन् । साथै नेपालमा पुरुषको हैकमवादी सोँच,

नारीमाथिको अनुदार नीति अवलम्बन गरेकाले नारीहरू पिछडिएका र अब सम्पूर्ण नारीहरू आफ्नो हक प्राप्तिका लागि लड्नु पर्ने क्रान्तिकारी भाव व्यक्त गरिएको छ । साथै यस निबन्धमा नारीहरू शिक्षित भएमा मात्र परिवार, समाज, राष्ट्रको विकास सम्भव भएकोले  उनीहरूको हक प्रदान गरी देश निर्माणका कार्यमा लगाउनु पर्ने विचार व्यक्त गरिएको छ ।

**राज्य सञ्चालन र विकास** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले हाम्रो देशमा भौगोलिक विविधताको साथै वातावरणीय भिन्नता रहेको छ, र त्यही विविधतालाई स्वीकार गर्दै हाम्रो वातावरण, भुगोल अनुसारको वैज्ञाकि तथा आधुनिक औधोगिक कृषिका कार्यक्रम सञ्चालन गर्ने हो भने नेपाल चाडै युरोपका देश झैँ विकसित हुने विचार व्यक्त गरिएको छ । **जनमुखी प्रजातन्त्र** निबन्धमा घलेले विश्वमा विभिन्न देशहरूमा प्रजातन्त्र, गणतन्त्र, लोकतन्त्र सफल भइरहेको तर नेपाली राजनीतिक दलहरूले हाम्रो देशमा सही रूपले प्रयोग गर्न नजानेकाले यो असफल भएको कुरा व्यक्त गरेकी छन् । साथै यस निबन्धमा धनी र शक्तिशाली देशहरूले गरिब तथा साना देशलाई ह्याकुलाले मिचेको यथार्थलाई प्रस्तुत गरेकी छन्।

**सहकारीको भूमिका** निबन्धमा निबन्धकार घलेले नेपाली ग्रामिण बस्तीमा रहेका जनताहरूको आर्थिक उन्नतिकालागि घरघरबाट जनताहरू आत्मजागरूक हुँदै आफ्नो दक्षता, क्षमता अनुसारका कार्यहरू गर्नु पर्ने विचार व्यक्त गरिएको छ । साथै यस निबन्धमा विभिन्न आयमूलक तथा सीपयुक्त कार्यक्रम सञ्चालन गरी गाउँको  विकास गर्न सकिने विकल्प प्रस्तुत गरेकी छन् । **नवनेपालको ग्रामिण विकास** निबन्धमा गाउँ विकासका लागि श्री ५ महेन्द्रले भौगोलिक विकटताको अवस्था हेरी उपयुक्त समाजलाई सुहाउँदो सामाजिक सङ्गठनको निर्माण गरी प्रत्येक वाडहरूका समस्याहरूलाई समेट्ने गरी  प्रत्येक घरका आर्थिक,  बौद्धिक,  शारीरिक क्षमता हेरी आर्थिक वृद्धिका पेसा अपनाउन प्रोत्साहन गर्ने जस्ता कार्यहरू गरेको चर्चा गर्दै अब नेपाली ग्रामिण बस्तिहरूलाई विकास गर्न स्वरोजगार बिनोबाजीको दर्शन अनुरूप सर्वोदय, स्वरोजगार अनि गान्धीको रामराज्य ल्याएर दिगो शान्ति स्थापना गर्न सकिने विचार व्यक्त गरिएको छ ।

**सयौँ जनजातिको फूलबारी** निबन्धमा हाम्रो देश सयौँ जातजातिको साझा फूलबारी भएको जनाउँदै यहाँ बहुभाषी, बहुसँस्कृतिक व्यक्तिहरूको बसोबास रहेको छ । त्यसकारण राजनीतिक दलहरूलाई आफूले उठाएको प्रश्नहरूले आफैलाई हानी नगरोस भन्ने विचार व्यक्त गरेकी छन् । **गुरुङ युवाहरू** निबन्धमा निबन्धकार घलेले नेपालको प्राचीन आदिवासी जनजातिको रूपमा परिचित गुरुङहरू आफ्नै परम्पर, धर्म, सँस्कृतिमा हराइरहेको चर्चा गर्दै अरू जातिहरू कयौँ गुणा अगाडि बढेको र आफ्नो हक अधिकार पनि प्राप्त गरिसकेकोले अब सम्पूर्ण गुरुङ जातिहरू राष्ट्र निर्माण तथा आफ्नो हक प्राप्त गर्न अग्रसर हुनु पर्ने बताएकी छन् ।

**मातृपुत्रले नारीलाई के के बनाए** ? निबन्धमा घलेले मातृपुत्रहरूले नारीहरूलाई उनीहरूको विचार विपरित वेश्या, भगवानलाई चढाइने बस्तु, बलात्कृत, लिलामी जीवन ज्यूनु पर्ने, कठपुतली, बनाएको प्रसङ्ग कोट्याउदै आज महिलाहरू आर्थिक, सामाजिक, शैक्षिकरूपले पीछडिनु परेको यथार्थलाई प्रस्तुत गरेकी छन्। **पञ्चायतदेखि जनतन्त्रसम्म मेरो हेराई** आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा घलेले आफूले विद्यार्थी जीवनमा कसरी कहाँ-कहाँबाट शिक्षा हाँसिल गरेको, आफूले पहिलो पटक महिला सङ्गठनको सभापतिको पदभार कसरी ग्रहण गरेको, कसरी राजनीमा प्रवेश गरेको र सफलता पाएको कुरा चर्चा गरेकी छन् । साथै नेपालको राजनीतिमा लामो समय बिताएकी घलेले नेपालका राजाहरू भारतबाट आएको कुरा व्यक्त गरेकी छन् ।

यसरी विभिन्न समसामयिक विषयबस्तुमा आधारत निबन्धहरू यस सङ्ग्रहमा सङ्कलित छ । नेपालको राजनीतिक दलको गुह्यकुरा खोतल्दा देशविकासका लागि शान्ति र एकता आवश्यकता रहेको चर्चा गर्नु, राष्ट्रको सबैभन्दा ठूलो दल माओवादीलाई धैर्य र संयमित भएर राज्य सञ्चालन गर्न अनुरोध गर्नु, ग्रामिण वस्तिहरूको विकासका लागि मार्गनिर्देश गर्नु, नेपालीहरूको राज्यसञ्चालनको चाहना उजागर गर्नु, नेपाली महिलाहरूलाई नेपाली समाजले हेर्ने दृष्टिकोणको चर्चा गर्नु जस्ता यस उद्देश्य बोकेका निबन्धहरू नेपाल र आजको स्थिति निबन्ध सङ्ग्रहमा रहेका छन् ।

सरलभाषा शैली, कथ्य भाषा, विभिन्न आगन्तुक शब्द, उखान, टुक्का, काव्यत्मक लेखन शैलीले गर्दा यस सङ्ग्रहका निबन्धहरू उत्कृष्ट र बोधगम्य रहेका छन् ।

## परिच्छेद - छ

# भद्रकुमारी घलेका तृतीय चरणका निबन्ध सङ्ग्रहहरूको विश्लेषण

यस परिच्छेदमा भद्रकुमारी घलेद्वारा लिखित घलेको इतिहास, मान्छे मान्छे बन्यो, आजको माहोल, राष्ट्रिय सम्पदा र चरण सिमामा निबन्ध सङ्ग्रहको विश्लेषण गरिएको छ ।

## ६.१ 'राष्ट्रिय सम्पदा' निबन्ध सङ्ग्रहको विश्लेषण

भद्र घले सेवा सदन, देवीनगर काठमाडौँद्वारा प्रकाशित **राष्ट्रिय सम्पदा** निबन्ध सङ्ग्रह वि.सं.२०६८ मा प्रकाशित भएको हो । धार्मिक, प्राकृतिक तथा ऐतिहासिक विषयका विभिन्न शीर्षकका ३२ वटा निबन्धहरू रहेका छन् ।

**हाम्रो सम्पदा** प्रस्तुत यस निबन्ध सङ्ग्रहको पहिलो निबन्ध हो । यस निबन्धमा भद्रकुमारी घलेले हाम्रा राष्ट्रिय सम्पदाहरू, हाम्रो धर्मसँस्कृतिहरू, कलाकृतिहरूलाई हामीले संरक्षण र संवर्द्धन गर्नु पर्छ भन्नने विचार व्यक्त गरेकी छन् । **सम्पदाहरू** निबन्धमा हामीले हाम्रो ऐतिहासिक महत्वका वस्तुहरूको नामकरण गर्दै, हाम्रो गौरव विश्वमा परिचित गराउने ती निधिहरूको संरक्षण गर्नुपर्ने विचार व्यक्त भएको छ । **राष्ट्रिय सम्पदा** निबन्धमा विभिन्न ऐतिहासिक, धार्मिक, प्राकृतिक विषयवस्तुको नामकरण गरेर निबन्ध लेख्न चाहेको र आफू वृद्ध अवस्थामा पुगेकोले यो कार्य गरेमा आउने पिढिहरूले यसको जानकारी लिनपाउँछन् भन्ने आफ्नो उद्देश्य रहेको भाव व्यक्त भएको छ ।

**सगरमाथा** विश्वको ताज नेपालको गौरव भएको सगरमाथा नेपालमा परेको हुनाले र नेपाल अन्य प्राकृतिक सम्पदाले भरिपूर्ण भएकोले यहाँ विभिन्न जैविक विविधता, जीवजन्तु, वनस्पति, पुष्पराजको पहाड हिराको खानी अभ्रखको खानी जस्ता वस्तु प्राप्त हुनाले हामीले यसको समुचित प्रयोग गरेमा हामी विश्वमा एक सम्पन्न र शक्तिशाली बन्न सक्ने कुरामा दुईमत नभएको चर्चा गरेकी छन् । **पत्थरका पहाड** संस्मरणात्मक शैलीमा लेखिएको यस निबन्धमा विश्वमा नै दुर्लभ खनिज पदार्थ नेपलमा रहेको र हामीले त्यस्ता अमूल्य तथा दुर्लभ प्रकृतिक सम्पदाहरूको खोजी र

संवर्द्धन गर्नु पर्ने विचार व्यक्त गएिको छ । **खानीखदान** निबन्धमा स्क्याश्वर, सुन, हिरा माणिक, रत्न जस्ता पदार्थले सम्पन्न रहेको र ती कुराहरूको प्रयोग गर्न नजानेर हामी विश्वको तल्लो स्तरमा रहन बाध्य भएको विचार व्यक्त भएको छ । **जलस्रोत** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपाल जलस्रोतको दृष्टिले दोस्रो धनी देश, सगरमाथा हिमश्रृखलाहरूले भरिएको र नेपालमा असङ्ख्य नदीनालाहरू सित्तैमा बगिरहेको र हामीले समुचित प्रयोग गर्न नसकेकोले नेपाल आर्थिक रूपले कमजोर भएको यथार्थलाई प्रस्तुत गरेकी छन् ।

**जडीबुटी** निबन्धमा नेपालको कुनाकाप्चामा अमूल्य जडीबुटी रहेको र तिनीहरूलाई सही रूपमा प्रयोग गर्न नसकेको अनि ती बस्तुहरूलाई हामीले अवमूल्यन गरेको विचार व्यक्त गरिएको छ । विश्वमा नै प्रकृतिक स्रोत, सम्पदा, खनिज पदार्थ, जडीबुटी आदिले सम्पन्न भएकाले हामी पौरखी बने हाम्रो सम्पदाको संरक्षण र सही रूपले सदुपयोग हुने विचार व्यक्त गरेकी छन् । **ताल** निबन्धमा नेपालमा प्राकृतिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक महत्वले भरिपूर्ण भएका ताल, पोखरी, कुण्डहरू रहेका तर तिनीहरूको आजको मान्छेले महत्व नबुझ्नाले यो लोप हुने अवस्थामा पुगेको जनाइएको छ ।

**सिमसार** निबन्धमा हाम्रो देशका सिमसार र अउल दुबै रहेकाले यहाँ विश्वका दूर्लभ पशुपंक्षीहरू बसोबास गर्ने गरेको तर वर्तमान समयमा वनजङ्गलको तीव्र फँडानीले यी अति दूर्लभ पशुपंक्षीहरू लोप हुने अवस्थामा पुगेकोले चिन्ता व्यक्त गरिएको छ । **निकुञ्ज** निबन्धमा नेपाल र नेपालीप्रति अगाधमाया गर्ने राजपरिवारबाट विभिन्न राष्ट्रिय निकुञ्जहरू, आरक्षण जस्ता क्षेत्रहरूको घोषणा गरी पशुपंक्षी संरक्षण गरेको तर वर्तमान समयमा यस कार्यका लागि नवीन कार्यक्रम, नियम निर्माण गरी लागू गर्न नसकेकाले दूर्लभ पशुपंक्षीहरू लोप हुने अवस्थामा पुगेकोप्रति तीव्र आक्रोस र दुःख पोखिएको छ ।

**पशुपंक्षी** निबन्धमा नेपाल सानो देश भएता पनि यहाँ पाइने पंक्षीको विधिताले गर्दा विश्वका ठूला देश झैं धनी छौं तर तिनीहरूको संरक्षण गर्न नसकेकाले यहाँबाट डाफेँ, मयुर, हाड फोड्वा, सारस, बकुल्ला, लामपुच्छ्रे, कालिज, धोति चरो,

जुरेली, चातक जस्ता पंक्षी लोपहुने अवस्थामा रहेकाले चिन्ता व्यक्त गरिएको छ । साथै अत्यधिक मानव वृद्धिले गर्दा यस संसारबाट धेरै पंक्षीहरू लोप भइसकेका कुरा व्यक्त गरिएको छ ।

**मठमन्दिर** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपाली पुर्खाले खुल्ला हृदयले हाम्रो धार्मिक स्थलहरूको संरक्षण गरेकाले हामी विश्वमा मठमन्दिरको नामले चिनिन पाएका छौँ तर हामीले ती मठमन्दिरको संरक्षण नगरेकाले आज हामी विश्वमा नै गरिब देशको नामले चिनिनु परेकोले दुखेसो व्यक्त गरिएको छ । हाम्रो देशको मठमन्दिरको गुठीले अञ्चल-अञ्चलमा विश्वविद्यालय सञ्चालन गर्न सकिने भए पनि आजको मान्छेको भ्रष्टचारी प्रवृत्तिले गर्दा त्यो सम्भव नभएको विचार व्यक्त गरिएको छ ।

**माओलो** निबन्ध साँस्कृतिक निबन्ध हो र यो निबन्ध सस्मरणात्मक शैलीमा लेखिएको छ । यस निबन्धमा माओलो जातित्व झल्काउने एक महत्वपूर्ण धार्मिक प्रचलन भएको र यसको संरक्षणका लागि पहिले मानिसहरू ज्यान दिने गर्दथे र आजका केही मानिसले यसलाई निरन्तरता दिइरहेको कुरा चर्चा गरिएको छ । **लूम्बिनी** निबन्धमा गौतमवुद्धको शान्तिवादी विचार, मानवतावादी, परोपकारी, त्यागी विचार विश्वमा नै चर्चित भएकोले उनी महामानव कहलिएका र कुनै कार्य अरूलाई बताउनु भन्दा पहिले आफूले जीवनमा लागू गर्नु पर्ने विचार अभिव्यक्त भएको छ ।

**वीरता र बहादुरी** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपालका आदिवासी जनजातिहरू आफ्नो धर्म, सँस्कृति, रीतिरिवज, भेषभुषा, सँस्कार आदिलाई नभुली यसलाई आत्मसाथ गर्दै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा देखाएको बहादुरीले गर्दा नेपालीहरूलाई भारत तथा बृटिस सरकारले आफ्नो सैनिक क्षेत्रमाा भर्ना गरी नेपाली आदिवासी जनजातिको आर्थिक उन्नति गर्नमा महत्वपूर्ण भूमिका खेलेको कुरा व्यक्त गरिएको छ । **भादगाउँले टोपी** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले टोपी हाम्रो शान र मान दुबै भएकाले हामीले यसलाई आफ्नो शिरमा पहिरेमा आफ्नो राष्ट्रको इज्जत बढ्ने विचार व्यक्त गरेकी छन् । साथै विभिन्न देशहरूमा आ-आफ्नो टोपी रहेका हुन्छन् र उनीहरूको पनि यससँग सम्बन्ध जोडिएको हुनाले आफ्नो शिरमा पहिरिने

गरेका कुरा व्यक्त गरेकी छन् । हाम्रो धर्म, सँस्कृति, रीतिरिवज यससँग जोडिएका हुनाले आफूले मन्त्री हुँदा राष्ट्रिय पोसाक लगाएको र अबका मानिसले पनि यसलाई जोगाउनु कर्तव्य हुने विचार व्यक्त गरेकी छन् । **गुफा** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले ऐतिहासिक, धार्मिक, रीतिविजसँग प्रत्यक्ष सम्बन्ध राख्ने धेरै स्थलहरू रहेका छन् र तिनीहरूको संरक्षणमा आजैदेखि लाग्नु पर्ने खाँचो औँल्यएकी छन् ।

**काष्ठकला** निबन्धमा नेपालको राजधानी काठमाडौँको नामकरण सम्बन्धमा स्पष्ट पार्दै निबन्धकार भद्रकुमारी घलेले यहाँ धेरै काष्ठकलाका अद्भूत् मूर्तिहरू कुदिँएका छन् । जसको कारणले यसको नाम काठमाडौँ रहेको विचार व्यक्त गरेकी छन् । हाम्रो काष्ठकलामा विश्वलाई आकर्षित गर्ने काष्ठकलाका अनेकौँ ऐतिहासिक बस्तुहरू रहेका र तिनीहरू कै कारण नेपाल विश्वको संरक्षण सूचीमा परेको विचार व्यक्त गरिएको छ । **काष्ठमण्डप** निबन्धमा एउटै रूखको काठबाट काष्ठमण्डपको निर्माण गरिएको र काठका ऐतिहासिक महत्वका गुम्बा, मूर्तिहरू, सङ्ग्राहलयमा कुँदिएका चित्रहरू अद्वितीय रहेको विषय उठाइएको छ । **हनुमानढोका दरबार** निबन्धमा हाम्रो ऐतिहासिक, धार्मिक महत्वका रूपमा रहेको हनुमान दरबारक्षेत्र विश्वमा संरक्षित क्षेत्र अर्न्तगत पर्दछ किनभने यसमा कुँदिएका कला अपूर्व रहेकाले विदेशीहरू हाम्रो यही कुरा हेर्न यहाँ आउने गरेका कुरा व्यक्त गरेकी छन् । **ललितपुर दरबार** ऐतिहासिक महत्वले भरिएको ललितपुर जिल्ला आफूले प्रत्यक्ष रूपमा यहाँको चालचलन, धर्म, संस्कृति, रीतिरिवाजको अवलोकन गर्न पाएकोले यो स्थान विश्वमा एक अद्वितीय उदाहरण हुने विचार व्यक्त गरेकी छन् । **कृष्ण मन्दिर**(**ढुङ्गे कला**) निबन्धमा नेपाली कलाको उत्कृष्टता, नेपाली सृजनाकारको उत्कृष्टताको रूपमा कृष्ण मन्दिर प्राचीनकालदेखि नै अनूपम भएको चर्चा गरिएको छ । साथै हाम्रो देशमा विभिन्न जातजाति, धर्म, सँस्कृतिका कुराहरू भएपनि यहाँका मानिसहरू धार्मिक आस्थाका आधारमा कुनै भेदभाव गर्दैनन् किनभने एउटै ढुङ्गाबाट निर्मित शेष नारायण, हनुमानढोकाको कालो भैरवको मूर्तिले पनि एकताको संदेश दिएको कुरा व्यक्त गरिएको छ । **काष्ठमयुर भ्याल** निबन्धमा घलेले भक्तपुरको काष्ठमयुर भ्याल हाम्रो काष्ठकलाको अनुपम नमुना भएको जनाउँदै यो प्राचीनकालदेखि नै उत्कृष्ट तथा

चर्चित बन्दै आएको र यही काष्ठकलाको कारण नेपाल आर्थिक रूपमा पछि परेपनि साँस्कृतिक कलाकारिताको कारणले विश्वमा विख्यात हुन सफल भएको तर हामीले यी अनुपम कलादिने कलाकारहरूको नाम संरक्षण गर्न नसक्नु हाम्रो ठुलो कमजोरी हो भन्ने विचार व्यक्त गरेकी छन् ।

**सेतो मच्छिन्द्रनाथको जात्रा** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले सेतो मच्छिन्द्रनाथको जात्रा विशेष गरी नेवार जातिले मनाउने र यो चाडमा कोही व्यक्तिमा पनि प्राकृतिक प्रकोप तथा अन्य महामारीले आक्रमण नगरोस्, सबैमा सुख शान्ति, सम्वृद्धिले भरिपूर्ण गराओस् भनी आशिष माग्ने र त्यो पूरा हुने जन विश्वास रहेको कुरा व्यक्त गरिएको छ । **बिस्केट जात्रा** ऐतिहासिक महत्व बोकेको यो जात्रा तीन दिनसम्म मनाइने गरिएको र यसको लिङ्गो भाँचिएमा कुनै अशुभ सङ्केत दिने र २०६८ सालमा यो भाँचिएकोले निबन्धकारलाई चिन्ता लागेको कुरा यस निबन्धमा व्यक्त गरेकी छन् । **पलाञ्चोक भगवती (ढुङ्गे कला)** निबन्धमा निबन्धकार घलेले धार्मिक तथा ऐतिहासिक महत्व बोकेको यो कालान्तरमा अद्वीतिय तथा अलौकिक रहेको विचार व्यक्त गरिएको छ । साथै यस निबन्धमा भगवतीको मूर्ति वास्तविक भ्कैँ लाग्ने भएकोले हामीले प्रत्यक्ष रूपमा भगवतीको दर्शन गरेको अनुभव हुने र यहाँको कलाकारिता विश्वमा अनुपम नमुना भएको कुरा व्यक्त गरिएको छ ।

**ऐतिहासिक गोरखादरबार** निबन्धमा आर्यनहरूले जनजातिमाथि आक्रमण गरी उनीहरूको आपसी सद्भाव समाप्त पारेको विचार व्यक्त गरिएको छ । नेपालका एकीकृत कर्ता पृथ्विानाराय शाहले निर्माण गराएका यो दरबारले जनजातिहरूको पीडा बोकेर उभिएको विचार व्यक्त गरेकी छन् । **गोरखनाथ बाबा** निबन्धमा निबन्धकार घलेले ऐतिहासिक तथा धार्मिक महत्व बाकेको यो दरबारको सम्बध पृथ्विनारायण शाहसँग रहेको कुरा शाह वंशीय इतिहासले बताएको कुरा व्यक्त गर्दै गोरखनाथको आर्शिवादले नै उनले नेपालको एकीकरण सफल भएको विचार व्यक्त गरिएकी छन् । **मनकामना माई** निबन्धमा घलेले मनकामनाको ऐतिहासिक महत्व प्राचीन कालदेखि हालसम्म उत्तिकै रूपमा रहेको चर्चा गर्दै मनकामनाले आफूले इच्छा गरेको कुरा पूरा गर्ने विश्वस व्यक्त गरिएको छ ।

यस निबन्ध सङ्ग्रहका निबन्धहरूको राष्ट्रका ऐतिहासिक, साँस्कृतिक, पौराणिक महत्व राख्ने बस्तुरूको संरक्षणको लागि आवाज उठाउनु, नेपाली कला संरक्षण लागि चेतना जगाउनु, प्राकृतिक स्रोत तथा पशुपंक्षिको संरक्षणको लागि वकालत गर्नु जस्ता उद्देश्य रहेको छ । हाम्रो पुर्खाहरूको कलाकारिताको तारिफ गरिएका यस निबन्ध सङ्ग्रहका निबन्धहरूमामा विभिन्न आलाङ्कारिक शब्दहरूको प्रयोग, सरल, सहज, बोधगम्य भाषाशैलीको प्रयोग, चपाउनु न ओकल्नु, हेर्ने भर्ने लिला उनै दैब नारायण जस्ता उखानको प्रयोग, ग्रामीण शब्द तथा सरल भाषा शैलीको प्रयोगले गर्दा यस सङ्ग्रहका निबन्धहरू उत्कृष्ट रहेका छन् ।

## ६.२ 'आजको माहोल' निबन्ध सङ्ग्रहको विश्लेषण

**आजको माहोल** निबन्ध सङ्ग्रह वि.सं २०६८ मा भद्रकुमारी सेवा सदनद्वारा प्रकाशित भएको हो । विभिन्न शीर्षकका १४ वटा निबन्धहरू सङ्कलित यो निबन्ध सङ्ग्रहमा डेढ पेजदेखि पाँच पेजसम्मका आयाममा बिस्तारित निबन्धहरू रहेका छन् । आत्मपरक ढङ्गबाट लेखिएको यो निबन्ध सङ्ग्रह मध्यमाकारको रहेको छ ।

**कस्तो थियो ऐतिहासिक इतिहास** निबन्ध यस निबन्ध सङ्ग्रहको पहिलो रचना हो । नेपालको इतिहासमा आदिवासी जनजातिको रूपमा रहेका गुरुङहरू अर्काले जवर्जस्ति लादेको सँस्कार, धर्म, रीतिरिवाजबाट ग्रस्त भएकाले आफूले यसको उत्थान संरक्षण र नयाँ पिँढीका लागि मार्गदर्शनका लागि विभिन्न ठाउँहरू सेती, बेती, ग्लेश्वर, मुक्तीनाथ, घोडेपानी, गोल्कोट, भूर्तिभाङ, बाग्लुङ, म्याग्दी, घान्द्रुक, धम्पुस, पोखरा, गोर्खा, बारपाक, लार्पका, खारभञ्ज्याङ, घ्याम्पेसाल, वेसीसहर, बरगाउँ, घलेगाँउ, पुमा, नाला, मातिङ, गिलुङ, पसगाउँ आदिको पटक पटक भ्रमण गरी ५ सय ७५ पेजको (के वेद)' मूल आदिवासी जनजाति तमूँ वेद' (मूल आदिवासी जनजाति तमूँको इतिहास) र घलेको इतिहास जस्ता ग्रन्थहरू रचना गरी प्रेसमा दिएको कुरा जनाएकी छन् । साथै आजको सामाजिक सँस्कारले हाम्रो जातिय गौरवलाई परिचित गराउँन आफूले गरेको यो मूल कार्यमा अब आउने सन्ततिले पनि यसकार्यलाई आत्मसाथ गर्ने छन् भन्ने विश्वाश व्यक्त गरेकी छन् ।

**राष्ट्र र नेता** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपालको राजसँस्थाले नेपालको विकासका लागि र नेपाली जनताको समस्याहरूलाई खोट्याउँदै जनहितका कार्य गर्ने गरेको विचार व्यक्त गरेकी छन् । साथै आजको पार्टीहरूको स्वर्थीपन, कालोबजारी, भ्रष्टप्रबृत्तिले जनताहरूले धरै दुःख खेप्नु परेको र अत्यधिक मूल्यवृद्धि, अशान्ति, बेरोजगार, ढिलासुस्ति जस्ता कार्यहरूले गर्दा जनताहरू आफ्नो देशमा नै शरणनार्थी जीवन विताउनु परेको यथार्थलाई व्यक्त गरेकी छन् । साथै हाम्रो देशको राजनीतिक दलहरूको कार्यले गर्दा छिमेकी देशहरू पनि ताजुब मानेका कुरा व्यक्त गरेकी छन् । **शान्ति संविधान र आजका राजनैतिक दलहरू** निबन्धमा विश्वमा शान्तिको प्रतीकको रूपमा स्थापित भएपनि आज हाम्रो देशको  राजनीतिक दलहरूको दलगत स्वार्थ तथा विकृत मनोवृत्तिहरूले गर्दा आज देशमा जताततै अशान्ति विकृति, हत्या,  हिंसा तथा बलत्कार अनि चोरी डकैति,  लुटपाट बढेको प्रति चिन्ता व्यक्त गरेकी छन् । राजनीतिक दलहरूको सत्ताको लुछाचडी र मन मुटाबले गर्दा जनताले दिएको संविधान बनाउने ऐतिहासिक कार्य पनि बन्धकमा परेको कुरा व्यक्त गर्दै तत्कालीन परिस्थितिमा देशलाई निकास गर्न झलनाथ खनालले गरेको बठ्याई पूर्वक राजनीतिले देशले पक्कै पनि निकास प्राप्त गर्ने विश्वास व्यक्त गरेकी छन् । **दल भित्रका गुट** निबन्धमा घलेले नेपालका प्रमुख पार्टी भित्र देखिएको गुटले गर्दा नेपाली जनताले चाहेको संविधान बेलामा बन्न नसकेको चर्चा गर्दै नेताहरू आफ्नै पार्टीगत नीतिमा अडिग रहनाले नेपालमा संविधान सभा धरापमा परेको र नेपाली जनताहरूको सपना चकनाचुर पारेको कुरा व्यक्त गर्दै नेपाली जनताहरू आज विज्ञानले विश्वछपक्कै छाएको अवस्थामा निदाएर बास बस्न नहुने विचार व्यक्त गर्दै यी निसाहारा जनताहरूलाई दौडमा निस्केका प्रमुख तिन दलले पार्टीगत स्वार्थलाई त्यागेर राष्ट्रिय स्वार्थमा लाग्न आग्रह गरेकी छन् । **संविधान र सभासद** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपाली जनताहरूले ६०१ सभासदलाई राष्ट्र निर्माणका लागि पठाएका हुन् उनीहरूलाई पार्टीको निर्देशनमा पठाएको हैन भन्दै यी ६०१ सभासदको दास मनोवृत्तिप्रति आक्रोस व्यक्त गरेकी छन् ।

**उत्तर र दक्षिणका हाम्रा मित्रहरू** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले हाम्रो छिमेकी देशहरूको चर्चा गर्दै विश्वमा एक शक्तिशाली देशको रूपमा स्थापित राष्ट्र चीनले अभिभावकको कार्य गरेको र हाम्रो देशको स्वतन्त्रता तथा राष्ट्र विकासको लागि अमूल्य योगदान दिएको प्रति कदर व्यक्त गरेकी छन् । हाम्रो दुःखमा सदा साथ दिने भारत अचेल नेपालको विभिन्न भागमा सीमा हडप्ने कार्यमा लागेकोप्रति तीव्र असन्तोष व्यक्त गरेकी छन् । **गठबन्धन भङ्गको षड्यन्त्र** निबन्धमा घलेले नेपालमा राष्ट्र निर्माणका लागि एकजुट भएर लागेका नेपाली राजनीतिक दलहरूको गठबन्धन प्रति र राष्ट्रको निकास हेर्न नचाहने मुठ्ठी भरका भीजलान्ते तत्वहरूले दलहरूको एकता टुटाउन आटेको विचार व्यक्त गरेकी छन्  र नेताहरूलाई तिनीहरूको त्यस्ता कार्यको वास्ता नर्गन आग्रह गरेहकी छन्

**नेपालमा हत्या, हिँसा कसले गऱ्यो** ? निबन्धमा घलेले हाम्रो देश शान्ति, प्रजातन्त्र, एकता, विकास संविधान निर्माण गरेको हेर्न नचाहने तत्वहरूले हाम्रो देशमा रहेका नेताहरूलाई फसाएर देशलाई समाप्त पारेको कुरा व्यक्त गरेकी छन् । त्यसै गरी हाम्रो देशको शान्ति र विकासबाट आत्तिएर देशद्रोहीहरू छटपटिएको कुरा व्यक्त गरेकी छन् । **नेपाली सेनाको महानिर्देशनालय गठन हुने** निबन्धमा घलेले नेपालमा दशवर्षे रक्तक्रान्तिबाट शान्तिको मूलधारमा आएका एकीकृत माओवादीलाई इङ्गित गर्दै आफ्नो पछाडि व्याकफोर्स राख्न चाहेकोले नेपालका जनताहरूले दुःख पाएको बताउँदै अब जनताहरूकालागि नेताहरूले नयाँ काम गरेर देखाउने बेला आएको बताएकी छन् । **मेरो दृष्टिमा माओवादी** निबन्धमा घलेले नेपालमा व्याप्त सामाजिक वर्गीयभेदको अन्त्य गरी समाजमा समानता ल्याउन तथा युगौँदेखि दबिएर बसेका जनजातिहरूलाई आफ्नो हक, अधिकारको ज्ञान दिलाई हक प्राप्तिका लागि उठ्न प्रेरित गरेकाले माओवादीप्रति आफू प्रसन्न भएको बताएकी छन् ।

**शहीद पत्रकारको स्मारक नै शहीद** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपालमा व्याप्त भइरहेको भ्रष्टचारले गर्दा शहीदका शालिकहरू नै भत्किएर नामनिसानामा नरहने अवस्थामा रहेको जनाउँदै अब राष्ट्र गरिबी, बेरोजगारबाट ग्रस्त भएकाले नेपालमा कुनै पनि कार्य संयम तथा गतिलो रूपले नभएकोप्रति तीव्र व्यङ्ग्य

गरेकी छन् । **काङ्ग्रेस र देशका समस्या** निबन्धमा घलेले नेपाली जनताले अत्यधिक मत प्रदान गरी देशकै ठूलो पार्टी बनाएको भए पनि काङ्ग्रेसको अज्ञानताले गर्दा अहिले तेस्रो दर्जामा झरेको यथार्थलाई प्रस्तुत गर्दै अब नेपाली जनतालाई बन्दी बनाई बन्धक बनाउन पट्टी नलागेर एमाले, माओवादी र फोरमलाई राष्ट्र निर्माणमा लाग्न आग्रह गरेकी छन् ।

**प्रधानमन्त्री के हो** ? निबन्धमा निबन्धकार घलेले प्रधानमन्त्री पदको मूल्याङ्कन नहुने बताउँदै झलनाथ खनाल नेपालको संविधान अनुसार प्रधानमन्त्री भएको बताउँदै उनले आफ्नो कर्तव्यको ख्याल गरी जनहितका कार्य गर्न सक्नु पर्ने अवस्थामा प्रधानमन्त्री हुनु अगाबै राजिनामाको सर्तमा हस्ताक्षर गर्ने यिनले आफ्नै व्यक्तित्वमाथि प्रश्न खडा गरेको बिचार व्यक्त गर्दै अहिलेको परिस्थितिमा देशले ६०१ जना बिना कामका सभासदहरूलाई पाल्न नसक्ने विचार व्यक्त गरेकी छन् । **प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतन्त्रिक शिक्षा** निबन्धमा घलेले नेपालमा प्रजातन्त्रवादी, लोकतन्त्रवादी र गणतन्त्रवादी नेताहरूले पालै पालो सरकार चलाएका भए पनि उनीहरूको अज्ञानताले गर्दा राष्ट्रले निकास पाउन नसकेको र नेपालको अर्थतत्र खस्कदै गएको, राष्ट्रमा विकास निर्माणका कार्यहरू ठप्प भएको, शिक्षा, स्वास्थ जस्ता ठाउँहरूमा आवश्यक कर्मचारीको अभावमा जनताहरूले दुःख खेप्नु परेको यथार्थलाई प्रस्तुत गरेकी छन् ।

नेपाली जनजाति आदिवासीको जानकारी गराउनु, नेपाली राजनीतिक पार्टीहरूको राजनीतिक अवस्थाको चिरफार गर्नु, दलीय स्वार्थमा लिप्त नेताहरूको चत्रिको उद्घाटन गर्नु, नेपालमा दीगो विकास, शान्ति नचाहने राष्ट्रिय अन्तर्राष्ट्रिय तत्वको चित्रण गर्नु, नेपालमा भइरहेको भ्रष्टचार, अनियमितता जस्ता कुराहरूलाई चर्चामा ल्याउनु यस निबन्धको उद्देश्य रहेको छ ।

सरल, सुबोध्य भाषाशैलीको प्रयोग, तत्सम, आगन्तुक र नेपाली झर्रा शब्दको प्रयोग, प्रथम तथा द्वितीय पुरुषको प्रयोग र ठाउँठाउँमा उखानटुक्काको प्रयोगले प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरू उत्कृष्ट रहेका छन् ।

### ६.३ 'मान्छे मान्छे बनौँ' निबन्ध सङ्ग्रहको विश्लेषण

वि.सं २०६८ मा भद्रकुमारी घले सेवा सदन, काठमाडौँद्वारा प्रकाशित 'मान्छे मान्छे बनौँ' निबन्धसङ्ग्रह भित्र विभिन्न शीर्षकका विविध विषयका १७ वटा निबन्धहरू सङ्कलित छ । आत्मपरक र वस्तुरपरक शैलीमा लेखिएको निबन्धहरूमा निबन्धकार भद्रकुमारी घलेले मानवीय चरित्र, राष्ट्रिय समसामयिक विषयलाई मार्मिक ढङ्गबाट पस्केकी छन् ।

**मान्छेमा काम गर्ने अठोट हुनुपर्छ** निबन्ध यस निबन्ध सङ्ग्रहको पहिलो निबन्ध हो । यस निबन्धमा घलेले मानिसमा कार्य गर्ने आँट, चाहना तथा मन हुनुपर्छ । यदि उसले मनदेखि नै कार्य गर्ने चाहना हुनेहो भने उसले जस्तो सुकै कार्य गर्न सक्छन् भन्ने भाव व्यक्त गर्दै आफूलले कसैको सहयोग बिना विभिन्न १८ वटा गाउँ पञ्चायतका १८ वटी महिलाहरूलाई निशुल्क रूपमा सक्षरता कार्यक्रम, कृषि कार्यक्रम, स्वास्थ्य कार्यक्रम, स्वरोजगार कार्यक्रम, जनचेतनामूलक कार्यक्रम जस्ता कार्यक्रम गरेको जनाउँदै मानिसमा धन होइन मन हुनुपर्छ भन्न उदाहरण पेश गरेकी छन् । **आफ्नो सम्पत्ति, रहर र आफूले भोगेको व्यथाहरूको भविष्य कसरी अमर बनाउँने** ? निबन्धमा घलेले भूमिजङ्ग के. सी.ले कृषि व्यवसायबाट आफ्नो आयस्तरमा कायापलट गर्न सक्षम भएको उदाहरण पेस गर्दै आजका पढेलेखेका व्यक्तिहरूले पनि यो पेसा अवलम्बन गरेमा उनीहरूको आर्थिक स्तरमा उन्नति हुने विचार व्यक्त गर्दै आफूले पनि यही पेसालाई अबलम्बन गरेको विचार व्यक्त गरेकी छन् ।

**साभा सवालमा हाम्रो प्राकृतिक स्रोतको प्रश्न** ? निबन्धमा निबन्धकार घलेले हाम्रो राष्ट्रलाई समुन्नत बनाउने विभिन्न ८ वटा सूत्र प्रस्तुत गर्दै हाम्रो देशमा भइरहेको नाफा मुलक शैक्षिक प्रणाली, जनशक्ति पलाएन, राजनीतिक स्थिरता जस्ता कुराहरूको निन्दा गर्दै हाम्रो देशमा पाइने प्राकृतिक स्रोत र साधनको खोजी गरी औद्योगिक रूपमा सञ्चालन गरेमा राष्ट्रको आर्थिक स्तर सुधिने र नेपाली जनताहरू बेरोजगार हुनु नपर्ने विचार व्यक्त गर्दै ती बस्तुहरूको सही सदुपयोग गरेमा नेपाली युवा बेरोजगार हुन नपर्ने भाव व्यक्त गरेकी छन् । साथै अबका दिनमा मानिसहरूले

प्रकृतिको संरक्षण नगरेमा प्रकृतिले मानिसलाई ठूलो हानी गर्न सक्छ भन्ने विचार व्यक्त गर्दै मानिसले यसको संरक्षणमा लागिहाल्नु पर्ने विचार राखेकी छन् ।

**आत्मा र परमात्मा** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले मानिसमा बढेको व्यभिचार, अन्याय, शोषण, दमन, हिंसा, भ्रष्टचार मनोवृत्ति भएका व्यक्तिहरूले कहिल्यै ईश्वर प्राप्त गर्न र जीवनमा सुख प्राप्त गर्न नसक्ने जनाउँदै मानिसले वास्तविक सुखप्राप्त गर्न आफ्नो धर्म, संस्कृति, रीतिरिवाजलाई पछ्याउँदै त्यसको संरक्षण र संवर्द्धन गर्दै भक्तिभावले ईश्वरलाई जीवन समर्पण गर्नुपर्ने विचार व्यक्त गरेकी छन् । **योग र सम्बन्धमा शुभकामना** निबन्धमार्फत् घलेले योगले मानिसलाई सदा सुखि र स्वस्थ रहन सहयोग गर्ने कुरा आफूले प्रयोग गरेपछि आफूमा भएको सम्पूर्ण रोग नष्ट भएर गएको बताउँदै सबै व्यक्तिहरूलाई योगा गरी स्वस्थ रहन सल्लाह दिएकी छन् ।

**हाम्रो राष्ट्र श्रोत फलफूल** निबन्धमा घलेले नेपाल प्राकृतिक स्रोतले भरिपूर्ण रहेको छ । नेपालमा ६ वटा ऋतु अनुरूसारका विभिन्न फलफूल, तरकारी उब्जाउन सकिने भएकाले हामीले हाम्रो प्रकृतिक शक्तिलाई सदुपयोग गर्न सकेमा नेपाल आर्थिक रूपले समुन्नत बनाउन सकिन्छ भन्दै अहिलेको अवस्थामा पनि राउटे, बनकरिया, चेपाङ जस्ता जातिहरू वनमा नै आफ्नो जीवन बिताउने गरेको चर्चा गर्दै हामीले पनि उनीहरूले प्रयोग गरेका कन्दमुल तथा अन्य पदार्थहरूको खोज अनुसन्धान गरी प्रयोग गरेमा हाम्रो आर्थिक अवस्थामा सुदृढ हुने विचार व्यक्त गरेकी छन् ।

**राष्ट्रिय स्रोत सम्पदा लुम्बिनीको दुरूपयोग** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपालमा रहेका ऐतिहासिक महत्वका बस्तुहरू लुम्बिनी, सगरमाथा हिमश्रृखला, नदीनलाहरू र प्राकृतिक छटा, बीरताको प्रतीक गोर्खालीपन जस्ता कुरालाई नेपाली राजानीतिक पार्टीहरूले संरक्षण गर्न नसकेको र छिमेकीको लहलहैमा लागेर आफ्नो देशलाई बन्धक बनाएको तर्फ तीव्र असन्तुष्टि व्यक्त गर्दै झलनाथ जस्तो सक्षम व्यक्तिले देशलाई निकास दिनुपर्ने विचार व्यक्त गरेकी छन् । **सीप विकास र हाम्रो मनोवृत्ति** निबन्धमा घलेले आमनेपालीहरूको मनोवृत्तिलाई नियाल्दै नेपालीहरूमा जोस, जाँगर, सीप र यहाँका प्रकृतिक बस्तुहरूको पहिचान गर्न नसकेर नेपालीले अर्काकै गुलामी गरेर समय खेर फालिरहेको विचार व्यक्त गरेकी छन् । साथै नेपालीहरूले धैर्य,

आँट गरेर कार्य गर्ने हो भने र यहाँको प्राकृतिक स्रोतलाई सही प्रयोग गर्ने हो भने नेपालीहरूले चाँडै आर्थिक रूपमा फड्को मार्ने विचार व्यक्त गरेकी छन् ।

**मान्छे उत्पादनमा आमा र बाबुको मूल्य** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपाली समाजमा पुरुष तथा पुरातनपन्थीहरूको विचारको खण्डन गर्दै सन्तान उत्पादनमा पुरुषको मात्र प्रमुख हात हुन्छ भन्ने .विचार व्यक्त गर्दै सम्पूर्ण बालबच्चाहरूलाई दश महिनासम्म कोखमा राखेर र मृत्युमय प्रसव पीडा सहेर जन्माई पाँच वर्षसम्म स्तनपान माया, ममता र वात्सल्यता प्रदान गर्ने आमाको गरिमालाई घटाइनु युक्तिसङ्गत नहुने तर्क अघि सार्दछिन् । **आजका यज्ञ र महायज्ञहरू** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपालमा अहिले धार्मिक मनहरू बढेको र जहाँतहीँ यज्ञ तथा महायज्ञ सञ्चालन भइरहेको अनि यसको नेतृत्व दीनबन्धु पोखरेलले गरेको विचार व्यक्त गरेकी छन् । यसता यज्ञहरूबाट सङ्कलित रकमबाट देशका विभिन्न ठाउँहरूमा शैक्षिक संस्था, स्वास्थ चौकी तथा अन्य सार्वजनिक विकास निर्माणका कार्यहरू भइरहेकाले आफू उत्साहित भएको बताएकी छन् ।

**मान्छे चार प्रकारका हुन्छन्** निबन्धमा घलेले मान्छेको मनोवृत्ति र विषेशताको आधारमा **अबका मान्छे, तबका मान्छे, अब र तबका मान्छे र न तबका मान्छे न अबका मान्छे** गरी चार प्रकारमा वर्गीकरण गरेकी छन् । उनका अनुसार अबका मान्छे अर्न्तगत स्वार्थी, भ्रष्टचारी प्रवृति भएका मानिसहरू पर्दछन् त्यसै गरी तबका मान्छेमा धर्मभीरू, पुरातनवादी सोँच भएका र रूढीबादी परम्परालाई आत्मसाथ गर्दै समाजलाई यथास्थितिमा राख्नचाहने व्यक्तिहरू पर्ने विचार व्यक्त गरेकी छन् । साथै अबका र तबका मान्छेहरूमा आफ्नो कुनै निश्चित लक्ष्य नभएका मानिसहरू र न अबका न तबका मान्छेहरूमा परिवार, समाज, राष्ट्रसँग कुनै सम्बन्ध नभएका व्यक्तिहरू पर्ने विचार व्यक्त गरेकी छन् । **सत्मार्ग र सत्व्यवहार** निबन्धमा घलेले आफ्नो व्यवहार सन्तुलित गर्न नसकेमा जतिसुकै धनाढ्य व्यक्तिहरू पनि समाप्त भएर जाने तर्क गर्दै हामी आफ्नो क्षमता औकात तथा समयको माग बुझी अगाडि बढ्नु पर्ने र आफ्नो जीवन सफल पार्न सत्व्यवहार, सत्मार्ग, सुकर्म गर्ने बानी बसाल्नु पर्ने धारणा व्यक्त गरेकी छन् ।

**जीवन जिउने तरिका** निबन्धमा भद्रकुमारी घलेले यस संसारमा जति पनि प्राणीहरू रहेका छन् ती सम्पूर्ण प्राणीहरूको जीवन जिउने तरिका फरक-फरक रहेको चर्चा गर्दै प्रत्येक प्राणीहरूमा आमाहरूले आफ्ना सन्तानहरूलाई वात्सल्यपूर्ण तरिकाले आफ्ना सन्तानलाई हुर्काउने गरेको चर्चा उठाएकी छन् ।

**मेरो मनको मूल्याङ्कन, साहित्यिक क्रियाकलाप** निबन्धमा घलेले नेपालमा रहेका साहित्यिक व्यक्तित्वको मूल्याङ्कन गर्ने क्रममा सर्वाधिक उच्च स्थानमा रमा शर्मा, इन्दिरा प्रसाईं, नरेन्द्र प्रसाईं जस्ता व्यक्तित्व पर्न आएको उल्लेख गर्दै समाहित्यको सेवा आत्मिक चाहना भएको र प्रकाश सायमीको गालिबको चिहान र अरू कविता पढे पछि उनी पनि नेपाली साहित्यको उच्च स्थानमा विराजमान हुन सफल व्यक्तित्व भएको चर्चा गरेकी छन् । **देव, दानव र मानवको कथा** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले आफ्नो काम, कर्तव्य र अस्तित्व अनुसार कार्य गर्नु पर्ने विचार व्यक्त गरेकी छन् । **हाम्रो स्रोत भांग्रा** निबन्धमा निबन्धकार घलेले नेपालमा पाइने जडीबुटीद्वारा परम्परागत पोसाकको निर्माण गर्न सकिने हुनाले हामीले यस्ता सम्पत्तिको संरक्षण गर्नु पर्ने विचार व्यक्त गरेकी छन् ।

मानिसमा कार्य गर्ने जोस, जाँगर, धैर्य, सहनशीलता जस्ता कुरा हुनु पर्ने विचार व्यक्त गर्नू, प्राकृतिक स्रोत र साधनको समुचित प्रयोग गर्न सकेमा मानव जीवन सार्थक हुन्छ भन्ने कुरा देखाउनु, राष्ट्रिय सम्पदाको संरक्षण गरेमा देशले लिन सक्ने लाभको चर्चा गर्नु, मानवीय चरित्रको चिरफार गर्नु, धार्मिक सद्भावले राष्ट्रको हितहुने कुरा दर्शाउनु र राजनीतिक पार्टीहरूको कुकृत्यको चर्चा गर्नु जस्ता यस निबन्ध सङ्ग्रहको उद्देश्य रहेका छन् ।

हग्नेलाई भन्दा देख्नेलाई लाज, भ्यागुताको धार्नी पुग्नु, नाच्न जन्दैन आँगन टेढो, ऋण गरेर भएपनि घिउ खानु जस्ता उखान टुक्काको प्रयोग, सबै स्रोतका शब्दको प्रयोग, सरल, श्रुतिरम्य भाषाशैलीको प्रयोगले यो निबन्ध सङ्ग्रह उत्कृष्ट देखिन्छ र यस निबन्ध सङ्ग्रहमा आन्तरिक तथा वाह्य दृष्टिविन्दुको प्रयोग र आत्मपरक शैलीको प्रयोग भएको छ ।

## ६.४ 'घलेको इतिहास' ऐतिहासिक निबन्ध सङ्ग्रहको विश्लेषण

नेपाली निबन्धको यात्रामा आधुनिक युगमा प्रवेश गरेकी निबन्धकार भद्रकुमारी घलेद्वारा वि.सं २०६८ मा भद्रकुमारी घले सेवासदनबाट प्रकाशित गरिएको घलेको इतिहास निबन्ध सङ्ग्रह ७१ अध्याय र १७८ पेजसम्म विस्तारित छ । विशेष गरी घलेको इतिहास समेटिएको यस निबन्ध सङ्ग्रहमा धर्म, सँस्कृति, रीतिरिवाज, भेषभुषा, चालचलन, भाषा आदिको अनुसन्धनात्मक अन्वेषण गरिएको छ ।

**स्व, ठुँ टेकन फ्हैमू तमूँ गुरु** प्रस्तुत निबन्ध सङ्ग्रहको मूल र प्रथम अध्याय हो । यस अध्यायमा चार उपशीर्षका यसै शीर्षकलाई पुष्टि गर्ने हेतुले लेखिएका निबन्धहरू रहेका छन् । यस निबन्धमा भद्रकुमारी घलेले गुरुङको वंशजको रूपमा घ्याब्रिङ र फ्हैच्यू रहेका र उनीहरूले सम्पूर्ण वेदलाई कन्ठस्थगरी आफ्नो धर्मको रक्षा गरेको चर्चा गरेकी छन्, साथै आदिवासीका रूपमा रहेका यी गुरुङहरूको धर्म, सँस्कृति, रीतिरिवाजलाई आर्यहरूले आक्रमण गरी समाप्त पार्न थालेकाले उनीहरूले आत्मबलले आफ्नो धर्म ग्रन्थलाई कन्ठस्थ गरी जलाएको कुरा व्यक्त गरेकी छन् । सथै गुरुङहरूको सँस्कार आदिकालदेखि निरन्तर चल्दै आएको र पुरेतहरूले जन्म तथा मृत्युका सँस्कारहरूमा चमत्कारपूर्ण कार्य गरी आफ्नो कर्तव्य पूरा गरेको जनाएकी छन् ।

गुरुङहरूको इतिहास खोज्दै जाँदा एसिया महादेशको नेपाल राज्यको पसाफुन्दी ग्याल्सा भन्ने व्यक्ति भएको र ऊ नेपालको सिक्लेस भन्ने ठाउँमा पहिले बसोबास गरेको र ऊ समयसँगै विश्वका विभिन्न भूभागमा बसाँइ सर्दै बसोबास गरेको विश्वास व्यक्त गरेकी छन् । त्यसै गरी गुरुङहरूले आदिम कालदेखि आफ्नो परम्परासँग सम्बन्धित बस्तुहरूको खोजि गरी विश्वका गुरुङजातिहरू एक जुट भएर आफ्नो परम्परालाई जर्गेना गर्नु पर्ने भाव व्यक्त गर्दछिन् ।'आदिवासि तमूँ कैं' को भूमिका उपशीर्षकमा संसारको सृष्टिका बारेमा वंशगत रूपमा वेदको कन्ठस्थ पार्ने काम श्री ठूँ टेकन फ्हैमूँ गुरु, श्री क्होला तमूँ गुरु र श्री लाह्त्सु तमूँ गुरुहरूले गरेको र त्यो कार्य निरन्तर रूपमा चल्दै आएको बताएकी छन् । साथै आफूले वि.सं २०४७ मा गुरुङहरूको पुस्तक प्राप्त गरेको र आफूले पनि २०६४ पौष १४ गते तमूँ वेद प्रकाशित गरी नेपालका विख्यात सँस्कृतिविदहरूबाट विमोचित गराएको कुरा बताएकी

छन् । **क्यू फूई-पवित्र पानी** को चर्चा गर्दै यसको के कसरी उत्पत्ति भयो र यससँग सम्बन्धित ऐतिहासिक तथा पौराणिक महत्वलाई साक्षी राखेर खोज गरी विश्वाशिला तर्क पेश गरेकी छन् । साथै घलेले क्यूफूई-पवित्र पानी अरू पानीको मूहान जस्तो असार साउनमा मूल नफूटेर यो पुष महिनामा मूल फुट्ने बताएकी छन् ।

## लोमाथन्का नै साफुन्दी क्यालाहो-घले ह्रे ता-घले इतिहास

**प्रथम अध्याय-के ध्यौं -१ क्यार्लो-श्रृष्टि** मा निबन्धकार भद्रकुमारी घलेले 'भैरहवा, रूपन्देही तमूँ छाँ धीँ' ले क्यार्लो-श्रृष्टि नामक ३ सय १० पृष्ठको पुस्तकले सृष्टि सम्बन्धी सम्पूर्ण ज्ञान हुने बताउँदै आफूले पनि आदिवासि गुरुङको इतिहास र घलेको इतिहास लेखी **त्यस पुस्तकमा सबै कुराहरू समेटेको जनाएकी छन् ।**

**दोस्रो अध्याय-के ध्यौं -२ नौ गुरु प्रकट** मा निबन्धकार भद्रकुमारी घलेले आफूले घलेजातीको इतिहास लेखिरहेकाले आफूलाई स्वस्थ राख्न ईश्वरसँग प्रर्थाना गरेकी छन् ।

**तेस्रो अध्याय-के ध्यौं-३** मा घलेले नौ गुरुहरू प्रकृतिमा लिन भएपछि तमूँ वेद अनुसार सृष्टिका सृजनाका लागि बाह्र बुद्धको उत्पत्ति भएको र तिनीहरूमा राज्य सञ्चालन गर्न सक्ने, अध्यात्मिक ज्ञान प्राप्त र रोग निदान गर्न सक्ने, अर्थशास्त्रको व्यवस्थापक, तत्व ज्ञान प्राप्त जस्ता क्षमता भएका व्यक्ति भएको चर्चा गर्दै उनीहरूको उत्पत्ति स्थलको चिनारी पनि गरेकी छन् ।

**अध्याय चार- के-ध्यौं** ४ मा घलेले विभिन्न्न देवताहरूको परिभाषा दिदैं तमूँ शब्दको शाब्दिक तथा धार्मिक अर्थ प्रदान गर्दै नौ बुद्धहरूलाई कूख्यि भनेकी छन् ।

**अध्याय पाँच-के-ध्यौं ५** मा घलेले राजशक्ति प्राप्त तीन शक्तिहरूको चर्चा गर्दै उनीहरूले कसरी राज्यशक्ति प्राप्त गरे, कसरी उनीहरूको विवहा सुरूवात भयो र तिनीहरूको वंशज कुन कुन हुन् भन्ने कुरा चिनाएकी छन् ।

**अध्याय छ-के-ध्यौं ६** मा घलेले घलेको उत्पत्ति सम्बन्धमा धार्मिक तथ्यहरू पेश गर्दै यस संसारको उत्पत्ति हुनुपूर्व पाँच ठाउँबाट १२ बुद्धहरू उत्पत्ति भई तपस्या गर्दा

गर्दै एक आत्मा लिन भई सृष्टि गरेको हो भन्ने कुरा आफूले तमूँ वेदमा स्पष्ट पारेको उल्लेख गरेकी छन् ।

**अध्याय सात-के-ध्यौँ ७** मा घलेले यो संसार पूर्णतया हिउँले ढाकिएको र बाह्र अवतारी बुद्धहरू सर्वगुण र सर्वशक्ति सम्मपन्न भएकाले उनीहरूले नै यस संसारमा सजीव र निर्जीव वस्तुहरूको सृजना गरेको र अहिले पनि अवतारी बुद्धहरूले आफ्नो भक्तहरूलाई शक्ति प्रदान गरी समाजमा सही मार्गदर्शन गरेको चर्चा गरेकी छन् ।

**अध्याय आठ-के-ध्यौँ ८** मा घलेले सृष्टिकालमा उत्पन्न भएका बाह्र बुद्धकै ठाउँबाट सात भ्याँगी आमाहरूको उत्पत्ति भएको र यिनीहरूले सयौँ वर्षसम्म अवतार लिएको र तिनै अवतारीहरूको सन्तानहरूमध्येबाट कुनै एकले ग्याल्सामा राज्य गर्ने गरेको र तिनकै पालामा आफ्ना नातिहरूलाई ३ घले वंशज प्रदान गरी सामरी घले क्हो, रिल्छै घले क्होँ र ग्लादो घले क्हो मा वर्गीकरण गरेको चर्चा गरेकी छन् ।

**अध्याय नौ-के-ध्यौँ-९** मा निबन्धकार भद्रकुमारी घलेले फरक फरक शक्ति भएका पाचँ कुलका बाह्र बुद्धहरूको पूर्खा र सात म्योमका उत्पत्ति र विवाहवारीको चर्चा गरेकी छन् ।

**अध्याय दश-के-ध्यौँ-१०** मा घलेले तीन राजशक्ति, चार गुरुशक्ति र तीन वंशजका चार भाइ प्रजा ब्लिखि रहेका र कुख्यि र ब्लिखि वंशमा वैवाहिक सम्बन्ध स्थापित हुने बताएकी छन् । विश्वमा रहेका होचा, पुड्का, चिम्सा जातिहरू यिनै चार वंशका सन्तान भएको बताउँदै तमूँ वेद अनुसार पृथ्वीमा हिमयुग, सृष्टियुग, सत्ययुय, द्वापरयुग र कलीयुगसम्म पनि बुद्धका सन्तानले राज्यसञ्चालन गरेका कुरा चर्चा गरेकी छन् ।

**अध्याय एघार-के-ध्यौँ ११** मा निबन्धकार घलेले आदिवासी जनजाति तमूँको वेदमा पेज ५०देखि १४१ सम्म घलेको उत्पत्ति र यससँग सम्बन्धित घले शक्तिशाली भएको, घलेको सन्तान मध्ये एउटा राजकुमार विद्रोह गरी हिमाल पारी गएको र

उसैको वंशज हाल चिन, मंगोलिया, कोरिया, जापानमा गई बसेको चर्चा गरेकी छन् । साथै सामरी घलेले राज्य गरेको ठाउँ हालको मुस्ताङ भएको बताएकी छन् ।

**अध्याय बाह्र-के-ध्यौँ १२** मा राजा सामरी घले भन्दा दरबारीया शक्तिशाली भएको र राजको अनुमति विना राजाका जनविरोधी कार्यहरू गर्ने गरेकाले राजाले आफ्ना राजगुरुलाई राज्यसञ्चालका लागि उचित ठाउँको खोजी गर्न पठाएको र राजाले मादिनदीको किनारमा राज्यसञ्चालन गरी त्यहाँ विभिन्न गुम्बा तथा भगवान्सँग सम्बन्धित धार्मिक स्थलहरूको निर्माण गरेको चर्चा गरेकी छन् ।

**अध्याय तेह्र-के-ध्यौँ-१३** मा निबन्धकार भद्रकुमारी घलेले राज्यसञ्चालनका क्रममा दरबारियाबाट भएको असहयोगका कारण राजाले बसाइसर्ने निर्णय गरेका र ब्लिखि वंशले दुःख पाएको चर्चा गरेकी छन् ।

**अध्याय चौध-के-ध्यौँ-१४**मा ब्लिखि प्रजाहरू आफ्नो समूह बनाएर विभिन्न ठाउँहरूमा बस्नथालेका र यो देखेर राजा  समरी घलेको मन विरक्तिएको र उनी सम्पूर्ण कुरा त्यागी जङ्गलतर्फ लागेको चर्चा गरेकी छन् । साथै नोचन राजकुमारले दरबारमा बैमनस्य फैलाएर तमूँ धर्म, सँस्कृति बिखलबन्दमा पारेको बताएकी छन् ।

**अध्याय पन्ध्र-के-ध्यौँ-१५** मा घलेले नोचन राजकुमारले तमूँहरूको धर्म, सँस्कृति, परम्परा, इतिहास र राजपरिवारमा गराएको मनमुटाव कहिल्यै ननासिने कालो दाग भएर बसकेको यथार्थलाई प्रस्तुत गरेकी छन् ।

**अध्याय सोह्र-के-ध्यौँ-१५** तपस्या गरिहेको अवस्थामा मादीनदीको किनारमा भेटेपछि गुरुले युक्त ठाउँ बसोबास गर्न सम्पूर्ण कुराहरूले अनुकूल भएको बताएको चर्चा गरेकी छन् ।

**अध्याय सत्र-के-ध्यौँ १७** मा घलेले चिली स्थान सम्पूर्ण कुराहरूले उपयुक्त भएको र ग्याल्सा धार्मिक दृष्टिकोणले राज्यसञ्चालन गर्न उपयुक्त नभएको चर्चा गरेकी छन् ।

**अध्याय अठार-के-ध्यो १८** मा घलेले क्लोल्हाबाट आएका गुरुले अर्को ठाउँमा राज्यसञ्चालनका लागि उपयुक्त स्थान भएको बताए पछि तत्काल राजा सामरी घले

त्यता तर्फ प्रस्थान गर्दछन् तर त्यहाँ उनले राज्य गर्न राम्रो नभएकोले दुःख भोग्नु पेरेको बताएकी छन् ।

**अध्याय उन्नाईस-के-ध्यौं १९** मा घलेले पञ्चवेद अनुसार क्लोल्हाबाट आएकाहरू विभिन्न ठाउँमा गएर राज्यगरेका र बसोबास गरेका चर्चा गर्दै राजगुरुले राज्यसञ्चालनको स्थान पत्ता लगाएको र राजा सामरी घलेका प्रजाहरू त्यहाँ आइपुगेका र राजा त्यहाँ नआइपुगेको बताएकी छन् ।

**अध्याय बिस-के-ध्यौं २०** मा घलेले राजा सामरी घले जङ्गल पसेको र राजगुरु आफैँ राजालाई खोज्न गएको चर्चा गरेकी छन् ।

**अध्याय एक्काइस-के-ध्यौं २१** मा घलेले राजगुरु चिली हुँदै विभिन्न भागमा राजा सामरी घलेलाई खोज्ने क्रममा राजा बसेको स्थान पत्ता लगाएको चर्चा गरेकी छन् ।

**अध्याय बाइस-के-ध्यौं २२** मा घलेले राजगुरु र राजा बिचमा भएको वार्तालापमा राजालाई पहिलेको राज्यमा स्वागत गरेको र पछि सामरी घलेले चिलीमा नयाँ राज्यस्थापना गरी राज्यसञ्चालन गरेको चर्चा गरेकी छन् ।

**अध्याय तेइस-के-ध्यौं २३** मा सामरी घलेले पूर्खादेखि राज्यसञ्चालनमा विभिन्न समस्या रहेकाले उनले दुःख पाउनु परेको कारण चर्चा गरिएको छ ।

**अध्याय चौविस-के-ध्यौं २४** मा घलेले सामरी घलेले नयाँ राज्यसञ्चालनमा हिँडेका बेला कान्छा भाइ ग्याल्दो घलेले  मनाङमा गई राज्यसञ्चालन गरेको र माहिलो भाइ राजकुमार ग्याल्दो घलेले गोर्खामा आफ्नो धर्म, सँस्कृति, रीतिरिवाज, चालचलन र भेषभुषाको रक्षा गरी बसेको चर्चा गरेकी छन् साथै उनले एउटै वंशबाट विकसित भएको गुरुङ र घले विचको वैमनस्यता प्रति व्यङ्ग्य गरेकी छन् ।

**अध्याय पच्चिस-के-ध्यौं २५** मा निबन्धकार भद्रकुमारी घलेले सामरी घले जेठा छोरा पो ध्यौं सामरी घलेको लम्जुङमा राज्य व्यवस्था सञ्चालन गरेको र सामरी घलेको जेठा छोरा क्हाल्हाले राज्य तितर बित्तर पारे पछि पाँचै भाइलाई राज्य

सञ्चालन गर्न बिभिन्न ठाउँहरूमा नयाँ नयाँ राज्य निर्माण गरिदिएको चर्चा गरेकी छिन् ।

**अध्याय छबिस-के-ध्यौं छब्बिस २६** मा साँ-फूँ-ति ग्यालसाका एउटा राजाले आफ्ना नातिलाई सामरी घले, रिल्छै घले, ग्याल्दु घले, जस्ता तीन गोत्र दिएका र राज्यसञ्चालनका लागि जेठा नाति सामरी घलेलाई जिम्मा दिएको तर उनी ज्यादै मनोरञ्जन प्रेमी भएकोले जनताहरूले दुःख पाएको चर्चा गरेकी छन् ।

**अध्याय सत्ताइस-के-ध्यौं २७** मा घलेले राजगुरूले सामरी घलेलाई चिलीको नयाँ राज्य सुम्पे पनि सम्पूर्ण कुराहरू छोडी उनी जङ्गल पसेपछि रिल्छै घलेले आफ्नो भउजूलाई सम्हाली राज्यसञ्चालनमा सहयोग पुऱ्याएको चर्चा गरेकी छन् ।

**अध्याय अठाइस-के-ध्यौं २८** मा साब्री घलेसँगै आएको राजकुमारको फुपूको छोराको मृत्यु भएको र साथमा आएका पोच्वौंबाट उसको मृत्युको कर्मकाण्ड गराएको हुनाले त्यही समयदेखि पोच्वौं लगाउने पम्पराको सुरूवात भएको चर्चा गरेकी छन् ।

**अध्याय उन्नतिस-के-ध्यौं २९** मा साब्री घलेका छोराहरू मध्ये कान्छो छोरोले गोर्खाका दक्षिणी भू-भागमा, जेठाले धनपोखरा डाडाँमा र कुख्यीत तमूँहरूले तनहूँमा राज्यसञ्चालन गरेको चर्चा गरेकी छन् ।

**अध्याय तिस-के-ध्यौं ३०** मा क्होला तितरबितर भएका र गुरुहरूले एकतामा बाँध्ने प्रयास गरेको चर्चा अर्को अध्यायमा गर्ने बताएकी छन् ।

**अध्याय एकतिस-के-ध्यौं ३१** मा घलेले राजगुरुले साब्री घलेलाई तपस्यारत ठाउँबाट ल्याउँदै चिलीमा राज्यसञ्चालनको व्यवस्थाको प्रबन्ध मिलाएको र राज दङ्गदास भएको र सम्पूर्ण जनताहरू एकआपसमा मिलेर एउटै भाँडोमा खाना खान थालेको चर्चा गरेकी छन् ।

**अध्याय बत्तिस**-के-ध्यौं ३२ मा राजगुरुको प्रयासबाट छिन्नभिन्न भएको तमूँ राज्य व्यवस्थामा सुदृढ भई सम्पूर्ण कार्य त्यागेको राजा सामरी घलेले आफ्ना पुर्खाले गरेका राज्यस्थानबाट अबका जनताले सामान्यरूपमा जीवन धान्न नसक्ने बुझे पछि चिलीमा गई नयाँ राज्यस्थापना गरी राज्यसञ्चालन गरेको चर्चा गरेकी छन् ।

**अध्याय तेत्तिस**-के-ध्यौँ ३३ मा निबन्धकार भद्रकुमारी घलेले राजा साब्री घलेले राज्यसञ्चालन गर्न विभिन्न राजपरिषद्को गठन गरेका चर्चा गरेकी छन् ।

**अध्याय चौँतिस**-के-ध्यौँ ३४ मा घलेले चिली राज्यव्यवस्था र त्यहाँ बनेका धार्मिक स्थलको नामको सूची पेश गरेकी छन् ।

**अध्याय पैँतिस**-के-ध्यौँ ३५ मा घलेले साँब्री घलेले राज्यसञ्चालनका क्रममा गरेका विभिन्न धार्मिक कार्यहरूको चर्चा गर्दै राज्यसञ्चालनमा विभिन्न राजदरबारीयाहरूको किचलोमा परेको चारथले ठाखोलाका राजकुमार नोचनले पांग्रेस्यासंग विवाह गरी साब्री घलेको दरबारमा राजाविरोधी गुटहरूको निर्माण गरेको तर राजाले सफल पूर्वक राज्य सञ्चालन गरेको चर्चा गरेकी छन् ।

**अध्याय छतिस-के-ध्यौँ ३६** मा घलेले राजा सामरी घलेको राज्यमा विभिन्न षड्यन्त्र गरी राजा र राजपुरोहितको बारेमा दुःप्रचार गरेको चर्चा गर्दै राजाको मत बिपरित कार्य गरेको बताएकी छन् ।

**अध्याय सैतिस-के-ध्यौँ ३७** मा घलेले चारथर प्रजाकुलका व्यक्तिहरूलाई लामा विद्या पढ्न पठाएको भएपनि दुई जनालेपनि उक्त विद्यामा पूर्णता प्राप्त गर्न सकेनन् फेरी गाउँका मान्छे पनि उनीहरूलाई रूचाएनन्, त्यसैले षड्यन्त्रकारीहरूमा ठूलो आपत् आइपरेको चर्चा गरेकी छन् ।

**अध्याय अठ्तिस-के-ध्यौँ ३८** मा घलेले राजा सामरी घलेलाई नोचन राजकुमारले जनता विरोधी कार्य गर्न लगाएको, जनतालाई पनि राजा विरोधी कार्य गर्न उकासेको र राजालाई जनता परिवारबाट एक्लो पारी उनलाई वनप्रथान गर्न वाध्यपारेको कुराहरू उल्लेख गरेकी छन् ।

**अध्याय उन्नचालिस-के-ध्यौँ ३९** मा घलेले राजा सामरी घलेलाई राजद्रोहीहरूले आफ्नो परिवार, राजगुरुबाट टाढा राखी सुरासुन्दरीमा भुलाएको र राज्य आफूहरूले सञ्चालन गरेको कुरा उल्लेख गरेकी छन् ।

**अध्याय चालीस-के-ध्यौँ** ४० मा घलेले राजा सामरी घलेलाई नोचन राजकुमारले पूर्णरूपमा आफ्नो इच्छा अनुरूप चल्ने बनाए पछि राजाले राज्यका उच्च

ओहोदाका व्यक्तिहरूलाई भेला गराई राजाले आफ्नो हुकुम विना दरबार नपस्न आदेस दिएको र नोचन राजकुमारले आफ्नो चार भाइ छोराहरूलाई विषालु साप बनाएको र कुख्यि र ब्लिख्यि वंशलाई विनास गरेको चर्चा गरेकी छन् ।

**अध्याय एकचालिस-के-ध्यौँ-४१** मा निबन्धकार भद्रकुमारी घलेले सामरी घलेमाथि नोचन राजकुमारले षड्यन्त्र गरेको चर्चा गरेकी छन् ।

**अध्याय बयालिस-के-ध्यौँ-४२** मा घलेले नोचन राजकुमार राजा सामरी घलेको राज्य जित्छु भनी आएको तर उसले राज्य जित्न त सकेन बरू उसले सामरी घलेको राज्य र तमूँहरूको एकाता समाप्त पारेको चर्चा गरेकी छन् ।

**अध्याय त्रिचालिस-के-ध्यौँ-४३** मा घलेले नोचन राजकुमारले राजा सामरी घलेलाई आत्मिक माया गर्ने रानीलाई पतिव्रता धर्मको तपस्या गर्न लगाई राजाको सेवाको लागि जनताका सुन्दरी छोरीहरूलाई पठाई आफू राजा विराधी कार्यमा लागेको चर्चा गरेकी छन् ।

**अध्याय चौवालिस-के-ध्यौँ-४४** मा नोचन राजकुमारले षड्यन्त्रकार्यमा सफला प्रप्त गर्दै गएको कुरा बताएकी छन् ।

**अध्याय पैतालिस-के-ध्यौँ ४५** मा घलेले षड्यन्त्रकारीहरूका लामाहरूलाई गाउँलेहरूले मन नपराए पछि राजाबाटै ती लामाहरू जान्ने लामा भएको घोषणा गराउन र गाउँका छारीहरूको सतित्व हरण भएको भन्ने झुटो आरोप लगाई जनताहरू राजा सामरी घलेप्रति विरोधी बनाउन सफल भएको कुरा चर्चा गरेकी छन् ।

**अध्याय छयालिस-के-ध्यौँ ४६** मा घलेले राजा सामरी घलेलाई सुन्दरीहरूसँग रासलिलामा संलग्न गराई दरबारमा नै बन्दी गराएको प्रसङ्ग उठाएकी छन् ।

**अध्याय सत्चालिस-के-ध्यौँ ४७** मा घलेले प्रजाहरूले राजा विरामी भएको नपत्याएको प्रसङ्ग कोट्याएकी छन् ।

**अध्याय अठ्चालिस-के-ध्यौं ४८** मा घलेले गुरुपुरोहितहरूलाई धागोबाट २०० मिटर टाढाबाट जोखना हेर्न पाउने व्यवस्था गरेको र षड्यन्त्रकारीका रायसल्लाह अनुसार लामालाई सबै प्रजाहरूले मान्नु पर्ने आदेश दिएको कुरा व्यक्त गरेकी छन् ।

**अध्याय उन्नचास-के-ध्यौं ४९** मा घलेले सामरी घललाई सम्पूर्ण राजगुरु, राजपरिवार, प्रजाबाट एक्याएर नोचन राजकुमाले तमूँहरूको धर्म, सँस्कृति, रीतिरिवाज, भेषभुषा समाप्त पार्न समाप्त पार्न सफल भएको कुरा बताएकी छन् ।

**अध्याय पचास-के-ध्यौं ५०** मा निबन्धकार भद्रकुमारी सामरी घलेले सामरी घले लगाएत कुख्यि र ब्लिख्यि वंशलाई नोक्सान पुऱ्याउने नोचन राजकुमारको वंश प्लिख्यिसँग कुनै पनि सम्बन्ध राख्न घलेहरू नचाहने कुरा प्रस्तुत गरेकी छन् ।

**अध्याय एकाउन्न र वाउन्न-के-ध्यौं ५१ र ५२** मा घलेले नोचन राजकुमार आफ्ना बुबसँग गरेको वाचा पूरा गर्न सामरी घलेको राज्मा प्रवेश गरेको र राजा सामरी घलेलाई धम्क्याई पञ्चलक्षणसँग विबाह गरेको र नोचन राजकुमार उनको दरबारमा बस्न थालेको  कुराको चर्चा गरेकी छन् ।

**अध्याय त्रिपन्न-के-ध्यौं ५३** मा पाँचकुलको चर्चा गरेकी छन् ।

**अध्याय चौवन्न-के-ध्यौं ५४** मा तमूँ राजाहरू आफ्नो धर्म, सँस्कृति, रीतिरिवाज अनुसार राज्य चलाएर बसेको र समयसँगै उनीहरू विश्वका विभिन्न भूभागमा फैलिएको चर्चा  गरेकी छन् ।

**अध्याय पचपन्न-के-ध्यौं ५५** मा घलेले तमूँको अर्थ स्पस्ट पार्दै त को अर्थ आकास र मूँ को अर्थ पृथ्वी भएको जनाएकी छन् । साथै सृष्टि कालको राजधानी माथिल्लो मुस्ताङ नै भएको दावी गर्दै समयसँगै प्लिख्यि वंश र ब्लिल्ख्यि वंशमा विवाहवारी चलाएको चर्चा गरेकी छन् ।

**अध्याय छपन्न-के-ध्यौं ५६** मा घलेले यस अध्यायलाई अन्तिम अध्याय मानेकी छन् । तर यस पछि १५ वटा अध्याय रहेका छन् । यी अध्यायमा सामरी घले कसरी षड्यन्त्रमा फसे भन्ने कुराको चर्चा गरेकी छन् ।

**अध्याय सन्ताउन्न र अन्ठाउन्न-के-ध्यौँ ५७ र ५८** मा तमूँहरूले आफ्ना राजालाई बिजोगगरी मारेको र त्यही बेलादेखि घिन फाल्ने यज्ञको सुरूवात भएको चर्चा गरेकी छन् ।

**अध्याय उन्नसाठी-के-ध्यौँ ५९** मा तमूँहरूले सामरी घलेको मृत्यु सँस्कारको चर्चा गर्दै उनका भाइ रिल्छै घलेले आफ्नी भउजू आफ्नो परिवार अन्नपूर्णको काखमा पुऱ्याएको चर्चा गरेकी छन् ।

**अध्याय साठी र एकसट्ठी-के-ध्यौँ ६० र ६१** मा घलेले आधुनिक नेपालको राष्ट्रनायक बाजेहरूको र उनीहरूले पटकै पनि समय अनुसार कार्य गर्ने विश्वास व्यक्त गरेकी छन् ।

**अध्याय बैसठी-के-ध्यौँ ६२** मा एमाले र काङ्ग्रेसको राजनीतिक क्रियाकलापबाट वाक्क भएकी निबन्धकार भद्रकुमारी घले अव माओवदी पार्टीले देशलाई निकास दिने कुरामा ढुक्क रहेको चर्चा गरकी छन् ।

**अध्याय चौसट्ठी-के-ध्यौँ ६४** मा घलेले घलेहरूको बासस्थानको चर्चा गर्दै सामरी घलेका कान्छा भाइ लामा थान्कामा नै बसेका र राजा सामरी घलेसँग प्रजा र गुरु सम्पूर्ण देशवासीहरू चिलीमा सरेको बताउँदै घले र तमूँ एकै परिवार भएको बताएकी छन् ।

**अध्याय पैँसट्ठी-के-ध्यौँ ६५** मा राजा सामरी घलेलाई षड्यन्त्र गरी मारेपछि उनका छोराहरू गोर्खा र घान्द्रुकमा गई राज्य स्थापना गरी सञ्चालन गरेको चर्चा गरेकी छन् ।

**अध्याय छैसट्ठी-के-ध्यौँ ६६** मा घलेले आफूले गुरुङवेद र इतिहास लेखेको चर्चा गरेकी छन् ।

**अध्याय सत्सट्ठी-के-ध्यौँ ६७** मा घलेले तमूँको सृष्टिकालको राज्यका बारेमा घलेहरूले पनि खोजी गर्नु पर्ने बताएकी छन् ।

**अध्याय अठसठ्ठी-के-ध्यौँ ६८** मा घलेले बरपाक घलेलाई हत्या गरको र रानी भाग्दै मनाङमा पुगेको अनि उनले छोरा पाएर कुखुराको गुणमा बच्चालाई राखेर दुध खुवाएको प्रसङ्ग कोट्याकी छन् ।

**अध्याय उन्नसतरी-के-ध्यौँ ७९** मा गोर्खामा घलेहरूको राज्य भएको तर आर्यनहरूले आक्रमण गरी त्यो राज्य समाप्त पारेको कुरा व्यक्त गरेकी छन् ।

यसरी निबन्धकार भद्रकुमारी घलेले यस ऐतिहासिक निबन्धमा आदिवासी घलेहरूको इतिहास, धर्म, सँस्कृति, रीतिरिवाज, उत्पत्ति, राज्यसञ्चालन तथा आफूहरूको धर्म रक्षा र संस्कृतिको जगेर्ना कसरी गर्न सकिन्छ भन्नेकुराको खोजी गरेकी छन् । साथै आत्मपरक, सरल, बोधगम्य तथा जातीय भाषाको प्रयोग भएको यस निबन्ध सङ्ग्रह आदिवासी घलेहरूलाई अतिउपयागी हुने देखिन्छ ।

## ६.५ 'चरम सीमामा' निबन्ध सङ्ग्रहको विश्लेषण

भद्रकुमारी घले सेवा सदनले वि.सं २०६९ मा प्रथम पटक प्रकाशित गरेको चरम सीमामा निबन्ध सङ्ग्रहमा २७ वटा निबन्धहरू सङ्कलित छ । प्रत्येक निबन्धको सुरूवात चरम सीमामाबाट प्रारम्भ गरिएको यस सङ्ग्रहका निबन्धहरूमा समसामयिक अतिवादलाई विषयवस्तु बनाएको छ । नेपालमा भइरहेका अतिवादप्रति तीव्र असन्तुष्टि व्यक्त गर्दै घले नेपालका राजनीतिक पार्टीहरूलाई यस निबन्ध सङ्ग्रह मार्फत् व्यङ्ग्य गर्दछिन् ।

**'चरम सीमाको युग आएको छ' चरम सीमामा** निबन्ध सङ्ग्रहको पहिलो निबन्ध हो । यस निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपालमा वर्तमान समयमा भइ रहेको जनसंख्यावृद्धि, घुसखोरी, महगीँ डकैति, लुटपाट, अपहरण, बलत्कार, व्यभिचार, अन्याय, अत्याचार, युवाशक्ति पलायन, पार्टीहरूको गैर कानुनी कामबाट आम जनता पीडित भएको चर्चा गरेकी छन् र अब जनता देशमा भइरहेको यस्ता कार्यहरू विरूद्ध एकजुट भएर आफ्नो हक अधिकार प्राप्त गर्न अग्रसर हुनु पर्ने बताएकी छन् ।

**चरम सीमामा छ आजकल जे पनि** निबन्धमा घलेले नेपालमा लोडसेडिङ, अभाव, भ्रष्टचार, विदेहस्तक्षेप जस्ताकुराहरू चरम सीमामा पुगेकोले नेपालमा विकास निर्माणका कार्यहरू हुन नसकेको विचार व्यक्त गरेकी छन् । साथै राजनीतिक कर्मीको अकर्मण्यताले गर्दा आज नेपाल संविधानहीन, हुनु परेकोप्रति चिन्ता व्यक्त गरेकी छन् ।

**चरम सीमामा हामी र हाम्रो राष्ट्र** निबन्धमा घलेले नेपाली जनताहरू राजनीतिक पार्टीहरूको कुकृत्यले गर्दा आजित भएका छन्, जसले गर्दा राष्ट्रप्रेमि जनताहरूको हातबाट दलका प्रतिनिधिहरूले थप्पड खानु पर्ने चेतावनी दिँदै नेताहरू नसुध्रिएमा नेपाली जनताहरूले नाङ्गोभ्कार पार्ने विचार व्यक्त गरेकी छन् ।

**चरम सीमामा नेपालको राजनीति र नेताहरू** निबन्धमा घलेले नेपाली राजनीतिक पार्टीहरूको अहमताले नेपाली जनताहरू मारमा परेको र राष्ट्र गरीविको खाडलमा घचेटिदैँ गएको चर्चा गरेकी छन् । साथै नेपालका जनताले विश्वास गरेका पार्टीहरूमा एकताको खाँचो औँल्याउदै नेपाली राजनीतिमा विदेशी हस्तक्षेप बढेकोप्रति ठूलो चिन्ता व्यक्त गरेकी छन् ।

**चरम सीमामा नेपाली वीरता** निबन्धमा घलेले भारतमा घटेको एक घटनामा रामबहादुर श्रेष्टले देखाएको बहादुरीको चर्चा गर्दै नेपालीहरूको वीरता अहिले चरम अवस्थामा पुगेको जनाउँदै उनको बीरताबाट सम्पूर्ण राष्ट्र गौरवान्वित भएको बताएकी छन् ।

**चरम सीमामा राजा महेन्द्रका कार्यहरू** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपालका महाराज महेन्द्र प्रजाप्रेमि तथा राष्ट्रप्रेमि भएको जनाउँदै उनले नेपाललाई ७५ जिल्ला र १४ अन्चलमा विभाजन गरेको, पूर्व पश्चिम राजमार्ग निर्माण गराएको, भृकुटी मण्डप, प्रज्ञा प्रतिष्ठान जस्ता विकासका कार्यहरू गरेको चर्चा गरेकी छन् ।

**चरम सीमामा महँगी निबन्धमा** नेपालमा वर्तमान समयमा सम्पूर्ण कुराहरूको भाउ बढेर सगरमाथाको चुचुरो छोएको चर्चा गरेकी छन् । चरम सीमामा गरीबी निबन्धमा निबन्धकार घलेले विश्व रेकर्ड अनुसार महँगीको अवस्थामा अन्तिम दोस्रो

स्थानमा परेको बताउँदै अब सम्पूर्ण अभाव समाप्त पार्ने आधुनिक कृषि प्रणाली अवलम्वन गर्नु पर्ने बताएकी छन् । **चरम सीमामा भोकमरी** निबन्धमा घलेले नेपालमा व्यापकरूपमा भोकमरी बढेकोले यसलाई घटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट कार्य गर्ने थालेको भए पनि ती कार्यहरू अपुग भएको बताएकी छन् ।**चरम सीमामा भ्रष्टचार** निबन्धमा घलेले नेपालका सरकारी कार्यहरूमा मौलाएको भ्रष्टचार र ढिलासुस्तिले गर्दा नेपालीहरूले भोग्नु परेको दु:खलाई प्रस्तुत गरेकी छन् । **चरम सीमामा मिसाट** निबन्धमा घलेले हाम्रो दैनिक जीवनमा प्रयोग गरिने सम्पूर्ण बस्तुहरूमा मिसावट पाइने गरेको तथ्य अगाडि सारेकी छन् । **चरम सीमामा लोडसेडिङ** निबन्धमा घलेले नेपाल प्राकृतिक स्रोतमा विश्वमा धनी देश भएता पनि नेपालीहरूको अज्ञानताले गर्दा नेपालमा लोडसेडिङ चरम सीमामा पुगेको बताएकी छन् । **चरम सीमामा चोरी डकैति** निबन्धमा घलेले आजको समयमा व्यापकरूपमा बढेको चोरी र डकैतिले जनताहरूमा त्रास बढेको र राष्ट्रमा सुरक्षा कर्मीको अभाव महसुस गरिरहेको बताएकी छन् । **चरम सीमामा बलत्कार** निबन्धमा घलेले नेपालमा पहिले शान्तीप्रमि र चरित्रवान् मानिसहरू पाइने तर अहिले नेपाली पुरुषहरूमा नैतिकता गुम्दै गएकोले आफन्त तथा नाबालिकाहरूलाई बलत्कार गरेका सूची तयार परेकी छन् । **चरम सीमामा अपहरण** निबन्धमा घलेले नेपाल सरकार विहीन र सुरक्षाहीन भएको र नेपालका बालबालिकाहरू बढीमात्रामा अपहरण परेको बताउँदै सम्पूर्ण आमा बुबा चिन्तामा रहेको चर्चा गरेकी छन् । **चरम सीमामा बोक्सी काण्ड** निबन्धमा घलेले नेपाली समाज एक्काईसौँ सताब्दीमा आइपुगेको भए पनि आज नेपाली समाज अन्धविश्वस र कुरीतिबाट परहट्न नसकेको बताउँदै सबैले समाजमा भएका यसता गतिविधि समाप्त पार्न आह्वान गर्दछिन् । **चरम सीमामा अन्याय अत्याचार** निबन्धमा घलेले राज्यसंयन्त्र कमजोर भएको र राष्ट्रमा अन्याय अत्याचार बढेको बताएकी छन् । **चरम सीमामा फोहोरमैला** निबन्धमा घलेले विशेषत: नेपालको राजधानीमा बढ्दै गएको फोहोरमैला उचित रूपमा व्यवस्थापनको अभावले वातावरण प्रदूषित भएको तर हामी नेपाली हाम्रो घर र शरीर सफा राखेर आफ्नो कर्तव्य पूरा भएको ठान्ने प्रवृत्तिको घोर निन्दा गरेकी छन् ।

**चरम सीमामा खोलानाला** निबन्धमा निबन्धकार भद्रकुमारी घलेले नेपालमा व्यापक रूपमा नदीनाला भए पनि हामीले यसको सहिसदुपयोग गर्न नसकेकाले नेपालको विकास हुन नसकेको औँल्याएकी छन् । **चरमा सीमामा नक्कली सामान** निबन्धमा घलेले नेपालमा व्यापक रूपमा मिसावटयुक्त खाद्यपदार्थ र अन्य समानहरूको प्रयोग गर्नु पर्ने वाध्यात्मक अवस्था आएको बताएकी छन् । **चरम सीमामा घुसखोरी** निबन्धमा घलेले संविधानसभाका बेला नेताहरूले बाँडेका आश्वासनहरू सपना जस्ता भएका र नेपाली नेताहरूको राजनैतिक अकर्मण्यताले नेपालमा जतातते घुसखारी र भ्रष्टचारीलाई सम्मान गर्नाले उनीहरूको मनोवल बढेको तर जनताहरू पीडामा परेको चर्चा गरेकी छन् । **चरम सीमामा संविधान** मा नेपालका राजनीतिकदल माओवादी र एमालेले राष्ट्रलाई निकास दिनका लगि विभिन्न ५ बूँदे र ७ बूँदे सहमती सम्मान योग्य भएको र यसैगरी सहमती गर्दै अगाडि बढेमा नेपालले पक्कै निकास पाउने विश्वास व्यक्त गरेकी छन् । **चरसीमामा विकृति** निबन्धमा नेपालमा व्यापक रूपमा बढ्दै गएको विकृतिप्रति असन्तुष्ट व्यक्त गर्दै संविधान सभामा ६०१ मध्ये केही व्यक्तिहरू चरित्रहीन भएकाले नेपालमा स्वस्थ समाज निर्माणको आस गर्नु बेकार हुने विचार व्यक्त गरेकी छन् । **चरम सीमामा कमिसनखोरी** मा घलेले नेपाली समाजमा जुनसुकै कार्य गर्न पनि कमिसन चाहेकोले सर्वसाधरण जनताहरू ठूलो कठिनाई महसुस गरिरहेको र नेपालमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र आए पनि जनताका इच्छामुताविक कार्यहरू नभएकोप्रति आक्रोश व्यक्त गरिएको छ । **चरम सीमामा अनैतीकता** मा मानिसमा एक आपसमा अविश्वास, मनमुटाव तथा सामाजिक आचरणहरू हट्दै गएकोप्रति तीव्र असन्तुष्टि पोखेकी छन् । **चरम सीमामा बेइमानी** मा मानिसमा बढ्दै गएको बेइमानी प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरेकी छन् ।

यसरी घलेले यस निबन्ध सङ्ग्रहमा विभिन्न शीर्षकमा नेपाली समाजमा व्यापक रूपमा बढेको अन्याय अत्याचार, घुसघोरी महँगी तथा अन्य विषय वस्तुमाथि मनन योग्य निबन्ध लेखेकी छन् । निबन्ध कुन समय र कुन परिस्थितिबाट सृजना भएको जनाउँदै निबन्धकार भद्रकुमारी घलेले वर्तमानकालीन नेपाली राष्ट्रिय परिवेशलाई तीव्र रूपमा व्यङ्ग्य प्रहार गरेकी छन् । ६० पृष्ठसम्मको आयाममा

विस्तारित भएको यो निबन्ध सङ्ग्रहमा सरल, सुबोध्य, संप्रेष्य भाषाशैलीको प्रयोग भएको छ । आत्मपरक निबन्ध लेखन शैली र ठाउँ ठाउँमा उखान टुक्काको प्रयोगले यो निबन्ध सङ्ग्रह उत्कृष्ट बनेको छन् ।

परिच्छेद - सात

# निबन्धकार भद्रकुमारी घलेको निबन्धात्मक प्रवृत्ति

नेपाली साहित्यकी प्रज्ववल प्रतिभा नारी समाजसेवी कुशल राजनीतिज्ञ, चित्रकार, कथाकार, कवि, गजलकार सुश्री भद्रकुमारी घले (१९८८) को सर्वाधिक चर्चित तथा सफल क्षेत्र भनेको निबन्ध विधा हो । वि.सं. २०४५ सालदेखि नेपाली निबन्ध क्षेत्रमा औपचारिक रुपमा देखा परेकी निबन्धस्रष्टा घलेका हालसम्म डेढ दर्जन भन्दा बढी निबन्ध सङ्ग्रह प्रकाशित छन् । यिनमा राष्ट्रिय राजनीति, धर्म संस्कृति, नारी समस्या, राष्ट्रिय व्यक्तित्व, राष्ट्रिय सरोकारका विषय तथा व्यक्तिगत जीवन भोगाइका संस्मरण जस्ता विभिन्न विषयवस्तु रहेका छन् । साथै उनका निबन्धकृतिहरूमा समसामयिक विद्रूपताप्रति व्यङ्ग्य प्रहार गरिएको छ । निबन्धकार भद्रकुमारी घलेका निबन्धमा आत्मपरक र वस्तुपरक दुबै निबन्धलेखन शैली र चिन्तमूलमकता पनि पाइन्छ । निबन्धकारितामा केन्द्रीत रही अध्ययन गरिएको यस शोधकार्यमा घलेका विभिन्न समयमा प्रकाशित निबन्ध सङ्ग्रहरूको विश्लेषणका आधारमा उनको निबन्धात्मक प्रवृत्तिहरू औल्याइएको छ ।

## ७.१ निबन्धकार भद्रकुमारी घलेको निबन्धात्मक प्रवृत्ति

नेपाली साहित्यको क्षेत्रमा चर्चित नरी हस्ताक्षर सुश्री भद्रकुमारी घलेले आधुनिक निबन्धमा १७ वटा निबन्ध सङ्ग्रह दिइसकेकी छन् । साथै नेपाली साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको प्रमाण उनका प्रकाशित निबन्ध सङ्ग्रहले गर्दछन् । वि.सं २०४५ बाट नेपाली निबन्ध यात्रामा हामफालेकी घलेले आफ्नो जीवनको उत्तर्राधमा पनि निरन्तरता दिइरहेकी छन् र उनको कविता, कथा, गजल, नाटक, गीत, गजल तथा चित्रकला विधा भन्दा उर्वर रहेको विधा निबन्ध नै हो ।

यथार्थ विषयलाई निबन्धमा समेट्ने घलेले आफ्ना निबन्धमा हास्यव्यङ्ग्यातमकता, युगीन विकृति, विसङ्गती, मानवीय चरित्र चित्रण, राष्ट्रिय परिवेशको मूल्याङ्कन, राजनीतिक सामाजिक सन्दर्भ, नारीको मूल्यको खोजी,

क्रान्तिकारी भावना, वर्गीय असमानता, सांस्कृति, राजनीतिक, आर्थिक विभेद, मानवीय भ्रष्ट प्रवृति जस्ता कुराहरूलाई सरल र सहज रूपमा प्रस्तुत गरेकी छन् ।

विशेषतः व्यक्ति सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा ऐतिहासिक निबन्धको घलेले रचना र प्रकाशित गरेकी छन् । निबन्धकार घलेले आफ्नो निबन्धमा राजसंस्थाप्रति अगाध प्रेम व्यक्त गर्दै राजपरिवारले देश र समाजविकासका लागि गरेका कार्यहरूको तारिफ गर्दै वर्तमान समयको राजनीति मियो बिनाको दाई भएको चर्चा गरेकी छन् । राष्ट्रिय राजनीतिले राष्ट्रमा पारेको प्रत्यक्ष प्रभाव र देशमा बढ्दै गइरेको  अन्याय, अत्यचार, शोषण, दमन, भ्रष्टचार, अनियमितता, हिंसा, बलत्कार, यातनाजस्ता कुराहरूलाई चिरफार गर्ने विशेषता पाइन्छ । प्रकृति र मानव बिचको प्रत्यक्ष सम्बन्ध देखाई मानव प्रवृत्तिलाई देखाउने यिनको प्रकृति चित्रण पनि विशेषताको रूपमा स्वीकार गर्न सकिन्छ । समाजमा रहेका नारीहरूको हकको प्राप्तिका लागि अग्रसर हुन आग्रह गर्दै नारीहरूको अस्मितामाथि खेलवाड गर्ने व्यक्तिहरूलाई खबरदारी गरेकी छन् । साथै सामाजिक रूपमा पीडिएका नारीहरूप्रति सहानुभूति प्रकट गर्ने यिनी नारीवादी निबन्धकारको रूपमा चिनिन्छिन् ।

नेपाली राजनीतिमा भइरहेको गुट र उपगुटबाट नेपाली जनताहरूले भोग्नु परेको समस्या,  नेपलमा बढेको अनैतिकता, नेताहरूको फुटको राजनीतिप्रति आक्रोश व्यक्त गर्दै सबै जनताहरूलाई यसता नेताहरूलाई सत्ताच्यूत गर्नु पर्ने क्रान्तिकारी भावना व्यक्त गर्नु उनको निबन्धात्मक विशेषता हो । नेपालमा रहेका आदिवासी जनजातिहरू पछाडि परेकोले अब उनीहरूलाई आफ्नो अधिकारका लागि जुट्न आग्रह गर्नु उनको विशेषता रहेको छ । नेपाली नारीहरू पुरुषको अन्धभक्त भएर पछि लागेकैले नारीहरू दासी हुनु परेको र अधिकार विहीन भएर बस्नु परेको बताउँदै नारीहरूले यस्ता हैकमवदी सोच भएका पुरुषहरूलाई समाजमा नङ्ग्याउनु पर्ने भावना व्यक्त गर्नु पनि उनको निबन्धगत वैशिष्ठ्य हो । गान्धी र तुलसीमेहरबाट प्रभावित निबन्धकार भद्रकुमारी घलेको समाजमा समानता कायम गर्न आग्रह गर्नु, वर्गीय विभेद, लैङ्गिक विभेद, जातिय असमनता, धार्मिक, साँस्कृतिक विभेद जस्ताकुराहरू समाजबाट समाप्त पार्न आग्रह गर्नु उनको विशेषता हो ।

निबन्धकार भद्रकुमारी घलेले आफ्ना निबन्धमा नेपाली सामान्य जनजीवन, चालचलनदेखि लिएर अन्तर्राष्ट्रिय धार्मिक, साँस्कृतिक कुराहरूलाई पनि सजगताकासाथ विषयवस्तुका रुपमा उठाएकी छन् । नारीहरूको हक अधिकारको बारेमा नारीप्रतिको धारणा व्यक्त गर्दै उनले नारीहरूलाई विश्वपरिवेशमा रहेका धारणाको खण्डन गर्दै नारीहरूलाई सदैव आफ्नो हक र अधिकारको रक्षाका लागि सदा तत्पर रहनु पर्ने धारणा राख्नु उनको वैशिष्ठ्य हो । नेपालमा रहेका प्राकृतिक तथा धार्मिक स्रोत र साधनको सही रूपमा प्रयोग गरेमा नेपाल विश्वमा एक सम्बृद्ध देशको रूपमा स्थापित हुने विचार राख्नु उनको अर्को विशेषता मानिन्छ । त्यसैगरी भौतिकवाद र अध्यात्मवादको समन्वयबाट समाज र राष्ट्रको विकास सम्भव भएकोले मानिसमा ईश्वरीय सत्ताप्रतिको आस्थामा जागृत गर्नु पर्ने भावना राख्नु उनको विशेषता हो विभिन्न विषयलाई कलात्मक, सरल, सुवोध्य भाषाशैलीको प्रयोग गर्नु यिनको महत्वपूर्ण निबन्धगत विशेषता हो । यसैगरी निबन्धमा नेपाली झर्रा, आगन्तुक, तत्सम,  र विभिन्न आगन्तुक शब्दहरू र उखानटुक्काको प्रयोग गर्नु उनको अर्को महत्वपूर्ण विशेषता मान्न सकिन्छ ।

परिच्छेद आठ

# उपसंहार तथा निष्कर्ष

## ८.१ उपसंहार

यस शोधपत्रको पहिलो परिच्छेदमा शोधशीर्षक, समस्याकथन, शोधप्रयनेजन, शोधपरिचय दिइएको छ । साथै पूर्वकार्यको समीक्षा गर्दै यस अध्यायमा निबन्धकार भद्रकुमारी घलेका निबन्धकारिताका सन्दर्भमा विभिन्न साहित्यकार तथा समालोचकहरूले राखेका मतको चर्चा हेर्दा उनको **निबन्धकारिताको** अझसम्म शोधकार्य हुन नसकेकोले उनको निबन्धकारिताको अध्ययन हुनु आवश्यक ठानिएको छ । यस सन्दर्भमा हेर्दा यस शोधपत्रले निबन्धकार भद्रकुमारी घलेको निबन्धकारिताको अध्ययन हुने निष्कर्ष निकालएको छ ।

परिच्छेद दुईमा माता भक्तकुमारी घले र कृष्णबहादुर घलेको माहिली छोरीको रूपमा निबन्धकार भद्रकुमारी घलेको जन्म वि.सं.१९८८ चैत १९ गते मङ्गलबारका दिन काठमाडौं महानगरपालिका वाड नं ३३ डिल्लीबजारमा भएको हो । सानैदेखि हक्की स्वभाव र पढाइप्रति अगाध इच्छा भएकी यिनले नेपाल र भरतका विभिन्न स्थनबाट उच्च शिक्षा हासिल गरेकी छन् । नेपाली नरीको हितको लागि जीवन समर्पण गर्ने घलेले नेपालको सामाजिक, शैक्षिक विकासका लागि विभिन्न संस्थाहरूको स्थपना गरी अनवररूपमा लगिरहेकी छन् । यसरी देशको सेवा गर्ने क्रममा उनले साहित्यविकासका लागि अतुलनीय योगदान दिएकी छन् । त्यसैले निबन्धकार भद्रकुमारी घलेलाई विभिन्न संस्थाहरूले सम्मान गरेको छ । राजनीतिमा दख्खल भएकी घले नेपालको राजनीतिक परिवृत्तमा उल्लेखनीय व्यक्तित्व हुन् । उनले राजनीतिक क्रियाकलाप गर्ने क्रममा स्वदेश तथा विदेशका विभिन्न स्थानको सफल भ्रमण र नेतृत्व पनि गरेकी छन् ।

साहित्यसेवामा जीवन समर्पण गरेकी घलेले साहित्यका निबन्ध, कथा, नटक, कबिता, गीत, गजल, चित्रकला जस्ता विधामा सफलता प्रप्त गरेकी छन् । गान्धी र

तुलसीमेहरबाट प्रभावित घले एक सचेत कर्मशील, परिश्रमी, नारी हकहितका लागि मरिमेट्ने, राष्ट्रसेवामा समर्पित नरीहस्ताक्षरको रूपमा चिनिन्छन् ।

परिच्छेद तीनमा निबन्धको सैद्धान्तिक परिचय दिदैं निबन्धको क्षेत्रकी सफल हस्ताक्षर भद्रकुमारी घलको निबन्ध यात्रालाई प्रस्ट पार्दै उनका निबन्धमा समेटिएका विषयवस्तुलाई सामान्य परिचय, उनका निबन्धका विशेषता र निबन्धको इतिहासमा उनको स्थान अनि योगदानको चर्चा गरिएको छ ।

परिच्छेद चार, पाँच र छ मा निबन्धकार भद्रकुमारी घलेको निबन्ध कृतिहरूको अध्ययन गरिएको छ । निबन्धकार घलेद्वारा वि.सं. २०४५ देखिहालसम्म प्रकाशित निबन्धकृतिहरूको सूक्ष्म र गहन तरिकाबाट अध्ययन गरी त्यसमा प्रयुक्त विषयवस्तु भाषा शैली, लेखकीय ढाँचा, शब्दहरूको चयन, जस्ता कुराहरूको चिरफर गरिएको छ । साथै निबन्धमा प्रयुक्त उखान टुक्काको प्रयोग र निबन्धको गहनतम अध्ययनबाट निकालिएको उनको वास्तविक विचारलाई औंल्याइएको छ । परिच्छेद सातमा भद्रकुमारी घलेको निबन्धात्मक प्रवृत्तिहरू औंल्याएको छ ।

सरल, सहज, बोधगम्य भाषा, ग्रामिण भाषा शैलीको प्रयोग गर्दै राष्ट्र, राष्ट्रियता, मानवतावादी स्वर र मानवसेवामा पोखोखिएको आत्मिक प्रेमजस्ता कुराहरूलाई विभिन्न कोणबाट अध्ययन र विश्लेषण गरिएको छ ।

परिच्छेद पाँच अर्न्तगत चारवटै अध्यायहरूको क्रमश:निष्कर्ष दिइएको छ । अध्याय एक अन्तर्गत शोधपरिचय, परिच्छेद दुईमा निबन्धकार भद्रकुमारी घलेको परिचय, परिच्छेद तीनमा निबन्धको सैद्धान्तिक अध्ययन र निबन्धकार घलेको निबन्ध यात्राको सीमाङ्कन, परिच्छेद चारमा उनका निबन्धहरूको गहन तथा सूक्ष्म अध्ययन र विश्लेषण, परिच्छेद पाँचमा समष्टिगत रूपमा निष्कर्षलाई देखाइएको छ ।

**सम्भावित शोधशीर्षकहरू**

(क) निबन्धकार भद्रकुमारी घलेको निबन्धको कृतिपरक अध्ययन

(ख) निबन्धकार भद्रकुमारी घलेको निबन्धमा प्रयुक्त विषयवस्तुको सर्वेक्षण

(ग) निबन्धकर भद्रकुमारी घलेको निबन्धमा प्रयुक्त भाषाशैलीको अध्ययन

(घ) निबन्धकार भद्रकुमारी घलेको निबन्धमा रहेका वैचारिक पक्षको अध्ययन

# सन्दर्भग्रन्थ सूची


आत्रेय, विष्णुराज, **'नेपाल र आजको स्थिति'** काठमाडौंः लेखक स्वयम्, २०६६ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, छैटौं संस्करण, काठमाडौंः रत्नपुस्तक भण्डार, २०५९ ।

उप्रेती, लक्ष्मी, **'समय दृष्टि'** , **निबन्ध सङ्ग्रहको भूमिका लेखन**, काठमाडौंः भद्रकुमारी घले सेवासदन, २०५९ ।

उप्रेती लक्ष्मी र यादव भट्टराई, (सम्पा) **सेवा र सिर्जनाका परिधिमा भद्रकुमारी घले**, विराटनगरः वनिता प्रकाशन, २०६२ ।

कोइराला, अन्जु, **आनन्ददेव भट्टको निबन्धकारिताको अध्ययन**, अप्रकाशित, स्नातकोत्तर तह शोधपत्र, त्रि.वि.केन्द्रीय क्याम्पस, नेपाली विभाग, २०६५ ।

भद्रकुमारी घले, **राष्ट्रिय चिन्तन**, श्रीमती भक्तकुमारी घले, जनकपुर : २०४५ ।

.................., समयदृष्टि, लेखक स्वयम्, काठमाडौं : २०५९ ।

................., **सृष्टिका धरोहर नारी**, लेखक स्वयम्, काठमाडौं : २०६१ ।

................., **आइमाई हिजोआज भोलि,** भद्र घले सेवा समाज, काठमाडौं : २०६२ ।

................., **राष्ट्र र राष्ट्रियता**, भद्र घले सेवा समाज, काठमाडौं : २०६६ ।

................., **आजको मेरो मन**, भद्र घले सेवा समाज, काठमाडौं : २०६६ ।

................., **जीवन र समाज सेवा**, भद्र घले सेवा समाज, काठमाडौं : २०६६ ।

................., **मेरो जीवन यात्रा**, भद्र घले सेवा समाज, काठमाडौं : २०६६ ।

................., **राष्ट्रिय सम्पदा**, भद्र घले सेवा समाज, काठमाडौं : २०६६ ।

................., **नेपाल र आजको स्थिति**, भद्र घले सेवा समाज, काठमाडौं : २०६६ ।

................., **अहिलेको परिस्थिति**, भद्र घले सेवा समाज, काठमाडौं : २०६७ ।

………………, **आजको माहोल**, भद्र घले सेवा समाज, काठमाडौँ : २०६८ ।

………………, **मान्छे मान्छे बनौं**, भद्र घले सेवा समाज, काठमाडौँ : २०६८ ।

………………, **घलेको इतिहास**, भद्र घले सेवा समाज, काठमाडौँ : २०६८ ।

………………, **चरम सीमामा**, भद्र घले सेवा समाज, काठमाडौँ : २०६९ ।

घिमिरे, माधवप्रसाद, **'उपहार' कविता सङ्ग्रहको भूमिका**, जनकपुरः भक्तकुमारी घलेले, २०४५ ।

थापा, हिमांशु, **साहित्य परिचय**, दोस्रो संस्करण, काठमाडौँः साझा प्रकाशन, २०३० ।

दीक्षित, मदनमणि, **'मेरो आखाँमा म'** , **निबन्ध सङ्ग्रहको भूमिका**, काठमाडौँः भद्रकुमारी घले सेवासदन, २०६५ ।

प्रधान, हृदयचन्द्रसिंह, **राष्ट्रिय चिन्तन निबन्ध सङ्ग्रहको भूमिका**, काठमाडौँः लेखिका स्वयम्, २०४५ ।

बराल, ईश्वर (सम्पा.), **सयपत्री**, तेस्रो संस्करण, काठमाडौँः साझा प्रकाशन, २०३० ।

भट्टराई, घटराज, **नेपाली लेखककोश,** काठमाडौँः नेपालराजकीय प्रज्ञाप्रतिष्ठान, २०५६ ।

………………, **'नेपाली साहित्यकार परिचय कोश'** लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५१ ।

भेटुवाल, दीपक, **शिखरमा भद्रकुमारी घले**, काठमाडौँः सूचक समूह नेपाल, २०६९ ।

मल्ल, देबु, **आमा महात्य काव्यको अध्ययन**, काठमाडौँः भद्र घले सेवा सदन, २०६८ ।

रामदयाल, राकेश, **आइमाई, हिजो, आज, भोली निबन्ध सङ्ग्रहको भूमिका**, काठमाडौँः लेखक स्वयम्, २०६२ ।

रेग्मी, दीनदयाल, **रामचन्द्र गौतमका निबन्धकारिताको अध्ययन**, अप्रकाशित, स्नातकोत्तर तह शोधपत्र, त्रि.वि. केन्द्रीय क्याम्पस, नेपाली विभाग, २०६२ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय**, चौथो संस्करण, काठमाडौँः रत्नपुस्तक भण्डार, २०४६ ।

बेलवासे, ठाकुर, **'मेरो जीवन यात्रा' , निबन्ध सङ्ग्रहको भूमिका लेखन**, काठमाडौँः सुश्री भद्रकुमारी सेवासदन, २०६६ ।

सापकोटा, सीता **सुश्री भद्रकुमारी घलेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि. पद्मकन्या बहुमुखी क्यम्पस, नेपाली विभाग, २०५४ ।

सिटौला, तोमप्रसाद, **मोहन सिटौलाको निबन्धकारितको अध्ययन,** अप्रकाशित, स्नातकोत्तरतह शोधपत्र, त्रि.वि.केन्द्रीय क्यम्पस, नेपाली विभाग, २०६५ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टिःद्रष्टा दृष्टि**, द्वितीय संस्करण, काठमाडौँः साझा प्रकाशन २०४९ ।